# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

» मंगलबार साउन १५, २०७५ » Tuesday, July 31, 2018 » www.newsofnepal.com » नेसं ११३८ दिल्लागा ३ » वर्ष २४, अंक २०२ » पृष्ठ १२ » मूल्य रु १०/–


# संकटमा कामु प्रधानन्यायाधीश

## जोशी चार दिनदेखि इजलासबाहिर

प्रशान्त वली, काठमाडौं

प्रस्तावित प्रधानन्यायाधीश दीपकराज जोशी चार दिनदेखि इजलास बस्न पाउनुभएको छैन। सर्वोच्च अदालत स्रोतका अनुसार दशवटा इजलासबाट विभिन्न मुद्दा सुनुवाइ हुने भए पनि जोशी उपस्थित हुनुपर्ने इजलास गत बिहीबार, शुक्रबार, आइतबार र सोमबार बस्न सकेन।

उहाँका विरुद्ध गम्भीर खालका पाँचवटा उजुरी परेपछि प्रधानन्यायाधीश पद नै संकटमा परेको छ। सर्वोच्च स्रोत भन्छ- 'संसदीय सुनुवाइ समितिमा प्रस्तावित प्रधानन्यायाधीश जोशीले चित्त बुझ्दो जवाफ नदिएकाले र शैक्षिक प्रमाणपत्रमा समेत विवाद देखिएकाले उहाँको पद नै संकटमा परेको हो।'

समिति सदस्यहरूले पर्याप्त छलफलका लागि बैठक स्थगित भएको बताउँदै आएका छन्। जोशीको अनुमोदन गर्ने नगर्ने निर्णय गर्न भोलि बुधबार साढे तीन बजे संसदीय सुनुवाइ समितिको बैठक डाकिएको छ।

गत बिहीबार प्रस्तावित प्रधानन्यायाधीश जोशीले संसदीय सुनुवाइ समितिका सदस्यहरूले प्रश्न सोधेका थिए।

**उहाँले सुनुवाइका क्रममा सटिक र भरपर्दो जबाफ दिनुभएन। त्यसैले उहाँ प्रधानन्यायाधीशमा अनुमोदन नहुने निश्चितजस्तै छ : पार्वत गुरुङ**

पुँजीगत लाभकर विवादमा एनसेललाई फाइदा पुग्ने गरी लाभांश लैजान दिन अन्तरिम आदेश दिएको सम्बन्धमा सोधिएको प्रश्नको जवाफमा जोशीले सो मुद्दा अदालतमा विधाराधीन भएकाले केही बोल्न नमिल्ने बताउनुभएको थियो। यस्तै न्यायपालिकामा भ्रष्टाचार भएको सम्बन्धमा सांसदहरूद्वारा सोधिएको प्रश्नमा उहाँले कसैले भ्रष्टाचार गरे कारबाही गरिने जबाफ दिनुभएको थियो।

सुनुवाइका क्रममा जोशीले समिति सदस्यहरूलाई साथी भनेर सम्बोधन गर्दै स्पष्ट जबाफ नदिएपछि उहाँको सुनुवाइबारे अनुमोदन गर्न बसेको बैठक चारपटक स्थगित भइसकेको छ।

समिति सदस्य निरुदेवी पालले जोशीले चित्तबुझ्दो जबाफ नदिएपछि उहाँबारे के गर्ने भन्ने विषयमा निर्णय हुन नसकेको बताउनुभयो। उहाँले भन्नुभयो- 'उहाँले हामीलाई विश्वसनीय जवाफ दिनुभएको छैन। त्यही भएर यस्तो महत्त्वपूर्ण विषय र पदमा निर्णय गर्न समस्या परेको हो।'

नेकपाका शीर्षस्थ नेताहरूले जोशीलाई प्रधानन्यायाधीशमा अनुमोदन नगर्न निर्देशन दिएका छन्।

(क्रमशः पृष्ठ ९ मा)

### अब प्रधानन्यायाधीश को ?

काठमाडौं, (नेस)



सर्वोच्च अदालतका कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशी विवादित बनेकाले उहाँ प्रधानन्यायाधीश नबनेमा सो पदमा ओमप्रकाश मिश्र आउने सम्भावना बढी देखिएको छ।

न्यायपरिषद्ले जोशीसहित मिश्र र चोलेन्द्र शमशेर जबरालाई संवैधानिक परिषद्मा सिफारिस गरेको थियो। जबरा वरीयताको आधारमा तेस्रो नम्बरमा पर्नुहुन्छ। मिश्र २०७१ जेठ १३ देखि सर्वोच्चको न्यायाधीशमा नियुक्त हुनुभएको थियो। मिश्रले प्रधानन्यायाधीश भए उमेर हदका कारण आगामी पुससम्म जिम्मेवारी सम्हाल्नुहुनेछ। उहाँ तत्कालीन सुशील कोइरालाको नेतृत्वको सरकारका पालामा सर्वोच्चमा न्यायाधीश नियुक्त हुनुभएको थियो।

### कर्मचारी समायोजन

# स्थानीय तहलाई पहिलो प्राथमिकता

सुनील महर्जन, काठमाडौं

सरकारले स्थानीय तहमा कर्मचारीको पदपूर्ति गर्ने हिसाबले समायोजनको प्रक्रिया अघि बढाएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संघ, प्रदेश र स्थानीय तहमध्ये स्थानीय तहलाई प्राथमिकतामा राखेर समायोजन प्रक्रिया अघि बढाएको प्रवक्ता सुरेश अधिकारीले बताउनुभयो। मन्त्रालयले आइतबार ८० शाखा अधिकृतलाई स्थानीय तहमा खटाएको छ।

प्रवक्ता अधिकारीका अनुसार भर्खरै नियुक्त ८० शाखा अधिकृतलाई रिक्त स्थानीय तहमा पठाइएको छ। अझै करिब सय शाखा अधिकृत स्थानीय तहका लागि अपुग छन्। दैनिकजसो कर्मचारीलाई स्थानीय तहमा पठाइने पनि मन्त्रालयले जनाएको छ। यसअघि मन्त्रालयले केन्द्रबाट ४ सय ६१ जना कर्मचारी स्थानीय तहमा खटाएको थियो।

जनताको सबैभन्दा नजिक रहेर काम गर्ने स्थानीय तहमा कर्मचारीको अभावले स्वीकृत कार्यक्रम समेत गर्न नसकेको पाइएको छ। सरकारले बजेट र कार्यक्रम दियो, तर दक्ष कर्मचारी दिएन। सातवटै प्रदेशका स्थानीय तहको स्थलगत अध्ययनको अनुभव सुनाउँदै धुलिखेल नगरपालिकाका प्रमुखसमेत रहनुभएका नेपाल नगरपालिका संघका संयोजक अशोक ब्याञ्जुले भन्नुभयो।

ब्याञ्जुले नयाँ गठन भएका नगरपालिकाहरूले कर्मचारीहरूको अभाव, भौतिक संरचनाको अभावको समस्याका कारण काम नै गर्न नसकेको हुँदा स्थानीय तहमा भद्रगोलको अवस्था रहेको बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# सडक अवरुद्ध गरे ३ वर्षसम्म कैद

गंगा बराल, काठमाडौं

सामान्य घरझगडा हुँदा पनि सडक बन्द गर्ने र यात्रुलाई दुःख दिने पुरानै चलन हो, तर अब भदौ १ गतेबाट भने यस्तो गर्ने वा गराउनेलाई ३ वर्ष कैद वा ३० हजार रुपियाँसम्म जरिवाना हुने भएको छ।

भदौबाट लागू हुने मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ६७ मा यससम्बन्धी व्यवस्था गरिएको छ। 'सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्न नहुने' भन्दै 'कसैले सार्वजनिक सडक, बाटोघाटो, रज्जुमार्ग, केबुलकार मार्ग, विमानस्थल, रेल्वे वा जलपरिवहन मार्ग वा हुलाक र कुनै सार्वजनिक सेवाको सञ्चालनमा कुनै किसिमको डर, त्रास, भय देखाई बन्द गर्न निषेध गरिएको' छ।

सो ऐनमा भनिएको छ- 'कुनै किसिमबाट सार्वजनिक सडक, बाटोघाटो, रज्जुमार्ग, केबलकार मार्ग, विमानस्थल, रेल्वे वा जलपरिवहन मार्ग अवरुद्ध गरी पैदल यात्री, सवारी साधन वा पशुको आगमनलाई बाधा पुऱ्याउन वा कानुनबमोजिम अधिकार प्राप्त अधिकारीको आदेशले बाहेक सार्वजनिक ठाउँमा कसैलाई प्रवेश गर्न कुनै किसिमले बाधा, अवरोध गर्नु हुँदैन।'

दफा ६८ मा कसैले सार्वजनिक विद्युत् वा दूरसञ्चार वा त्यस्तै प्रकृतिका अन्य सार्वजनिक सेवा वा कानुनबमोजिमको सार्वजनिक सेवा सञ्चालनमा कुनै किसिमको डर, त्रास, देखाई बन्द गर्ने वा कुनै किसिमले अवरुद्ध गरे पनि ३ वर्ष कैद वा ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ। दफा ६९ मा कफ्र्यु उल्लंघन गर्न नहुने व्यवस्था छ। यसरी कफ्र्यु उल्लंघन गरे १ वर्षसम्म कैद वा १० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ।

**कसैले सार्वजनिक सडक, बाटोघाटो, रज्जुमार्ग, केबुलकार मार्ग, विमानस्थल, रेल्वे वा जलपरिवहन मार्ग वा हुलाक र कुनै सार्वजनिक सेवाको सञ्चालनमा कुनै किसिमको डर, त्रास, भय देखाई बन्द गर्न निषेध गरिएको छ।**

सोही ऐनको दफा २३३ मा 'बदनियत चिताई इलाज गर्न नहुने' व्यवस्था गरिएको छ। 'कसैले कसैको ज्यान मार्ने वा अंगभंग गर्ने नियतले उपचार गर्न, एक किसिमको इलाज गर्नुपर्नेमा अर्को किसिमको इलाज गर्न वा कुनै औषधि खुवाउँदा वा खान सिफारिस गर्दा कसैको ज्यान मर्न वा अंगभंग हुन सक्छ भन्ने जानीजानी वा सो थाहा पाउनुपर्ने मानसिव कारण भई त्यस्तो औषधी खुवाउन वा खान सिफारिस गर्न वा चिरफार गर्न वा मानव शरीरको कुनै एक अंगको चिरफार गर्नुपर्नेमा अर्को अंग चिरफार गर्न वा त्यस्तो अंग बेकम्मा बनाउन वा शरीरबाट त्यसलाई अलग गर्ने काम गर्न वा गराउन नहुने कुरा उल्लेख गरिएको छ।

यस्तो कसुर गरेर कसैको ज्यान गएमा ज्यान मारेसरह र कसैको अंगभंग भएमा अंगभंग गराएसरह कारबाही हुने उल्लेख छ। मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ६५ मा 'फरार रहेको व्यक्तिको सम्बन्धमा विशेष व्यवस्था' गरिएको छ।

(क्रमशः पृष्ठ ९ मा)

### खाली हुँदै निर्मल निवास

# थाइल्यान्ड जाँदै पूर्वराजा ज्ञानेन्द्र

ईश्वरराज ढकाल, काठमाडौं

पूर्वराजा ज्ञानेन्द्र शाह थाइल्यान्ड जाने हुनुभएको छ। कान्छी नातिनी कृतिकाको उच्च शिक्षा अध्ययनका लागि कलेज भर्ना गराउन उहाँ थाइल्यान्ड जान लाग्नुभएको हो। उहाँ जेठी नातिनी पूर्णिका र कृतिकालाई लिएर भोलि १६ गते बुधबार थाइल्यान्ड जान लाग्नुभएको हो। उहाँको साथमा पूर्वरानी कोमल, निजी सचिव सागर तिमल्सिना, शाही अर्दली हस्तबहादुर मल्ल र सशस्त्रका निजी सुरक्षाकर्मी डीएसपी शिव राउत थाइल्यान्ड जान लाग्नुभएको हो।



दुई वर्षअघि थाइल्यान्डमा उच्च शिक्षा अध्ययन गर्न पुग्नुभएकी जेठी नातिनी पूर्णिकासँगै कान्छी नातिनी कृतिकाले पढ्ने इच्छा गरेपछि कान्छी नातिनीलाई भर्ना गराउन ज्ञानेन्द्र परिवार थाइल्यान्ड जान लाग्नुभएको हो। रविभवनस्थित लिंकन स्कुलमा माध्यमिक शिक्षा सक्नुभएकी कृतिकाले दिदी पूर्णिकासँगै उच्च शिक्षा अध्ययन गर्न चाहेकाले पूर्वराजा ज्ञानेन्द्रले दुवैलाई एउटै कलेजमा भर्ना गराउन लाग्नुभएको हो।

अध्ययनको बन्दोबस्ती मिलाउन पूर्वयुवराज्ञी हिमानी निजी सचिव स्मिता सिंहसँगै थाइल्यान्ड पुगिसक्नुभएको छ। हिमानी पुत्र हृदयेन्द्रलाई लिएर एक साताअघि थाइल्यान्ड पुग्नुभएको हो। ज्ञानेन्द्रको सपरिवार थाइल्यान्ड गए पनि पूर्वयुवराज पारस नेपालमै बस्ने हुनुभएको छ। पछिल्लो समय धर्मकर्ममा लागेका पारस साउनभर विभिन्न शिवमन्दिर दर्शन गर्न व्यस्त देखिनुभएको छ। पारस दर्शनका लागि खप्तड जाने तयारीमा रहनुभएको छ। पारसबाहेकका सपरिवार थाइल्यान्ड जाने भएपछि केही समय निर्मल निवास खाली हुने भएको छ।

पूर्वराजा ज्ञानेन्द्र भदौ २ गते नेपाल फर्कने गरी थाइल्यान्ड जान लाग्नुभएको निर्मल निवास स्रोतले जनाएको छ। भदौ ४ गते आमा रत्नको जन्मोत्सव मनाउने गरी ज्ञानेन्द्र, कोमल र हिमानी नेपाल फर्कन लाग्नुभएको हो। नेपाल फर्केको केही दिनपछि पूर्वराजा ज्ञानेन्द्रको पुनः विदेश यात्रा तय हुने भएको छ। नितान्त व्यक्तिगत भ्रमणमा थाइल्यान्ड जान लाग्नुभएका पूर्वराजाको केही राजनीतिक भेटघाट हुन सक्ने सम्भावना रहेको छ।

नेपालबाट अन्य देशको भ्रमण जाँदा विभिन्न राजनीतिक शंका उब्जने भएकाले अधिकांश समय पूर्वराजा थाइल्यान्ड हुँदै भारतलगायत अन्य मुलुक भ्रमण गर्न थाल्नुभएको छ। थाइल्यान्डमा पूर्वराजाको परिवार फ्ल्याटमा बस्ने हुनुभएको छ।

उता १६ वर्ष लागेका पारस पुत्र हृदयेन्द्रको जन्मोत्सव थाइल्यान्डमै मनाइएको छ। हृदयेन्द्र हिजो सोमबारदेखि १६ वर्ष लाग्नुभएको छ। पछिल्लो समय नेपालका विभिन्न स्थानमा भ्रमण गरी नेपाली जनताको मन जित्ने कोसिस गरिरहनुभएका पूर्वराजाको अबको भ्रमण विदेशको हुने भएको छ। पछिल्लो समय देश दौडाहामा लागेका ज्ञानेन्द्रले आफू निकटका दललाई एकीकृत बनाउन पछिल्लो समय भारतको साथ लिएर अघि बढ्ने तयारी गरिरहनुभएको छ।




# महानगर

स्वास्थ्य मन्त्रालयले कन्डम बाँड्ने काम गर्छ र एचआईभीलाई शून्यमा पुऱ्याउनुपर्छ भन्छ। देशव्यापी अभियानकै रूपमा ठूला-ठूला गाडीमा सयर गर्नेदेखि झोला भिरेर हिंड्नेसम्मले कन्डम बोकेर हिंड्छौं। अर्कातिर राज्यकै जिम्मेवार निकाय गृह मन्त्रालयअन्तर्गत कार्यरत प्रहरी प्रशासनले त्यही कन्डम बोकेको आधारमा समातेर थुन्छ। के कन्डम बोकेर हिंड्नै नहुने हो त ? यो सरकारको कमजोरीको पराकाष्टा नै हो।

## स्वास्थ्य मन्त्रालयले कन्डम बाँड्ने गृह मन्त्रालयले अपराधी ठान्ने ?

# पुरुषकै कारण यौनकर्मी बन्दा सजाय किन महिलालाई मात्र ?



भगवती तिमल्सिना
bgtimilsina@yanoo.com

नेपाल एउटा सानो देश हो। यो थोरै मात्रामा शहरी एरिया रहेको गाउँ नै गाउँले घेरिएको, प्राकृतिकरूपमा अत्यन्तै सुन्दर र सभ्य मुलुकका रूपमा छाप छोड्न सफल मुलुक हो। विगतमा राणाकालीन, मल्लकालीन, शाहवंशीय राज्यका रूपमा फरक-फरक समयमा फरक-फरक पहिचान दिँदै आएको यो मुलुक यतिबेला लोकतान्त्रिक मुलुकका रूपमा परिचित छ। यो देशमा समयसँगै देखा परेका राजनैतिक परिवर्तनसँगै सामाजिकरूपमा पनि उत्तिकै परिवर्तनीय हुँदै गएको छ।

विगतमा महिला भनेको घरभित्रै चुलो चौकोमा सीमित हुनुपर्ने जातका रूपमा लिइन्थ्यो भने अहिले देश विकास र निमार्णका क्रममा आधा हिस्सा ओगटेका महिलाको भूमिका पनि सबै क्षेत्रमा बराबरी हुनुपर्ने विषयमा कानुनीरूपमै व्यवास्था हुँदै आएको छ।

यसका साथै हिजो लुकी छिपी एक/दुई महिलाले अपनाउन बाध्य यौनको पेसा अहिले स्वैच्छिक पेसा र कानुनीरूपमै मान्यता पाउनुपर्नेसम्मका आवाज सार्वजनिक भइरहेका छन्। यतिमात्र नभई यौनकर्मी महिलाको समूह नै विस्तार भई उनै महिलाको आवाजलाई बुलन्द बनाउन जागृति महिला महासंघ नामक गैरसरकारी संस्था नै गठन भएको छ। यो संस्था हाल नेपालका १२ जिल्लामा सञ्चालनमा आएको र २ सय ५२ जना सदस्य नै बनिसकेको संस्थाका पूर्वअध्यक्ष विजया ढकाल बताउँछिन्।

विगतमा यौनका कुरा गर्नु सामाजिक र कानुनीरूपमा नै अपराधसरह मानिँदै आएको विषयमाथि अहिले खुलेर बहस हुनुका साथै कानुनीरूपमै यौनकर्मीले पेसागत मान्यता पाउनुपर्ने माग लिएर राज्यसामु खडा भइसकेका छन्। विगतमा पनि अघोषितरूपमा ठूलाबडाले महिला हिंसा र यौन हिंसा गर्दै नआएका होइनन्। तर त्यतिबेला हिंसापीडित महिलाको आवाज बुलन्द हुन सकेको थिएन। पछिल्लो समय विभिन्न संघसंस्था, महिला अधिकारकर्मी, मानवअधिकार, कानुनी परिमार्जनले गर्दा यौन हिंसाको शिकार भएर बाच्न बाध्य समुदाय फरक-फरक ढंगबाट आफ्ना आवाज बुलन्द पार्न सफल भएका छन्।

हिजोका दिनमा हिंसामा मात्र पिल्सिएका महिला आज स्वास्थ्यका विषयमा समेत जागरुक भइसकेका र यौनजन्य क्रियाकलापका कारण सर्ने एचआईभी एड्सबाट आफू कसरी बच्ने भन्ने बारेमा समेत उत्तिकै सचेत बनेका छन्।

यसै विषयलाई बुलन्द पार्दै महिला जागृति महासंघकी पूर्वअध्यक्ष ढकाल भन्छिन्- 'कहाँ छ मानवअधिकार? यौनकर्मी महिलालाई मानवअधिकारले छोएकै हुँदैन। यौनकर्मी महिलामाथि समाजका अगुवा भन्नेले हेर्ने दृष्टिकोण नै दानवजस्तो छ। समाजले नै कतिपय महिलालाई यौनजन्य पेसामा लाग्न बाध्य बनाउँछ, उसलाई समाजमा विकृति फैलाउने नराम्रो मान्छेका रूपमा अपमान गरिन्छ र कुदृष्टिले हेरिन्छ। उसलाई मानवको दृष्टिले हेरिँदैन। यिनै कारणले गर्दा यौनकर्मी महिलाका पक्षमा वकालत गर्नकै लागि जागृति महिला महासंघको स्थापना गरिएको हो र यसले यस्ता पेसामा लाग्ने महिलालाई खुलेर म यौनकर्मी महिला हो भनी समाजका अगाडि परिचय दिन सक्ने बनाएको छ। तर राष्ट्रसामु यो पेसालाई अधिकारका रूपमा स्थापित गरिदिनुपऱ्यो भनेर हिँडेका छैनौं। हाम्रो खोजी भनेको यौनकर्मी महिलाले के गलत गरेका छन् ? के यौनकर्मी महिला अपराधी हुन् ? हामी अपराधी हौं ? हामी अपराधी हैनौं हामीले ड्रग बेचेका छैनौं, ज्यान मार्ने काम गरेका छैनौं, अपराधको कठ्घरामा हामीलाई नराख मात्र यति भनेका छौं।'

यता स्वास्थ्य मन्त्रालयले कन्डम बाँड्ने काम गर्छ र एचआईभीलाई शून्यमा पुऱ्याउनुपर्छ भन्छ। देशव्यापी अभियानकै रूपमा ठूला-ठूला गाडीमा सयर गर्नेदेखि झोला भिरेर हिँड्नेसम्मले कन्डम बोकेर हिँड्छौं। अर्कातिर राज्यकै जिम्मेवार निकाय गृह मन्त्रालयअन्तर्गत कार्यरत प्रहरी प्रशासनले त्यही कन्डम बोकेको आधारमा समातेर थुन्छ। 'के कन्डम बोकेर हिँड्नै नहुने हो त ? यो सरकारको कमजोरीको पराकाष्टा नै हो। गर्भनिरोधक अस्थायी साधनका रूपमा सरकारले मान्यता दिएको कन्डम बोक्नु अपराध हो भने सरकारले किन यसलाई विज्ञापन गरिरहेको छ ? हरेक दिन रेडियो, टेलिभिजनमा सुनिन्छ कन्डम लगाऊँ एचआईभी एड्स भगाऊँ ? यो के मजाक गरेको हो ?' -ढकालले सरकारप्रति आक्रोश व्यक्त गर्छिन्।

सरकारले वास्तवमै एचआईभीलाई शून्यमा पुऱ्याउने र जन्मान्तरलाई प्राथमिकतामा राखेको हो भने यौनकर्मी महिला पनि जोखिममा छन् र उनीहरूलाई पनि समेटेर एकआपसमा समन्वयात्मक भूमिका खेल्दै अघि बढ्नुपर्छ भन्नेतर्फ सोच्नुपर्छ। राज्यले मानवीयरूपमा सबै मानिसलाई हेरोस् र यौनकर्मी महिला पनि यही देश र समाजका नागरिक हुन् भन्ने कुरा नबिर्सियोस्। समस्यालाई सम्बोधन गर्दै अघि बढ्नुपर्छ। होटल रेस्टुरेन्टमा यतिजना महिला कन्डमसहित समातिए, आपत्तिजनक अवस्थामा समातिए भनिरहँदा त्यहाँ जाने पुरुष को थिए भन्ने किन सार्वजनिक गरिन्न ? किन महिलालाई मात्र सार्वजनिक गरिन्छ ?

यौनजन्य कार्यमा महिलामात्र हैन पुरुष नै पहिला जान्छन र महिलालाई बाध्य पार्छन्। अझ भन्ने नै हो भने तिनै प्रहरी पहिला यौनको प्यास मेटाउन यौनकर्मी महिलाको खोजी गर्दै पुग्छन् र आफ्नो काम सकेपछि महिलालाई विभिन्न लान्छना लगाएर कन्डमसहित पक्राउ गरेको भनेर बदनाम गर्छन् भन्दै ढकालले आरोप लगाइन्। ढकालले केही समयअघि बालाजुको एउटा रेस्टुरेन्टमा पक्राउ परेका महिला यौनकर्मी प्रहरीकै ग्राहक बने र पछि पक्राउ परे। चौकीमा पुग्दा महिलाले कन्डम बोकेर बसेको अवस्थामा फेला पारेको रिपोर्ट प्रहरीले बनायो। खोइ त प्रहरी नै ग्राहक बनेर गएको थियो भन्न सकेको ? रिपोर्टमा उल्लेख भएजस्तो कन्डम बोकेकै आधारमा प्रहरीले महिलालाई अपराधीलाई जसरी थुनामा राख्न मिल्छ ? कुन निकायमा गएर हामीले बोल्ने ? हामी कहाँ जाने? जस्ता गम्भीर प्रश्न उठाउँदै सार्वजनिक कार्यक्रममा ढकालले सरकारलाई लक्षित गर्दै यस्ता प्रश्न अघि सारेकी हुन्।

उनले एचआईभी संक्रमितले म एचआईभी संक्रमित हो भनेर खुल्न नसकेको अवस्थामा यौनकर्मी महिलाले म यौनकर्मी हो भनेर कसरी खुल्न सक्छन् ? जस्ता अनगिन्ती प्रश्नको ओइरो लगाउँदै सरकारको भूमिका नै एकआपसमा बाझिएको छ भन्ने कुरालाई उनले उजागर गर्न खोजेकी थिइन्। नेपाल परिवार नियोजन संघले विश्व जनसंख्या दिवस मनाउन आयोजना गरेको एक कार्यक्रममा ढकालले बोलिरहँदा नेपाल सरकारका प्रहरी, स्वास्थ्य राज्यमन्त्री पद्मा अर्याल, चिकित्सक, समाजसेवी साथै नागरिक समाजका अगुवा पनि सोही पंक्तिमा रहेका थिए।

एउटा छोरा मान्छेले आफ्नो घरपरिवार र श्रीमतीलाई झुक्याएर क्षणिकका लागि एउटा महिलामाथि लगानी गर्छ। तर ऊ सजायको भागिदार कहिल्यै हुँदैन तर ती महिला किन यौनकर्मी भइन् भनेर सोध्दैन ? यसको प्रमुख दोषी महिला नभएर पुरुष हो। तर दोष किन महिलालाई मात्र लगाइन्छ ? उनले यस्ता खाले सयौं प्रश्न ओइऱ्याएर यौनकर्मी महिलाले समाजको चुनौतीका कारण उपचारसमेत अर्को थलोमा गएर गर्नुपर्ने बाध्यता रहेको समेत औंल्याइन्।

> राष्ट्रसामु यो पेसालाई अधिकारका रुपमा स्थापित गरिदिनुपऱ्यो भनेर हिंडेका छैनौं। हाम्रो खोजी भनेको यौनकर्मी महिलाले के गलत गरेका छन् ? के यौनकर्मी महिला अपराधी हुन् ? हामी अपराधी हौं ? हामी अपराधी हैनौं हामीले ड्रग बेचेका छैनौं, ज्यान मार्ने काम गरेका छैनौं, अपराधको कठ्घरामा हामीलाई नराख मात्र यति भनेका छौं।

# रक्तसञ्चार सेवाको ५२औं वर्ष

मानव सेवा नै धर्म हो। रक्तदान जीवन दान, एक थोपा रगको महत्त्व कति हुन्छ भन्ने सन्देश बोकेर नेपालमा रक्तसञ्चार सेवाको शुरूआत भएको ५२ वर्ष पूरा भएको अवसरमा विविध कार्यक्रमको आयोजना गरी नेपाल रेडक्रस सोसाइटीले सहयोग र सदभावको सामाजिकरूपमै खुलेर प्रशंसा गर्दै ५२औं वर्ष मनाएको छ।

आर्थिक वर्ष २०७४/०७५ मा २ लाख ६२ हजार ४ सय ३९ युनिट रगत संकलन गरिएको र ३ लाख ४४ हजार ९ सय ३३ युनिट रगत तथा रक्ततत्त्व बिरामीलाई उपलब्ध गराइएको छ। २०२३ साल साउन १२ गते नेपाल रेडक्रस रक्त सञ्चार सेवा केन्द्र सञ्चालन हुँदाको वर्ष जम्मा १ सय ५७ युनिट रगत संकलन गरिएको थियो। नेपालमा रक्तसञ्चार सेवाको ५२औं स्थापनाको दिनमा पुल्चोकमा आयोजित मूल कार्यक्रममा उक्त जानकारी दिइएको हो।

संकलित करिब एक चौथाइ रगत काठमाडौं उपत्यकामा नै वितरण हुने गर्दछ।

केन्द्रीय रक्तसञ्चार व्यवस्थापन समितिका सभापति डा. युवराज शर्माको अध्यक्षतामा सञ्चालित कार्यक्रममा प्रमुख वक्ताका रूपमा नेरेसोका अध्यक्ष सञ्जीव थापाले भन्नुभयो- 'अहिले नेपालका ७३ जिल्लाका १ सय ८ स्थानमा रक्त सञ्चार सेवा केन्द्र तथा एकाइको स्थापना भएको छ। सेवा तथा उत्पादनको उच्च गुणस्तर कायम राख्न नेपाल रेडक्रस सोसाइटी प्रयत्नशील छ।' उहाँले लागतको आधारमा रगत उपभोक्ताले शुल्क तिर्नुपरेको वर्तमान अवस्थामा नेरेसोले आफ्नो कोषबाट रक्तसञ्चार सेवाको लागि वार्षिक डेढ करोड अतिरिक्त खर्च बेहोर्नुपरेको अवस्था बताँउदै सरकारको सहयोग बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

नेपाल सरकार स्वास्थ्य मन्त्रालय, जनस्वास्थ्य प्रयोगशालाका प्रमुख हरिश्चन्द्र उप्रेतीले विगत ५२ वर्षदेखि नेपाल रेडक्रसले रक्तसञ्चारमार्फत जीवन जोगाउने सराहनीय काम गरेको उल्लेख गर्दै रक्तसञ्चार सेवालाई थप व्यवस्थित बनाउन सरकारका तर्फबाट पूरा सहयोग हुने जानकारी गराउनुभयो।

कार्यक्रममा प्रदेशसभा सदस्य नरोत्तम वैद्य, आईसीआरसीका प्रमेश पौडेल, आईएफसीका जुजा किम, नेरेसोका उपाध्यक्ष अजितकुमार शर्मा, महामन्त्री देवरत्न धाख्वा, उपमहामन्त्री हरिप्रसाद न्यौपाने, ब्लोदानका कार्यवाहक अध्यक्ष रमेशध्वज बस्नेतले मन्तव्य व्यक्त गर्नुभएको थियो।

काठमाडौंमा केन्द्रीय रक्तसञ्चार सेवाको अतिरिक्त विराटनगर, पोखरा, नेपालगन्ज, कैलाली र चितवन गरी ५ स्थानमा क्षेत्रीय रक्त सञ्चार सेवा सञ्चालन भइरहेको जानकारी नेरेसोका सञ्चार अधिकृत दिव्यराज पौडेलले दिनुभयो। पौडेलले भन्नुभयो- '२२ जिल्लामा जिल्लास्तरीय, ४७ जिल्लामा आकस्मिक रक्त सञ्चार सेवा र ३८ वटा अस्पतालमा रक्त सञ्चार सेवा एकाइको स्थापना गरी रक्त सञ्चार सेवा प्रदान गरिएको छ।'




### सम्मान तथा पुरस्कार वितरण

रक्तदाता उत्प्रेरणा तथा रक्तसंकलन कार्यमा सक्रिय हुने संघसंस्थालाई सो अवसरमा सम्मान गरिएको छ। सम्मानित हुनेमा नियमित साप्ताहिक रक्तसंकलन गर्ने पशुपति मारवाडी सेवासंघ, गणेशमान सिंह अध्ययन प्रतिष्ठान, लायन्स क्लब अफ चाबहिल तथा रेडक्रसका चाबहिल उपशाखा रहेका छन्। त्यस्तै वर्षभरिधेरैपटक रक्तदान आयोजना गर्ने तथा धेरै युनिट रक्तसंकलन गर्ने ब्लड डोनर्स एसोसिएसन अफ नेपाल, स्वयंसेवी रक्तदाता समाज, फ्रेन्डस अफ आरएच नेगेटिभ, लायन्स क्लब अफ लालीगुराँस, दीर्घायु अस्पताल, नेपाल रेडक्रस सोसइटी महाबौद्ध उपशाखा, चाबहिल उपशाखा, गणबहाल उपशाखा, बहमटोल उपशाखा, फ्रेन्ड्स क्लब अफ बलम्बु, सत्यसाई सेवा संगठन, लायन्स क्लब, ट्रिनिटी कलेज, हेड्स नेपाललगायत छन्।

### स्वैच्छिक र अवैतनिक रक्तदान

रक्त संकलन स्वैच्छिक र अवैतनिक रक्तदानमा आधारित बनाइएको रेडक्रसका रक्तसञ्चार प्रमुख डा. मनिता राजकर्णिकारले प्रतिवेदन प्रस्तुत गर्दै जानकारी दिनुभयो।

नेपालको रक्तसञ्चार सेवाको पहिलो १५ वर्ष रगतको किनबेच गर्ने पेसेवर व्यक्तिबाट, मजदुरबाट रगत संकलन ज्यादा हुने गर्दथ्यो। २०३९/०४० सालदेखि त्यस्ता व्यक्तिबाट रगत नलिई स्वयंसेवी रगतदाताको संख्यामा वृद्धि गरी रगत संकलनलाई तीव्रता दिइएको थियो। त्यसपश्चात्, संस्थागतरूपमा रक्तदान गर्नेहरूको अभिरुचिमा वृद्धि भएको छ र अहिले विभिन्न संघसंस्था तथा निकायद्वारा आयोजित घुम्ती रक्तदान कार्यक्रमबाट रगत संकलन बढ्दै गइरहेको छ।

केन्द्रीय रक्त सञ्चार केन्द्रको तथ्यांकअनुसार यस वर्ष केन्द्रीय सेवा केन्द्रमा जम्मा ६२ हजार ३ सय युनिट रक्तसंकलन भएकामा ५० हजार ६ सय युनिट रगत स्वयंसेवी रक्तदाताबाट संकलन गरिएको हो। यसरी अझै १८ प्रतिशत रगतका लागि सेवा बिरामीका आफन्त वा साथीबाट सोधभर्ना गर्नुपरेको अवस्था छ। तर रक्त विवरणको तथ्यांक हेर्दा सोधभर्ना गरी वितरण गरिएको करिब १२ प्रतिशत छ।

### महिला रक्तदाता अझै कमी

केन्द्रीय रक्त सञ्चार सेवाद्वारा ६२ हजार ३ सय ५३ युनिट रक्त संकलन गरिएको मध्ये ५२ हजार २ सय ८५ युनिट पुरुष रक्तदाताबाट र १० हजार ६८ युनिट महिला रगतदाताबाट संकलन भएको छ। प्रतिशतमा ८३ दशमलव ८५ पुरुष र १६ दशमलव १५ महिला हुन आउँदछ।

### नेगेटिभ रगत समूह ३ प्रतिशतको हाराहारीमा

यस वर्ष गरिएको रगत समूहको विश्लेषणअनुसार नेपालभरमा ३ दशमलव १० प्रतिशत मानिसको रक्तसमूह ए, बी, ओ र एबी नेगेटिभ रहेको छ। तर, उपत्यकामा भने नेगेटिभ रक्तसमूह हुने मानिस २ दशमलव ९ प्रतिशत छन्। सबैभन्दा दुर्लभ एबी नेगेटीभ समूह परेको छ जसको भार शून्य दशमलव ४२ प्रतिशत रहेको छ। यसवर्षका रक्तदातामध्ये एचआईभी पोजेटिभ हुने ६६ जना देखिएको छ। हेपाटाइटिस बी र सी देखिएका दाताको संख्या क्रमश: ४ सय ६६ र ३ सय ५१ रहेको छ।

### संघसंस्थाको सहयोग बढ्दो

आर्थिक वर्ष २०७४/०७५ मा नेपालभरि विभिन्न संघसंस्थाबाट ३ हजार ८ सय ३४ वटा घुम्ती रक्त संकलन कार्यक्रम भई रगत संकलन गरिएको छ। जसमा केन्द्रीय रक्त सञ्चार सेवाद्वारा मात्रै १ हजार २ सय ९८ पटक र विभिन्न संघसंस्थाबाट घुम्ती रगत संकलन कार्यक्रम भएको छ।

हेमोफिलिया सोसाइटीका बिरामीलाई ३ सय १६ युनिट रगत तथा रक्ततत्त्व सहुलियत शुल्कमा उपलब्ध गराइएको छ। थालेसेमिया सोसाइटीका बिरामीलाई पनि २ हजार ३ सय ५ युनिट रगत तथा रक्ततत्त्व सहुलियत शुल्कमा उपलब्ध गराइएको छ।

### रक्तसञ्चार सेवाका चुनौती बढ्दो

आधुनिक चिकित्साको विकाससँगै रगत र रक्ततत्त्वको माग पनि बढिरहेको छ। यसलाई परिपूर्ति गर्न बजेटसहितको राष्ट्रिय योजनाको खाँचो देखिएको छ। त्यस्तै, मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने सेवाको गुणस्तर अभिवृद्धि गर्न निश्चित मापदण्डको प्रविधि तथा उपकरणको व्यवस्था गर्न कठिनाइ भइरहेको छ। नियमित सरकारी खर्च उपलब्ध भएमा मागअनुसार आपूर्ति गर्न र लागत खर्च परिपूर्तिको आधारमा सञ्चालित यस सेवाको शुल्कमा एकरूपता कायम गर्न सकिने कार्यक्रमका वक्ताले बताए।



**हामी दुई**

राजधानीमा आयोजित एक कार्यक्रममा नायिकाद्वय मरिष्का पोखरेल र सिर्जना सुब्बा।

PAGE 3

**आमाछोरा**

अभिनेतृ सुस्मिता बमजन नायक छोरा अनमोल केसीसँग।





# छक्का पञ्जा-३ को पहिलो नम्बर

नामका हिसाबले लोकप्रिय सिरिज फिल्म *छक्का पञ्जा-३* को पहिलो गीत *पहिलो नम्बरमा* सार्वजनिक भएको छ। लोकलयमा रहेको उक्त गीतमा दीपक शर्माको संगीत तथा डेभिड शंकर र विन्द परियारको स्वर रहेको छ भने शब्द राजेन्द्र थापाको रहेको छ।

हाइलाइट्स नेपालको यट्यब च्यानलमार्फत सोमबार सार्वजनिक गरिएको गीतमा फिल्मका सम्पर्ण कलाकार अटाइएको छ। दशैंमा रिलिज हुने फिल्मको गीतको भिडियोमा दीपकराज गिरीदेखि केदार घिमिरे, जितु नेपाल, दीपिका प्रसाईं, प्रियंका कार्की, बुद्धि तामाङ, सुमन गिरी 'भान्जा', स्वस्तिमा खड्का, वर्षा राउत र संजोग कोइरालाको आकर्षक नृत्य रहेको छ भने फिल्मकी निर्देशक दीपाश्री निरौलाले पनि नृत्य गरेकी छिन्। भिडियोको कोरियोग्राफी कविराज गहतराजले गरेका छन्।

आमा सरस्वती मुभिजको प्रस्तति रहेको फिल्म दीपाश्री निरौला, दीपकराज गिरी, सुमन गिरी 'भान्जा', शिवहरि पौडेल, किरण केसी, ताराचन्द्र बजगाईं, परुषोत्तम प्रधान, दीपेन्द्र खनिया तथा केशव न्यौपानेको निर्माण गरेका हुन्। दीपकराज गिरीको कथा र पटकथा रहेको फिल्ममा संवाद दीपकराज गिरी, जितु नेपाल, केदारप्रसाद घिमिरे र यमन श्रेष्ठको रहेको छ।

निर्देशक दीपाश्रीले फिल्मको पहिलो गीत खास हुनपर्ने भएकाले गीतमा सबै कलाकार राखिएको र नचाउने गीतका रूपमा तयार पारेको बताइन्। 'सबैले राम्रो मेहनत गर्नुभएको छ भने गीतमा म पनि छु। हामीले फिल्मलाई यही वडादशैंमा दर्शकसमक्ष ल्याउँदै छौं। अघिल्ला फिल्मको सिकाइले यसमा आफूलाई अझै परिस्कृत गर्ने प्रयास गरेका छौं।' -उनले भनिन्।

त्यसै गरी अभिनेता तथा फिल्मका निर्माताममध्येका एक दीपकराज गिरीले अघिल्लो फिल्मभन्दा केही फरक गर्ने कोशिस गरेको र गीत पनि दर्शक तथा स्रोताको आशयअनुसार नै तयार गरेको बताए। 'यो डान्सिङ नम्बरको गीतलाई राम्रो बनाउने कोशिस गरेका छौं, गीतलाई लिएर हामी निकै उत्साहित छौं।' -उनले भने। फिल्मका अन्य कलाकारमा शिशिर राणा, शिशिर वाग्देल, लक्ष्मी गिरी, शारदा गिरी, वसन्त भट्ट रहेका छन् भने दीपक शर्मासँगै अर्जुन पोखरेलको संगीत तथा कविराजसँगै प्रविन सिंहको नृत्य निर्देशन रहेको छ।

परुषोत्तम प्रधानको छायांकन निर्देशन रहेको फिल्मको छायाँकार मानकृष्ण महर्जन र शेरबहादुर लामा रहेका छन् भने रोशन श्रेष्ठको द्वन्द्व र विपीन मल्लको सम्पादन रहेको छ।

## सुष्माको माया पिरती भिडियोमा

गायिका सुष्मा तामाङको पहिलो गीत *माया पिरती लाउन* म्युजिक भिडियोसहित राजधानीमा आयोजित एक समारोहबीच सार्वजनिक गरिएको छ।

सुष्माकै शब्द रहेको गीतमा सन्तोष सुब्बाको संगीत छ। दिलीप ओखेडाले निर्देशन गरेको म्यजिक भिडियोमा गायिका सुष्मा र निर्देशक आफैं फिचरिङ भएका छन्। रामेश्वर कार्कीले खिचेको भिडियोको निर्माता पेमा तामाङ हुन्। १० कक्षामा अध्ययनरत गायिका सुष्माले आफूलाई सानैदेखि गायिका बन्ने चाहना भएको र अहिले आएर पहिलो गीत सार्वजनिक गरिएको बताइन्। भिडियो प्रिमियर कार्यक्रममा प्रमुख अतिथि चलचित्र निर्देशक ऋषि लामिछानेले सुष्माको गायन कलाको तारिफ गरे। बलिउड मोसन डान्स फिल्म प्रालिको प्रस्तति रहेको भिडियोलाई गीतको भावअनुसार सुन्दर बनाउने प्रयास गरिएको निर्देशक तथा मोडल दिलीपले बताए।



## नृत्य प्रतियोगिताको फाइनलमा ३० को प्रवेश

भक्तपुर, (नेस)। नृत्य निर्देशक संघ भक्तपुर शाखाले आयोजना गरेको *भक्तपुर जिल्लाव्यापी अन्तरविद्यालय खुला एकल नृत्य प्रतियोगिता*अन्तर्गत जुनियरतर्फ १० जना र सिनियरतर्फ २० जना फाइनलमा प्रवेश गरेका छन्।

लज: आर्ट सर्कल र नमस्ते टेलिभिजन गठ्ठाघरको सहयोगमा सञ्चालित नृत्य प्रतियोगितामा जनियरतर्फ २३ प्रतिस्पर्धीमध्ये १० र सिनियरतर्फ ५७ प्रतिस्पर्धीमध्ये २० जना फाइनलमा प्रवेश गरेका छन्।






# विचार

संयम उपवास
रोगहरूलाई रोक्ने एउटा
बलियो पर्खाल हो।
- हरिक

सबैसँग प्रेम गर,
थोरैलाई विश्वास गर,
कसैको हानि नगर।
- सेक्सपियर

सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

## सरकार समृद्धिको दिशाबाट विमुख नहोस्

अहिलेको सरकारबाट नेपाल र नेपालीले सर्वाधिक आशा र अपेक्षा गरेका छन्। दुई तिहाइ बहुमतको सरकारबाट अघि–पछिको तुलनामा सर्वाधिक बढी अपेक्षा राख्नु स्वाभाविक नै हो। वर्तमान प्रधानमन्त्री केपी ओलीले चुनावताकादेखि नै मुलुकलाई समृद्धिको दिशामा तीव्ररूपमा अघि बढाउने सपना देखाउनुभएको थियो। निर्वाचनको परिणामपछि ओली नेतृत्वको सरकार बनेलगत्तै पनि नेपालीलाई समृद्धि र विकासका अनेकानेक सपना देखाइएको थियो। यसले जनताका स्वाभाविक अपेक्षालाई ह्वात्तै बढाइदिएको थियो। तर सरकारले अहिलेसम्म समृद्धिको दिशामा सिन्कोसमेत भाँच्न सकेको छैन। मुलुकको विकास र समृद्धि कुन जरोबाट पलाउँछ भन्ने अहिलेसम्म पहिल्याउन नसक्नु उदेक लाग्दो छ।

सरकारका दिनहरू जति बित्दै गएका छन् त्यति सुखी नेपाली र समृद्ध नेपालको सपना मृगतिष्णा साबित हुँदै गएका छन्। सेना, पुलिस, प्रशासन समग्र राज्य संयन्त्र आफ्नै नियन्त्रणमा हुँदा पनि सरकारले आखिर किन काम गर्न नसकेको त ? दुई तिहाइ बहुमतको समर्थनमा अडेको सरकारलाई अघि बढ्न कसले रोकेको छ ? यस्तै गतिले अघि बढ्ने हो भने सरकार असफल हुने त होइन ? आदि प्रश्नहरू सर्वत्र उठ्न थालेका छन्। केही दिनयताको राजनीतिक परिदृश्यहरू हेर्दा सरकार आफैं अर्थ न बर्थको कामकुरोमा अल्झिइरहेको महसुस भइरहेको छ। प्रमुख प्रतिपक्ष दल वा भिन्न विचार राख्नेप्रति सरकार निकै असहिष्णु भई मुखको तीतो पोख्ने र सामाजिक न्याय एवम् समानताका मुद्दाप्रति हेलाभाव देखाउँदै आएको छ। लोकतन्त्रमा जनताको भावनामा टेकर सरकारले राजकाज चलाउनुपर्ने हो। तर अहिले यस विपरीतका घटनाक्रमहरू देखिन थालेका छन्। जनताको सरोकार, जनजीविकाका विविध पक्ष, संविधान प्रदत्त मौलिक हक–अधिकार, नागरिक स्वतन्त्रताप्रति सरकारले उपेक्षा गर्दै आएको छ।


समृद्धिको साझा लक्ष्य तय गरिसकेपछि त्यसलाई मूर्तरूप सरकारले दिन सक्नुपर्दछ। तर समृद्धि के हो र यो कसरी हुन्छ भन्ने कुरामा अहिलेसम्म स्पष्टता छैन। साथै समृद्धिबाट गरिब, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत जनताले कसरी लाभ पाउँछन् भन्ने पनि अहिलेसम्म सरकारले स्पष्ट गर्न सकेको छैन। समृद्धि, विकास, शान्ति र राष्ट्रवादीजस्ता विषयलाई भजाएर नै निरंकुशता मौलाउने गरेको विश्वइतिहास रहेको छ। कहीं केपी ओली नेतृत्वको सरकारले पनि यही दिशामा अघि बढ्ने संकेत देखाइरहेको त होइन ? नागरिकले खबरदारी नगर्ने हो भने मुलुक क्रमशः यस दिशातर्फ नजाला भन्न सकिन्न। अतः मुलुकको हितका लागि जनताबाट निरन्तर खबरदारी भइरहनुपर्छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# गति लिन बाधा भएकै हो ?



बालकृष्ण मैनाली

मुख्यरूपमा जनतामा स्थापित भएका भनिएका राजनीतिक दलहरूले गएको निर्वाचनका बेला यसो भनेका थिए- 'ए जनता हो, हामीले सरकारमा गएर पनि काम गर्न पाएनौं। तीन-तीन महिनामा फेरिने सरकारले गर्दा हामीले काम गर्न सकेनौं। आँखा झिम्क्यायो कि सरकार ढालिहाल्ने रोगबाट हामी ग्रस्त भयौं। यसको कारणले देशमा भ्रष्टाचारलगायत विसंगति र बेथिति दरोरूपमा झाङ्गियो। सत्तामा पुग्न राजनीतिक दलका नेताहरूको गिराइ ज्यादै निकृष्ट हुन पुग्यो। चाहेर पनि हामीले विकास गर्ने अवसर पाएनौं। तसर्थ कम्तीमा एकपल्ट सशक्त इमानदार सरकारलाई आवश्यक बहुमत देऊ। पाँच वर्षभित्र देशमा देखिएका विसंगति र बेथितिहरूलाई जरैदेखि निर्मूल पार्छौं।' यसरी रोइकराइ गरेका कारण र विभिन्न वर्ग एवम् चरित्र अपनाएका दलहरू पनि एकतामा बाँधिएको सन्देश प्रवाहपछि विगतमा जे-जस्तो गलत कार्य गरेको भए तापनि अबचाहिँ दलहरू सुध्रिने जमर्को गरेका हुन् भनी बहुमतको मात्र सरकार माग गरेका दललाई दुई तिहाइ पुग्ने गरी जनताले वाम गठबन्धनलाई विजयी गरी पठाए।

पञ्चायत व्यवस्था तानाशाही व्यवस्था भयो भन्दै पञ्चायतसहित राजतन्त्रसमेत फाल्दा पनि जनताले उनीहरूलाई साथ दिएकै हुन्। २०४७ पछि जुनसुकै राजनीतिक दलको नामको बिल्ला भिरेर राजनीतिमार्फत जनतालाई भ्रममा पारेर सत्तामा पुगेको भए पनि नेतृत्वमा पुग्नेहरूले आफू, आफ्नो नातागोता अनि वरपरका केही कार्यकर्ता र केही सरकारी संयन्त्रका व्यक्तिहरूका रुचिदेखि बाहेक जनताको समस्याको सवालमा अनि बेथितिलाई अन्त्य गर्ने सवालमा सिन्को पनि भाँच्न नसकेको तथ्य जगजाहेर छ। भ्रष्टाचार अन्त्यको त कुरै छोडौं, त्यसको सानो अंश मात्र न्यूनीकरण गर्न सकेको भए पनि धन्यवादको पात्र बन्ने थिए दल र दलका नेतृत्व लिनेहरू। यति हुँदाहुँदै पनि वास्तविकरूपमा कम्युनिस्ट सिद्धान्त त्यागिसकेका दुई भिन्न समूहले विगत इतिहासमा जे-जस्तो राजनीतिका नाममा जे-जस्तो उद्दण्डता मच्चाए पनि अबचाहिँ पश्चात्तापको रूपमै भए पनि जनता र देशको समस्या सम्बोधन गर्दै आर्थिक विकासको अग्रगामी छलाङ मार्न अग्रसर हुने अपेक्षा गरी बहुमतको स्थानमा दुई तिहाइकै शक्तिसाली सरकार निर्माण गर्न जनमतमार्फत जनताले महत्वपूर्ण योगदान दिएकै हुन्। यसमा कुनै सन्देह छँदै छैन।

सरकार निर्माण भएपश्चात् विगत केही महिनाअगाडि चालिएका केही कदमहरूले जनतामा झीनो आशा जगाएको थियो। सिन्डिकेटको अन्त्य, सुन तस्करीविरुद्ध चालिएको अकस्मात् धावा, सामाजिक संघसंस्थाका मठाधीशहरूमाथिको सम्पत्ति छानबिन हुनुपर्ने लगायत गैरसरकारी संघसंस्थाको पारदर्शिताबारे निकै खरोरूपमा उत्रिएको प्रतीत भएको थियो। तर सरकार आफूले चालेका यी कदमहरूलाई मूर्तरूप दिनतिर लाग्नुको सट्टा आफैंले गरेको निर्णय कार्यान्वयनमा बाधक बन्यो। त्यति सरोकार नभएको र भइहाले पनि कसैको माग पूरा गर्न सकिने स्थितिलाई बंग्याएर अनपेक्षितरूपमा जनता चिढ्याउने काममा उत्रिन पुग्यो सरकार। विरोधका लागि केही स्थान निषेधित क्षेत्र घोषित गरिनु र चिकित्सा शिक्षाबारे उठेका बहसलाई अनावश्यकरूपमा तन्काउने कार्यतिर सरकार केन्द्रित हुन पुग्यो। सरकारको तलब खाएर कर्मचारी युनियनको नाममा कर्मचारीलाई दादागिरि सञ्चालन गर्न छुट दिने सरकार डा. गोविन्द केसीको भोक हड्ताललाई वाहियात ठानेर प्रतिकारमा उत्रियो। गोविन्द केसीको मुद्दा उनी आफैंले सिर्जना गरेका हुँदै होइनन्, विगतका विभिन्न सरकारका नीतिदेखि वर्तमान सरकारसम्मका अनुयायीहरूले सिर्जेको समस्या हो। उनको भोक हड्ताल विशेष गरी कांग्रेस र कम्युनिस्ट दुबै सरकारमा रहेका बेलाहरूमा पनि हुँदै आएको थियो। उनका मागमा कुनै पनि राजनीतिक अभिष्ट देखिँदैन। हाल आएर उनको भोक हड्ताललाई कांग्रेसी र विवेकशील साझाको राजनीतिक मुद्दासँग जोडिनु भनेको आफ्नो लाचारीपन ढाकछोप गर्नुदेखि बाहेक अन्य केही हुँदै होइन। कांग्रेसी सरकार भएको अवस्थामा गरिएको भोक हड्ताललाई कम्युनिस्टले बोकेको भन्नु र कम्युनिस्ट सरकार भएको बेलामा गरिएको भोक हड्ताललाई कांग्रसीले बोकेको भन्नु राजनीतिक दिवालियापनबाहेक अन्य केही हुँदै होइन। सबै दलका सरकारले उनीसँग विभिन्न सम्झौता गरेका छन् अनि जब-जब कार्यान्वयनको चरण आउँछ तब-तब आ-आफ्ना रुचि बोकेका समूहहरूले सम्बन्धित सरकारको ध्यानलाई विकेन्द्रित वा खण्डित गरिदिन्छन्। यस अर्थमा डा. केसीमार्फत भएका पटक-पटकका भोक हड्तालहरूलाई नेपालका राजनीतिक दलले आफ्नो राजनीतिक दुनो सोझ्याउने कार्यमा प्रयोग गर्दै आएका छन्। यसमा कतै विमति छैन। हो, उनी अलि बढी हठी छन्, त्यसमा विमति देखिँदैन। उनी हठी हुनुको अर्थ राज्यको अर्घेल्याइँचाहिँ पटक्कै होइन। सरकार यस मामिलामा समयमै गम्भीर हुनुपर्थ्यो। जे भए पनि आखिर डा. केसीले उठाएका कुराको सम्बोधन भएरै छाड्यो, राम्रै भयो।

सरकार निर्माण भएपश्चात् विगत केही महिनाअगाडि चालिएका केही कदमहरूले जनतामा झीनो आशा जगाएको थियो। सिन्डिकेटको अन्त्य, सुन तस्करीविरुद्ध चालिएको अकस्मात् धावा, सामाजिक संघसंस्थाका मठाधीशहरूमाथिको सम्पत्ति छानबिन हुनुपर्ने लगायत गैरसरकारी संघसंस्थाको पारदर्शिताबारे निकै खरोरूपमा उत्रिएको प्रतीत भएको थियो। तर सरकार आफूले चालेका यी कदमहरूलाई मूर्तरूप दिनतिर लाग्नुको सट्टा आफैंले गरेको निर्णय कार्यान्वयनमा बाधक बन्यो।

यहाँ के कुरा मननयोग्य छ भने, सरकार बनेको चार महिनाभित्र 'छु मन्तर' गरेजस्तै देशमा समृद्धिको विकास र ढोका खोलिहाल्ने होइन। त्यस किसिमको परिवर्तन भैहाल्छ भन्ने जनताको मनसाय र आशा पनि होइन। तर यो चार महिनाभित्र देशमा भैरहेको र देखिइरहेको बेथितिचाहिँ सकेसम्म अन्त्य त्यो नभएपनि कम्तीमा न्यूनीकरण हुनै पर्दथ्यो भन्ने जनचाहनाचाहिँ हो नै। यस सवालमा एउटै मात्र विषयलाई उदाहरणको रूपमा यस आलेखमा महत्वपूर्ण सवालको रूपमा पस्किने प्रयास गरिएको छ, त्यो हो काठमाडौं महानगरपालिकामा कायमै रहेको बेथिति र निर्वाचित मेयरको अदूरदर्शिता। केन्द्रीय सरकार निर्माण भएको चार महिना बितेको छ भने स्थानीय निर्वाचन भई स्थानीय निकायले पदभार सम्हालेको पनि अहिले चौध महिना बितिसकेको छ। यस अवधिमा फोहोर व्यवस्थापनबारे सुझाव, लेख, सानातिना आन्दोलनको माध्यमबाट समेत महानगरपालिकालगायत सम्बन्धित सरकारको ध्यानाकर्षण गराइसकेकै हो। यस अवस्थामा आफ्नै दलका मेयर निर्वाचित भएको चौध महिनासम्म पनि सामान्य फोहोर व्यवस्थापन गर्न नसकेको विषयलाई आफ्ना नातागोताका मेयर भएको कारणले छुसुक्क पनि यस विषयमा बोल्न नसक्ने सरकार प्रमुखले डा. गोविन्द केसीसँग एउटा विधयेकको बारेमा प्रतिस्पर्धा गर्दै हिँडनु पटक्कै सुहाउने विषय हुँदै होइन।

काठमाडौं महानगरपालिकाले गएको असार २० गते एउटा राष्ट्रिय दैनिकमा विज्ञापनमार्फत काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको नामबाट एउटा सूचना प्रकाशित गर्‍यो। 'काठमाडौंको फोहोर विसर्जन गर्ने स्थल नुवाकोट जिल्लाको ककनी गाँउपालिकाको वडा नं. २ स्थित सिसडोल ल्यान्डफिल साइटका सडक वर्षातको कारण बिग्रिन गई फोहोरका गाडी ल्यान्डफिल साइटमा जान नसक्ने भएको हुँदा उक्त सडकको तत्काल मर्मत गर्नुपर्ने भएकाले सडकको मर्मत कार्य भैरहेको हुँदा मर्मत कार्य सम्पन्न गर्न केही दिन लाग्ने भएकाले आफ्नो घर, पसल, व्यवसायबाट उत्पादन गरेको फोहोर आफ्नै स्थानमा व्यवस्थापन गर्न हुन सम्पूर्ण महानगरवासीमा अनुरोध गरिन्छ' भन्दै उक्त सूचनामार्फत फोहोर व्यवस्थापनमा महानगरपालिकाले आफ्नो तल्लो तहको लाचारी प्रकट गर्‍यो। महानगरपालिकाको मेयर निर्वाचित भैसकैको चौध महिना भुक्तान हुँदा र केन्द्रीय सरकारदेखि स्थानीय सरकारहरूमा समेत हालिमुहाली भएको अवस्थामा फोहोर व्यवस्थापनबारे आवश्यक पर्दा सिसडोलबाहेक अन्य स्थान पनि उपलब्ध भैसक्नपर्ने अवस्थामा फोहोर व्यवस्थापनका लागि यस किसिमका गैरजिम्मेवार सूचना निकाली जनतालाई पीडा दिने कार्य गरिन्छ भने सरकारले कसरी आफ्नो उद्देश्य हासिल गर्न सक्छ भन्ने कुरामा संशय पैदा हुनु नौलो विषय हुँदै होइन।

हालै काठमाडौं महानगरपालिकाका मेयरको एक टेलिभिजन च्यानलमा भएको अन्तर्वार्तामा उनले व्यक्त गरेका आफ्नै भनाइको कारण उनको योग्यताको विषयलाई लिएर सामाजिक सञ्जालमा चर्को टिकाटिप्पणी भएको छ। अन्तर्वार्तामा टेलिभिजन, रेडियो, अन्य सामाजिक सञ्जालमा पहुँच पुर्‍याउन आफूलाई समयले नभ्याएको भन्दै प्रायः आफूले यस विषयमा जानकारी अन्य व्यक्तिहरूबाट लिई सोही अनुसार काम गर्दै गरेको जानकारी गराएपश्चात् काठमाडौं महानगरपालिकाका मेयरको सामाजिक सञ्जाललगायत अन्य आलेखमार्फत जमेर आलोचना भएको छ। हुन पनि उक्त अन्तर्वार्तालाई हेर्दा र सुन्दा वर्तमान मेयर काठमाडौं महानगरपालिकाको मेयर हुन योग्यता र क्षमता राख्नुहुन्न भन्ने कुरालाई थप पुस्ट्याइँ गरेको छ। यो विषयमा दलले जनतालाई झुक्याएका रहेछन् भन्ने पनि प्रमाणित भएको छ। आफ्नै दलमै आबद्ध रही लागिपरेका तर योग्य र क्षमता भएका व्यक्तिलाई जिताएर समस्या समाधानको लागि भूमिका खेल्नुभन्दा पनि क्षमता नभए पनि आफ्ना नातागोता र दलीय कार्यकर्ताकै मात्र हैसियतमा रहेका व्यक्तिलाई राम्रो भनी प्रचारमार्फत जनतालाई झुक्यानमा पारी पद दिलाएको फल जनताले मात्र पाइरहेका छैनन् स्वयम् सरकार पनि अहिले यस मामिलामा किंकर्तव्यविमुढ भई पछुताउ मनाउँदै गरेको अवस्थामा पुग्नुपरेको छ। यस मामिलामा यदि दुई तिहाइ प्राप्त सरकार जनमतलाई कदर गर्ने सामर्थ्य राख्छ भने काठमाडौं महानगरपालिकाका मेयरलाई राजीनामा दिन लगाई आफ्नै दलका अन्य कर्मठ क्षमतावान् व्यक्तिलाई निर्वाचित गराएर तिनलाई काठमाडौं महानगरपालिकाको मेयर पद सुम्पिन सक्नुपर्दछ। यदि वर्तमान सरकारले आँटेर यो काम गर्न सक्यो भने जनतामा पैदा भएको अविश्वास र संसय दूर गराउन महत्वपूर्ण भूमिका खेलेको ठहर्नेछ। सरकारले मुलुकलाई समृद्ध बनाउनका लागि गति लिन पनि यस्ता कुरामा ध्यान दिनुपर्ने देखिन्छ।

*(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ।)*

mainali.bk@gmail.com

पाठक पत्र

### महिला हिंसा गर्नेलाई कडा कारबाही गर

बारा जिल्लाको करैयामाई गाउँपालिका-२ की लिलमदेवी मुखियालाई उनका आफ्नै ससुरा रवीन्द्र मुखिया र पति प्रमोद मुखियाले दाइजो नल्याएको कारण कुटपिट गरी घर निकाला गरे। उनलाई दाइजो नल्याएको निहुँमा ससुराले सधैं रक्सी खाएर आई प्रताडित गर्ने गरेको समाचारमा आयो। ससुराको ज्यादतीका विरुद्ध एक्लो बुहारीको केही चल्ने कुरै भएन।

जोसँग अग्नि साक्षी राखी सँगै जीवन बिताउने बाचाकसम खाएर पराई घर भित्रिएको हो ऊ पनि आफ्ना क्रूर पिताकै पक्षमा देखिएपछि र उस्तै व्यवहार गरेपछि लिलमले त्यो घरमा बस्न सक्ने कुरा थिएन। तैपनि, लिलमले त्यति हुँदा पनि सहेरै बसेको र अन्त्यमा पतिले नै नाबालक छोरासमेत खोसेर माइती पुर्‍याएपछि उनी न्यायका लागि प्रहरीलाई गुहार्न पुगेको प्रकाशित समाचारबाट प्रस्ट हुन्छ। लिलम पछिल्लो प्रतिनिधि पात्र मात्र हुन्, खास गरी तराई-मधेसमा यस्ता घटना आम र सामान्य बनेका छन्।

कैलालीमा १३ वर्षीया बालिका बलात्कृत भइन्। काभ्रेमा पनि बालिका बलात्कारको सिकार हुनुपर्‍यो। बलात्कारपछि हत्या गरिएकी कञ्चनपुरको उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्तको हत्याका विषयमा संसद्मा समेत कुरा उठेको छ। प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरूले पन्तको हत्यामा संलग्नलाई चाँडोभन्दा चाँडो पक्राउ गरी कारबाही गर्न माग गरेका छन्।

बालिकाको शब भेटिएको दिनदेखि आन्दोलन शुरु भएको छ। बलात्कारीलाई कारबाही गर्न आफन्त र स्थानीयले आग्रह गरिरहेका छन्। यता काभ्रेको तेमाल गाउँपालिका-१ मा ९ वर्षीया बालिकाको बलात्कारपछि निर्ममतापूर्वक हत्या भएको तथ्य पनि खुलेको छ। असार २० गते बारा घर भई पुनर्निर्माणसम्बन्धी मजदुरी गर्न आएका २३ वर्षीय जोखन मन्सुरले स्थानीय ९ वर्षीया बालिका एलिसा तामाङको बलात्कारपछि हत्या गरेको रहस्य खुलेको समाचार बाहिर आइसकेको छ। बारागढी गाउँपालिका वडा नं. ६ गडहल बस्ने मन्सुर र मृतक एलिसाकी फुपू पर्ने मिना तामाङबीच यौनसम्बन्ध राख्दै आएको देखेपछि उनले हत्या गरेको प्रहरीले बताएको खबर पनि आएको छ

छेन्देलिङ हेलेमेन्दो गुम्बाको परिसरभित्र रहेको पर्खालनजिकै ढुंगा थुपारेको स्थानमा मादक पदार्थको सुरमा एलिसालाई बलात्कार गरेको र त्यस क्रममा मुख र नाक छोपी हत्या गरेको आरोपीले स्वीकार गरेको प्रहरीले जानकारी दिएको छ। त्यति मात्रै हैन, तेमाल गाउँपालिका-६ पचुवरघाटमा साउन ६ गते १७ वर्षका विकास थापामगरले शारीरिक तथा मानसिकरूपमा अशक्त एक बालिकालाई बलात्कार गरेको आरोपमा प्रक्राउ परेका छन्। शारीरिकरूपमा पूर्ण अशक्त १२ वर्षीया बालिकालाई जबरजस्ती बलात्कार गरी फरार भएका उनलाई ८ गते पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ। नेपालमा पछिल्लो चरणमा बालिका बलात्कारका समाचार व्यापकरूपमा ओइरहँदा प्रहरी सक्रियतामा कमी महसुस भएको छ।

*- मनोज न्यौपाने, काठमाडौं।*

### कृषिलाई उच्च महत्व दिइयोस्


कृषिप्रधान देश भएकाले नेपाल कृषिमै निर्भर रहेको छ। नेपालको कृषि परम्परामा आधारित भएरै विकास हुन नसकेको हो। मानिसको जीवनमा आवश्यक पर्ने पौष्टिक आहारसँगै आर्थिक उपार्जनको महत्वपूर्ण स्रोतका रूपमा कृषि र पशुलाई लिने गरिन्छ। कृषिक्षेत्रमा आधुनिकीकरणका लागि ठूलो बहस चलेको हाम्रो मुलुकमा अहिले स्थानीय सरकारले पनि कृषि र पशुपालनलाई महत्वका साथ अगाडि बढाएका छन्। यसै सन्दर्भलाई अब स्थानीय सरकारले स्पष्ट नीति निर्माण गरेर स्थानीयस्तरमै रोजगारी सृजना गर्ने वातावरणको तयारी गर्नुपर्ने देखिएको छ। केन्द्रबाट पनि नीतिगतरूपमै कृषिलाई उच्च महत्वका साथ सम्बोधन गर्न जरुरी छ।

यसअघि कृषिको क्षेत्रमा आउने र खर्च हुने रकमहरूको बारेमा चर्चा-परिचर्चा सकारात्मक वा नकारात्मक दुवै क्षेत्रमा भएको देखिन्छ। सकारात्मक कुराहरूलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने देखिएको छ भने नकारात्मक कुराहरूलाई बिस्तारै घटाउँदै जानुपर्ने अहिलेको आवश्यकता हो।

विशेष गरेर कृषि र पशुसेवाको बारेमा बेला-बेलामा फरक-फरक बहस र पैरवीहरू हुने गरेका देखिन्छन्। सिजनअनुसारका कामहरू गर्दै गर्दा पशुपक्षीहरूमा देखिने भयावह रोगहरूले मानवजीवनलाई समेत समस्यामा पारेको हुन्छ। कहिलेकाहीं हुने पशुपक्षीका समस्याहरूका बारेमा पशु खरिद गरेर ल्याउने निकायहरूले समेत सचेतना अपनाउनुपर्ने देखिएको छ भने पशुपक्षी पालन गरेका निकायहरूले पनि त्यसको सुरक्षाका बारेमा समयमै ख्याल गर्नुपर्ने देखिन्छ। जबसम्म यस्ता कुरालाई गम्भीररूपमा छलफल र बहस गरिँदैन तबसम्म यस्ता समस्याको दिगो समाधान नहुने देखिन्छ।


*- प्रकाश सञ्जेल, काठमाडौं।*

## सामाजिक सञ्जाल



आफैं सर्वोच्चमा मुद्दा दर्ता गर्ने अनि संसद्, रोडमा यो हुनुपर्छ र त्यो हुनुपर्छ भन्दै कुर्लंदै डुल्ने कांग्रेसको घैटोमा घाम कहिले लाग्ला ?

रविन्द्र मिश्र
**@rabindra_m1shra**



विवादास्पद मेडिकल कलेज लगानीकर्ता दुर्गा प्रसाई संसद्मा बहस हुनुपर्ने महत्वपूर्ण ओहोदाका व्यक्ति होइनन्। संसदीय प्रक्रिया होइन, फौजदारी कानुनबाट उनलाई ठेगान लाउने हो। कांग्रेसले यो के गरेको ?

**Rameshwar Bohara**
**@rambohara**

केन्द्राध्यक्षको ६ सयबाट वृद्धि भई १ हजार, सहायक केन्द्राध्यक्ष र पर्यवेक्षकको ४ सयबाट वृद्धि भई ८ सय, निरीक्षकको ३ सयबाट वृद्धि गरी ६ सय कायम गरिएको छ।

# चिनियाँ उपमन्त्रीद्वारा अध्यक्ष प्रचण्डसँग भेट



**नेपाल समाचारपत्र**

काठमाडौं

चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभागका उपमन्त्री वाङ या चिङले पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष प्रचण्डसँग भेटवार्ता गर्नुभएको छ। सोमबार बिहान अध्यक्ष निवास खुमलटारमा भएको भेटमा नेपालको आर्थिक समृद्धिमा चिनियाँ सहयोगका बारेमा चर्चा भएको थियो।

भेटमा अध्यक्षले कम्युनिस्ट पार्टीबीचको एकताले जनतामा आशा जगाएको बताउनुहुँदै जनताले पार्टी एकतालाई चुनावमा जिताएर अनुमोदन पनि गरेको उल्लेख गर्नुभयो। चीनको द्रुत आर्थिक विकास नेपालका लागि प्रेरणाको स्रोत भएको अध्यक्ष प्रचण्डको भनाइ थियो।

अध्यक्षले विदेशमन्त्रीसमक्ष नेपालको आर्थिक विकासमा चीन सरकार, चिनियाँ कम्युनिस्ट पार्टी र जनताको निरन्तर सहयोग रहेको उल्लेख गर्दै आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा गर्नुभयो। उहाँले नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो। अध्यक्ष प्रचण्डले भन्नुभयो- 'म प्रधानमन्त्रीका रूपमा पहिलो पटक चीन जाँदा 'कनेक्टिभिटी' को कुरा उठाएको थिएँ। अहिले त्यो कार्यान्वयनको प्रक्रियामा जाँदैगर्दा खुसी लागेको छ।'

विदेशमन्त्री चिङले राष्ट्रपति सिजिङ पिङको अध्यक्ष प्रचण्डप्रति न्यानो अभिवादन रहेको सन्देश सुनाउनुभयो। उहाँले ठूला कम्युनिस्ट पार्टीको एकताबाट देशमा स्थायित्व कायम भएकामा बधाई दिनुभयो।

विदेशमन्त्री चिङले चीन नेपाल र नेपालीको प्रगति र समृद्धिका लागि सदैव तयार रहेको बताउनुभयो। बेल्ट एन्ड रोड इनिसेटिभका लागि चौतर्फी वातावरण तयार भएको उहाँको भनाइ थियो।

# अल्फाबिटामा अस्ट्रेलिया एजुकेसन फेयर हुने

काठमाडौं, (नेस)

अल्फाबिटाले मंगलबार अस्ट्रेलिया एजुकेसन फेयर आयोजना गर्ने भएको छ।

अस्ट्रेलिया अध्ययन गर्न नेपाली विद्यार्थीको आकर्षण बढिरहेको बेला अस्ट्रेलियाका विश्वविद्यालय तथा कलेजका आधिकारिक प्रतिनिधिसहित एकै ठाउँमा विद्यार्थी र अभिभावकलाई सूचना दिने उद्देश्यले मेला आयोजना गर्न लागेको हो।

मेलामा अस्ट्रेलियाका २५ वटा उत्कृष्ट विश्वविद्यालय तथा कलेजको सहभागिता रहने भएको छ। मेलामा अस्ट्रेलियाका सेन्ट्रल क्विन्सल्यान्ड युनिभर्सिटी, मेलबर्न युनिभर्सिटी, युनिभर्सिटी अफ ओलोङगोङलगायतका शैक्षिक संस्थाका आधिकारिक प्रतिनिधि सहभागी भएर परामर्श दिन पाउने व्यवस्था गरिएको अल्फाबिटाका प्रबन्ध निर्देशक द्विराज शर्माले जानकारी दिनुभयो। मेलामा सहभागीले अस्ट्रेलियाको शैक्षिक प्रणाली, विश्वविद्यालय, पढाइ हुने कोर्षलगायतका विषयमा सही सूचना पाउने उहाँको भनाइ छ।

आगामी बुधबार अल्फाबिटा कम्प्लेक्समा हुने सो मेलाको उद्घाटन नेपालका लागि अस्ट्रेलियन राजदूत पेटर बडबाट हुने कार्यक्रम तय भएको छ। मेलाको उद्घाटन राजदूतले गर्नुले कार्यक्रमलाई निकै महत्त्व दिएको प्रष्ट हुन्छ।

मेलामा सहभागी विद्यार्थीले सो दिन अल्फाबिटाले उपलब्ध गराउने सेवा आईईएलटीएस, पीटीई, टोफललगाएतका तयारी कक्षामा ५० प्रतिशत छुट पाउने व्यवस्था गरेको छ।

मेलामा सहभागीलाई प्रत्येक घन्टा लक्की विनर घोषणा गरिनेछ। मेलामा १ हजार ५ सयदेखि २ हजार सहभागी हुने अपेक्षा गरिएको छ। मेलाले विद्यार्थीको उज्ज्वल भविष्यको ढोका खोल्नेसमेत अपेक्षा छ।

अल्फाबिटाले २ सय ७० भन्दा बढी विश्वका उत्कृष्ट विश्वविद्यालय तथा कलेजका लागि परामर्श उपलब्ध गराउँदै आएको छ। अस्ट्रेलिया, यूएस, जापान, भारतलगायतका १४ देशका लागि अल्फाबिटाले परामर्श सेवा दिँदै आएको छ।

अल्फाबिटाले निरन्तररूपमा धेरै विद्यार्थीको गुणस्तरीय शिक्षाका लागि योगदान गरेबापत विभिन्न पुरस्कारसमेत प्राप्त गर्दै आएको छ।

यसले सन् २०१७ मा आईडीपी नम्बर १ बिजनेस पार्टनर र सन् २०१७ मै नेपाल बिजनेस एक्सिलेन्स, अवार्डमा सर्टिफिकेट अफ मेरिट प्राप्त गरेको थियो।

# उपराष्ट्रपतिसहित २० भन्दा बढीलाई सम्मान

काठमाडौं, (नेस)

उपराष्ट्रपति नन्दबहादुर पुनसहित २० जनाभन्दा बढीलाई सोमबार सम्मान गरिएको छ।

नेपाल-भारत आदिवासी मैत्री संघको आयोजनामा पुनसहित संघलाई प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा सहयोग गर्ने व्यक्ति तथा संस्थालाई सम्मान गरिएको र प्रशंसापत्र वितरण गरिएको संघकी उपाध्यक्ष कमलाकुमारी गुरुङले बताउनुभयो।

उपराष्ट्रपतिको कार्यालयमा आयोजित कार्यक्रममा संघका अध्यक्ष विनोदकुमार गुरुङले उपराष्ट्रपति पुनलाई र अरूलाई उपराष्ट्रपतिले सम्मान गर्नुभएको हो। आदिवासी जनजाति भएर पनि देशको उच्च पदमा पुग्न सफल भएको भन्दै उपराष्ट्रपतिलाई सम्मान गरिएको आयोजकले जनाएको छ।

संघले गृहमन्त्री रामबहादुर थापा मगर, ऊर्जा तथा जलस्रोतमन्त्री वर्षमान पुन, नेपाल कम्युनिस्ट पार्टीका प्रमुख सचेतक देवप्रसाद गुरुङ, नेपालका लागि भारतीय उपनियोग प्रमुख अजय कुमार, उपराष्ट्रपतिको कार्यालयका वैदेशिक मामिला विज्ञ जीवनकुमार गुरुङका साथै पत्रकार गंगा बराल, युगप्रसाद धमला (हरि), कीर्ति पाण्डे, सोमबहादुर पाण्डे, ललितबहादुर तामाङ, डा. भावना तामाङ, महावीर पुन मगर, कमलाकुमारी गुरुङ, डा. डीबी गुरुङ, सोविता गुरुङ, ज्ञानु गुरुङलगायतलाई प्रशंसापत्र प्रदान गरिएको छ।

उपराष्ट्रपति पुनले नेपाल र भारतबीचको आपसी सम्बन्ध स्थापित गर्न सांस्कृतिक संघसंस्थाको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो। नेपाल विविध भाषाभाषी र संस्कृति भएको देश भएकाले यसको पहिचान थप स्थापित गर्न सबैको योगदान रहनुपर्नेमा जोड दिनुभयो। संघका अध्यक्ष विनोदकुमार गुरुङले आदिवासी जनजातिको हकहितका लागि छुट्टै मन्त्रालयको स्थापना गर्न पटक-पटक सम्बन्धित निकायसँग पहल गरिरहेको बताउनुभयो। उहाँले दुई देशबीच आपसी असहमति हटाउन र सौहार्दपूर्ण वातावरण निर्माण गर्न पहल गरिरहेको बताउनुभयो।

# परीक्षामा सहभागी सबैको पारिश्रमिक वृद्धि

**नेपाल समाचारपत्र**

काठमाडौं

त्रिभुवन विश्वविद्यालयअन्तर्गत सञ्चालित वार्षिक परीक्षामा संलग्न शिक्षक, कर्मचारी तथा सुरक्षा कर्मचारीको पारिश्रमिकसम्बन्धी व्यवस्थामा ९ वर्षपछि संशोधन गरिएको छ। त्रिविले शुल्कमा शतप्रतिशत वृद्धि गरेको जनाएको छ।

केन्द्रीय परीक्षा सञ्चालक समितिको सिफारिसअनुसार २०७५ साउन २ गतेको कार्यकारी परिषद्को बैठकले पारिश्रमिकमा संशोधन गरेको हो। संशोधित पारिश्रमिक साउन ६ गतेदेखि सञ्चालन भएको ४ वर्षे स्नातक तह दोस्रो वर्षको परीक्षादेखि लागू भइसकेको छ।

संशोधित पारिश्रमिकमा स्नातक तथा प्रवीणता प्रमाणपत्र तहको परीक्षामा केन्द्राध्यक्षका लागि ४ सय ५० बाट बढाएर ८ सय, सहायक केन्द्राध्यक्षको ३ सयबाट बढाएर ६ सय, पर्यवेक्षकको ३ सयबाट वृद्धि गरी ६ सय, निरीक्षकको २ सय ५० बाट वृद्धि गरी ५ सय कायम गरिएको छ। कम्तीमा २१ जना विद्यार्थीबराबर १ जना निरीक्षकको व्यवस्था हुनेभएको छ। त्यस्तै परीक्षा शाखामा कार्यरत कर्मचारीको पारिश्रमिक १ सयबाट वृद्धि गरी २ सय कायम गरिएको छ भने सुरक्षाकर्मीका लागि ६० रुपियाँ रहेकोमा अब प्रतिसुरक्षाकर्मी १ सय तोकिएको छ। यसैगरी कार्यालय सहयोगीका लागि ७५ रुपियाँलाई वृद्धि गरी प्रतिदिन १ सय ५० रुपियाँ पारिश्रमिक कायम गरिएको छ।

यसैगरी स्नातकोत्तर तहको परीक्षा सञ्चालनमा हुने खर्चमा पनि हेरफेर भएको छ। जसमा केन्द्राध्यक्षको ६ सयबाट वृद्धि भई १ हजार, सहायक केन्द्राध्यक्ष र पर्यवेक्षकको ४ सयबाट वृद्धि भई ८ सय, निरीक्षकको ३ सयबाट वृद्धि गरी ६ सय कायम गरिएको छ।

यसमा पनि २१ जना विद्यार्थीबराबर १ जना निरीक्षक रहने व्यवस्था छ। परीक्षा सञ्चालनमा संलग्न कर्मचारीको हकमा १ सय २५ रुपियाँबाट वृद्धि गरी २ सय ५० रुपियाँ, सुरक्षाकर्मीका लागि ६० रुपियाँबाट वृद्धि गरी १ सय र कार्यालय सहयोगीका लागि ८० रुपियाँबाट वृद्धि गरी १ सय ६० रुपियाँ पारिश्रमिक कायम गरिएको जनाइएको छ।

यो पारिश्रमिक वार्षिक प्रणालीअनुसारको परीक्षामा मात्र लागू हुने बताइएको छ।

# चौधौं वाईवाई नेसनल एजुकेसन अवार्ड हुने

**नेपाल समाचारपत्र**

काठमाडौं

शिक्षालय मासिकको आयोजनामा चौधौं वाईवाई नेसनल एजुकेसन अवार्ड हुने भएको छ।

यस वर्षको अवार्ड कार्यक्रममा माध्यमिक तथा उच्च शिक्षा प्रदान गर्ने शिक्षालय, शिक्षा सेवामा कार्यरत कर्मचारी, विभिन्न संघसंस्थामार्फत शिक्षालाई नीतिगत तथा अन्य पक्षबाट पृष्ठपोषण गर्ने व्यक्तित्व, संघसंस्था तथा शिक्षा पत्रकारलाई समेटिएको छ। कार्यक्रम साउन २८ गते हुनेछ।

यस वर्ष स्कुल अफ दि इयर, एक्सिलेन्स अवार्ड बेस्ट टिचर अवार्ड, गुडविल एचिभमेन्ट अवार्ड, कन्ट्रिब्युसन अवार्ड, डेडिकेसन अवार्ड, क्रिएटिभ कलेज अवार्ड, एजुकेसन जर्नालिस्ट अवार्ड, प्रिन्सिपल अफ दि इयर, राइजिङ अवार्ड, एजुकेसन भिजन अवार्ड, लाइफटाइम एचिभमेन्ट विद्यामा सम्मन गरिनेछ। यसैगरी वाईवाईका तर्फबाट सामुदायिक विद्यालयका उत्कृष्ट विद्यार्थीका लागि २५ हजार नगद राशिको ज्ञानोदय छात्रवृत्ति पुरस्कार प्रदान गरिनेछ।

सोमबार आयोजित पत्रकार सम्मेलनमा नेसनल एजुकेसन अवार्डमा पुरस्कृत हुने क्रियाशील शिक्षा पत्रकारको नामसमेत घोषणा गरिएको छ। जुरी कमिटीका सदस्य तथा हिसानका सचिव ऋषि तिवारीले काठमाडौं पोस्टका विनोद घिमिरे तथा आजको शिक्षा साप्ताहिकका रोशन गाउँलेलाई नगद १० हजार रुपियाँसहित शिक्षा पुरस्कार प्रदान गरिने घोषणा गर्नुभएको थियो।

पत्रकार सम्मेलनमा प्याब्सन उपाध्यक्ष ईश्वर गुरुङ, एनप्याब्सनका पूर्वअध्यक्ष कर्णबहादुर शाही, चौधरी ग्रुपका सिनियर म्यानेजर सुरेन्द्र खनालले अवार्डको विषयमा बोल्नुभएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै शिक्षालयका प्रधान सम्पादक श्याम तण्डुकारले शिक्षा क्षेत्रमा कार्यरत शिक्षाकर्मीको सहयोगबाट कार्यक्रमले निरन्तरता पाएको बताउनुभयो। कार्यक्रम निर्देशक बालमुकुन्द आचार्यले कार्यक्रम निरन्तर हुनुमा सबैको हातेमालो तथा सहयोग रहेको बताउनुभयो।

# नेपाल–चीनबीच संयुक्तरूपमा गैसस परिचालन गर्न सहमत

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल र चीनबीच अन्तरदेशीय गैरसरकारी संस्थालाई संयुक्तरूपमा परिचालन गर्ने सहमति भएको छ। समाज कल्याण परिषद् र चीनको चाइना एनजीओ नेटवर्क फर इन्टरनेसनल एक्सचेन्ज (सीएनआईई) बीच यस्तो सहमति भएको हो।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री थममाया थापा र चीनका उपविदेश मन्त्री वाङ वाजुनको उपस्थितिमा परिषद्का सदस्यसचिव डिल्ली भट्ट र चीनका सीएनआईईका सदस्यसचिव झु रुइले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको परिषद्ले जनाएको छ। उहाँहरूले ३ वर्षे समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको परिषद्का उपनिर्देशक दुर्गाप्रसाद भट्टराईले बताउनुभयो।

उहाँका अनुसार समझदारीपत्रमा जीविकोपार्जन, स्वास्थ्य सेवा, शिक्षा, सीपमा आधारित तालिम, सामुदायिक विकास र विपद् व्यवस्थापनलगायतका क्षेत्रमा काम गर्नका लागि चिनियाँ गैरसरकारी सस्थालाई परिचालन गर्ने विषय समेटिएको छ।

यस समझदारीसँगै नेपालमा चीनका २५ वटा गैरसरकारी संस्था विभिन्न क्षेत्रमा विकासमूलक काम गर्न आउनेछन्। चीनको एक मात्र गैरसरकारी संस्थाले भूकम्पपछि भूकम्प प्रभावित क्षेत्रमा काम गरिरहेको छ। यस समझदारीपछि चिनियाँ गैरसरकारी संस्था वृद्धि हुने जनाइएको छ।

भूकम्पपछि आएको चाइना फाउन्डेसन फर पोभर्टी एलिभिएसन नामक चिनियाँ गैरसरकारी संस्थाले भूकम्प प्रभावित क्षेत्रमा वार्षिक २० करोड खर्च गर्ने गरेको परिषद्ले जनाएको छ। त्यस संस्थाले भूकम्प प्रभावित क्षेत्रमा जीविकोपार्जन, शिक्षा, विद्यालय पुनर्निर्माण र खानेपानीका क्षेत्रमा काम गरिरहेको छ।

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : पैसा प्राप्ति, परिवारमा मिष्ठान्न भोजनको अवसर मिल्ला।
**वृष** : गरेको काम सफल, स्वास्थ्य तन्दुरुस्त, रोमान्टिक यात्रा।
**मिथुन** : राज्यका तर्फबाट डर, मान-प्रतिष्ठामा कमी।
**कर्कट** : सामान्य रोगले समाउला, बढी खर्च, काममा बाधा।
**सिंह** : धन प्राप्ति, अधुरा काम पूरा हुने, मान-सम्मान पाइने।
**कन्या** : केही रकम प्राप्ति, प्रतिस्पर्धीमाथि विजय, सुख-शान्ति।
**तुला** : काममा बढी मेहनत, वाथजन्य रोगको सम्भावना, अधिक खर्च।
**वृश्चिक** : झाडा-पखाला, विवादमा फसिएला, विनाउपलब्धिको परिश्रम।
**धनु** : आर्थिक लाभ, मान-सम्मान, पढाइ-लेखाइमा सफलता, लाभ।
**मकर** : धन र समयको नोक्सानी, चिन्ता, सामान्य टाउको दुख्न सक्छ।
**कुम्भ** : मिष्ठान्न भोजन, खाद्यपदार्थ-उपहार प्राप्तिको सम्भावना।
**मीन** : आर्थिक नोक्सानी, अस्वस्थता, इष्टमित्रसँग विवाद।

# प्रदेश-३

सडकको छेउमै नदीकिनारमा फोहोर फालिँदा सडकमा हिँड्ने यात्रुलाई दुर्गन्धले हैरानी गरेको छ भने नदी प्रदूषित बनेको छ।

## मुग्लिन बजारको फोहोर सीधै त्रिशूलीमा



कृष्ण आचार्य, चितवन

चितवनको मुग्लिन बजार र आसपासको फोहोर त्रिशूली नदीमा फाल्ने गरिएको छ। चौबीसै घन्टा व्यस्त राजमार्गमा रहेको मुग्लिन बजार, कुरिनटार, फिस्लिङ, चुम्लिङटारलगायतका क्षेत्रमा दैनिकरूपमा संकलन हुने फोहोर सीधै त्रिशूलीमा फाल्ने गरिएको हो।

इच्छाकामना गाउँपालिमा पर्ने सो क्षेत्रमा ल्यान्डफिल्डसाइट नहुँदा दैनिक संकलन हुने फोहोर नदीमा फाल्नुपरेको इच्छाकामना गाउँपालिका-४ का वडा अध्यक्ष होमबहादुर रानाले बताए। उनले भने- 'अहिलेसम्म नदीमा नै फोहोर फाल्ने गरेका छौं, ल्यान्डफिल्डसाइट निर्माण अन्तिम चरणमा छ, छिट्टै समस्या समाधान हुन्छ।'

इच्छाकामना गाउँपालिका-५ को मुग्लिन बजार, वडा नम्बर ४ को कुरिनटार र वडा नम्बर ३ को कुरिनघाट, चुम्लिङटार र फिस्लिङको फोहोर इच्छाकामना गाउँपालिकाले त्रिशूली नदीमा फाल्ने गरिएको प्रशासकीय अधिकृत नरहरि सापकोटाले बताए। गाउँपालिका-४ को सोताबगरमा ल्यान्डफिल्डसाइट निर्माण प्रक्रिया अन्तिम चरणमा पुगेको उनले जानकारी दिए। तीन वडाका वडा अध्यक्षसहितको उपभोक्ता समिति गठन गरेर करिब ८ लाख रुपियाँको लागतमा ल्यान्डफिल्ड निर्माण भइरहेको सापकोटाले बताए। नदीकिनारमा फोहोर नफाल्न आफूहरूले निर्देशन दिएको भए पनि ठाउँको अभावका कारण नदीकिनारमा फोहोर फाल्ने गरेको उनले स्वीकार गरे।

सडकको छेउमै नदीकिनारमा फोहोर फालिँदा सडकमा हिँड्ने यात्रुलाई दुर्गन्धले हैरानी गरेको छ भने नदी प्रदूषित बनेको छ। गाउँपालिकामा दैनिक साढे २ टन फोहोर संकलन हुने गरेको छ।

## फोहोर व्यवस्थापनको वैकल्पिक व्यवस्था

मोतीराम तिमल्सिना, काभ्रे

बनेपा नगरपालिकाले लामो समयदेखि व्यवस्थापन गर्न कठिन रहेको फोहोर मैला व्यवस्थापन सार्वजनिक-निजी साझेदारी कार्यक्रममार्फत शुरू गरेको छ।

बनेपामा दैनिक ३० टन फोहोर उत्पादन हुने गरेको छ। उत्पादित फोहोरको व्यवस्थापन गर्न नगरपालिकाले गरिरहेको आन्तरिक व्यवस्थापनलाई सहयोग पुऱ्याउने र फोहोरलाई सामाजिक, आर्थिक र वातावरणीय हिसाबले दिगो व्यवस्थापन गर्न नगरपालिकाले नेसनल बेस्ट म्यानेजमेन्ट एन्ड रिसाइक्लिनिङ सेन्टर, ललितपुरसँग सम्झौता गरेको छ। साउन १ गतेदेखि उक्त सेन्टरले फोहोर संकलनको काम शुरू गरेको नगरपालिकाका प्रमुख लक्ष्मी नरसिं वादेले बताए। 'जनप्रतिनिधि निर्वाचित भएदेखि नै फोहोर-मैला व्यवस्थापनका लागि नगरपालिकाले लिएको अभियानलाई दिगो रूपमै व्यवस्थापन गर्ने गरी शुरू गरिएको छ', नगर प्रमुख वादेले भने- 'नगरपालिकाको प्रमुख समस्या र चुनौती नै फाहोर मैला व्यवस्थापन हो।'

नेसनल बेस्ट म्यानेजमेन्ट एन्ड रिसाइक्लिनिङ सेन्टरले घर-घरबाट फोहोर संकलन गरी रिसाइक्लिनिङ गर्नेछ। त्यसका लागि नगरभित्रै जग्गाको व्यवस्थापन गरिसकेको संस्थाका प्रबन्धक सुजन ढकालले बताए। बनेपामा आयोजित अन्तरक्रिया कार्यक्रममा फोहोर संकलन विधि, त्यसबापत नागरिकको भूमिका र स्थानीय सरकारको दायित्वका बारेमा छलफल गरिएको थियो। फोहोरलाई १२ शीर्षकमा वर्गीकरण गरी घरधुरी (आवास), व्यवसायिक, उद्योग कलकारखाना तथा अन्य शीषर्कलाई फरक-फरक शुल्क तोकिएको छ। कुहिने र नकुहिने फाहोर अलग-अलग बनाई संकलन गरिने र त्यसको तालिका तथा समय र दिनको समेत मोबाइलबाट जानकारी गराउने प्रविधि सेन्टरले शुरू गर्दै छ। चाडपर्व वा कुनै कारणवश फोहोर धेरै भएको अवस्थामा एसएमएसमार्फत फोहोर लिन आउने गरी प्रविधिको विकास गरिएको प्रबन्धक ढकालले बताए।

नगरपालिकाले चाहेको सुन्दर नगर बनाउने सपनालाई साकार बनाउन नागरिकहरूको अधिकारसँगै कर्तव्य र दायित्व रहेको प्रबन्धक ढकालले बताए। फोहोर लिन आउने ट्रक र समय टोल टोलमा र घर-घरमा पुऱ्याउने गरी अभियान शुरू गरिनेछ। सडकमा वा सार्वजनिक स्थानमा फोहोर फाल्नेलाई नगरपालिकाले जरिवाना र कारबाहीसमेत गर्ने नगर प्रमुख लक्ष्मी नरसिं वादेले बताए। प्लास्टिकको कम प्रयोग र प्रयोग गरिसकेपछि त्यसको सही व्यवस्थापन प्रमुख कारण रहेको स्थानीयहरूले बताए। आफू फोहोर सडकमा लगेर मिल्काउने अनि नगरपालिकाले केही गरेन भन्ने प्रवृत्ति रहँदासम्म नगर सफा गर्न चुनौती रहेको नगर उपप्रमुख रेखा सापकोटा दाहालले बताइन्।

अन्तरक्रिया कार्यक्रममा नगरमा फोहोर व्यवस्थापनसँगै फोहोर हुनै नदिन र कुचो लगाउने कुचिकारसमेत नराख्ने गरी अभियान शुरू गरी निरन्तरता दिन नागरिकहरूले विशेष ख्याल गर्नुपर्ने प्रमुख प्रशासकीय प्रमुख भोजराज घिमिरेले बताए। सबै नागरिकका लागि सुविधा उपलब्ध गराउन र सफा राख्न नगरपालिकाले योजना बनाइरहेको घिमिरेले बताए। कार्यक्रममा राजमान मानव र उनका सहयोगी सुशीला महर्जनले नेपालका ५८ वटा नगरपालिका र बंगलादेशमा समेत २ महिना सफा गरी साउनदेखि बनेपामा सफा गरिरहेको बताए। नगरबासीले आफ्नो नगर नसम्झँदासम्म जति कुचो लगाए पनि फोहोर सफा गर्न नसकिने राजमान मानवले बताए। 'तपाईं फाहोर नगर्नुस् हामी सफा गर्छौं।' -उनले भने। कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष मोतीराम तिमल्सिनाले सार्वजनिक स्थानमा फोहोर फाल्नेलाई कारबाही गर्नुपर्ने र फोहोर संकलन व्यवस्थापनलाई चुस्त बनाउनुपर्ने बताए।

नगरपालिकाले सबै वडाहरूमा फोहोर संकलन गरी नगरलाई वातावरणीय हिसाबले सफा राख्ने र फोहोरलाई नै आय स्रोत बनाउने हिसाबले काम गर्ने योजना बनाएको प्रमुख वादेले बताए।


## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**परिचयपत्र हरायो**

प्रतिनिधि सभा सदस्य माननीय भीम बहादुर रावलका स्वकिय सचिव गोविन्द बहादुर दुवालको परिचयपत्र हराएकोले फेला पार्नुहुने महानुभावले ९८५११५९७६३ वा नजिकैको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु।


## त्रिशूली जलविद्युत् केन्द्र पूर्णरूपमा सञ्चालनमा

नुवाकोट, (नेस)

आगलागीका कारण उत्पादन रोकिएको करिब ३ हप्तापछि त्रिशूली जलविद्युत् केन्द्रले पूर्णरूपमा विद्युत् उत्पादन गर्न थालेको छ।

गत असार २६ गते आगलागी भएर पूर्णरूपमा विद्युत् उत्पादन गर्न नसकेको केन्द्रले आइतबारबाट पूर्णरूपमा उत्पादन गर्न थालेको केन्द्रका प्रमुख तारादत्त भट्टले बताए। नेपाल विद्युत् प्राधिकरणको स्वामित्वमा २४ मेगावाट क्षमताको त्रिशूली जलविद्युत् केन्द्रको विद्युत् गृहको जेनेरेसनतर्फको ६.६ केभी साइट ब्रेकरमा असार २६ गते दिउँसो आगलागी भएको थियो। आगलागी भएपछि विदुर नगरपालिकासहित जिल्लाको अधिकांश भागमा लगातार ३० घन्टा विद्युत् अवरुद्ध भएको थियो। तीन ब्रेकरमा आगो लागेर क्षति भएपछि अहिले दुई वटा ब्रेकर ल्याएर उत्पादन थालिएको केन्द्र प्रमुख भट्टले बताए।

अब पूर्णरूपमा सञ्चालनमा आएको छ। हामीले नेपाल विद्युत् प्राधिकरणकै अर्को शाखाबाट दुई वटा ब्रेकर ल्याएर जडान गरी उत्पादन थालेका छौं। साविककै अनुसार उत्पादन भइरहेको छ। अहिले दुई वटा ब्रेकरबाट नै काम सञ्चालन भइरहेको प्रमुख भट्टले जानकारी दिए। आगलागीपछि एक हप्तासम्म त्रिशूली जलविद्युत् र सोही केन्द्रबाट पानी गएपछि सञ्चालन हुने देवीघाट जलविद्युत् केन्द्रको समेत उत्पादन भएको थियो। आगलागीका कारण करिब १ करोड रुपियाँ बराबरको क्षति भए पनि विद्युत् उत्पादन बन्द हुँदा भने करोडौंको क्षति भएको केन्द्रले जनाएको छ। विद्युत् उत्पादन बन्द हुँदा कति नोक्सानी भयो भनेर मूल्यांकन गर्न बाँकी रहेको केन्द्र प्रमुख भट्टले जानकारी दिए। त्रिशूली जलविद्युत् केन्द्रसहित देवीघाटसमेत बन्द भएको हुँदा करोडौंको विद्युत् उत्पादन खेर गएको उनले बताए।

## पहिरो नियन्त्रण हुन नसक्दा जनजीवन प्रभावित

नेपाल समाचारपत्र

रसुवा

रसुवाको दक्षिणी भेग जिबजिबेमा एक दशकअघिबाट पहिरो नियन्त्रण हुन नसक्दा जनजीवन प्रभावित भएको छ।

पहिरो नियन्त्रण गनए बारम्बार आग्रह गर्दासमेत समाधान नभएपछि जिबजिबेबासीले दैनिक चुनौतीको सामना गरी धोबीखोला पार गर्दै आएका छन्। पासाङल्हामु राजमार्गबाट पूर्वतर्फ जिबजिबे जाने सहायक मार्गमा वर्षायाममा पहिरो खस्ने गरेकाले कालिकास्थान जिबजिबे पूर्वीक्षेत्र भाग, ज्याङलाङ, चित्ती, बडहरे, खाल्चेत, बेताङलगायतका गाउँका बासिन्दा प्रभावित भएको स्थानीय समाजसेवी विष्णुप्रसाद पौडेलले बताए।

विसं २०५९ देखि प्राङ्से गाउँबाट खसेको पहिरो रोक्न थुप्रै खर्च लाग्ने भएकाले कालिका गाउँपालिकाले पहिरो रोक्न ध्यान दिन नसक्दा वर्षायाममा विद्यार्थीलाई विद्यालय जान, बिरामी तथा सुत्केरीलाई अस्पताल पुऱ्याउन र मृतक व्यक्तिलाई वेत्रावतीको उत्तरगयाघाटमा दाहसंस्कारका लागि पुऱ्याउन कठिन भएको स्थानीय पौडेलले गुनासो गरे। प्राङ्सेदेखिको पहिरोले धोबीखोलाको पुछार फलाखु खोलासम्म असर पुऱ्याइरहेको छ। पहिरो नियन्त्रणका लागि ५ करोड रुपियाँभन्दा बढी लाग्ने अनुमान गरिएकाले गाउँपालिकाले गरेको लगानी पर्याप्त नभएको स्थानीयबासी बताउँछन्।

भारी वर्षाका कारण आएको पानीले नुवाकोटको लच्याङदेखि रसुवाको पाटीखर्क, सिम्ले भोर्ले, डाँडागाउँ, ठूलोगाउँसमेतको ग्रामीण कृषि सडक बन्द भएको नागरिक समाजले जनाएको छ। वेत्रावती-धुन्चे, स्याफ्रु खण्डको पासाङल्हामु राजमार्ग सञ्चालनका लागि आवश्यक उपकरण र प्राविधिक तैनाथ भए पनि ग्रामीण क्षेत्रका कृषि सडक मर्मत नहुँदा सधैं सडक समस्या भोग्नुपरेको स्थानीयबासीको गुनासो रहँदै आएको छ। भिरालो भू-भाग, भारी वर्षाका कारण कुन ठाउँमा पहिरो जान्छ भन्ने ठेगान नहुँदा स्याफ्रु-रसुवागढीखण्डको लिङलिङ क्षेत्र पनि जोखिम रहेको स्थानीय भीम थापाले बताए। भारी वर्षाका कारण नौकुण्ड गाउँपालिका र कालिका गाउँपालिका केही भागमा जोखिम बढ्दै गएको हो।

### हाकु क्षेत्र पुग्ने मोटरबाटोको निर्माण रोकियो

यसैबीच रसुवाको सदरमुकाम धुन्चेको नजिकै रहे पनि भौगोलिक अवस्थितिका कारण विकट रहेको हाकु क्षेत्रमा निर्माण गर्न लागेको मोटरबाटोको काम स्थगित भएको छ। रसुवाकै इतिहासमा स्थानीय सरकारको तर्फबाट हाकुबोसीदेखि ठूलोहाकुसम्म डोजरको सहायताले करिब १० किलोमिटर सडक निर्माणको काम अगाडि बढाइएको र भारी वर्षाका कारण हुन सक्ने भू-क्षय न्यूनीकरण गर्न निर्माण कार्य स्थगन गरिएको आमाछोदिङ्मो गाउँपालिकाका अध्यक्ष बुचुङ तामाङले बताए।

हाकुबेँसीको त्रिशूली नदीमा पक्की पुल निर्माणका लागि माथिल्लो त्रिशूली जलविद्युत् आयोजनासँग परामर्श भइरहेको गाउँपालिकाले जनाएको छ। चालू आर्थिक वर्षमा ठूलोहाकुसम्म मोटरबाटो पुऱ्याइसक्ने लक्ष्य लिइएको बताउँदै गाउँपालिका अध्यक्ष तामाङले ट्र्याक खोल्न ९५ लाख रुपियाँ विनियोजन गरिसकेको र ट्र्याक खोल्ने काम ५० प्रतिशत पूरा भइसकेको बताए। हाकुका बासिन्दा बिरामी पर्दा अहिलेसम्म डोकोमा बोकेर धुन्चे जिल्ला अस्पताल पुऱ्याउने गरिँदै आएको छ।


## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ●गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

७ जनाको समूहले आफ्नो साथमा रहेको २३ हजार भारतीय रुपियाँ पनि लुटेरे लगे। कुटपिट गरेर जंगलमा फालिएका प्रेमबहादुरलाई मेघालयकै स्थानीयले फेला पारेर बचाएका थिए।

# नेपाल

## संक्षेप समाचार

### जन्मोत्सवमा ५ लाखको अक्षयकोष स्थापना

पर्वत, (नेस)

साहित्यकार तथा सरस्वती शर्मा 'जिज्ञाशु' ले आफ्नो जन्मदिनको अवसरमा ५ लाख ५ हजार ५ सय ५ रुपियाँको अक्षयकोष स्थापना गरेकी छिन्। ५० वर्षमा प्रवेश गरेकी शर्माले उक्त कोष स्थापना गरेकी हुन्। शर्माले स्थापना गरेको अक्षयकोषमार्फत समाजसेवा, विपन्न नागरिकलाई स्वास्थ्य उपचारमा सहयोग, पुरस्कार वितरणजस्ता सामाजिक कार्य गर्ने माधुरी साहित्यिक प्रतिष्ठानले जनाएको छ।

कार्यक्रममा सरस्वती विमल वाङ्मय प्रतिभा पुरस्कार वितरण, स्रष्टा सम्मान, अक्षयकोष स्थापनासहित जिज्ञाशुको भिडियो बायोग्राफीसमेत सार्वजनिक गरिएको छ। विगत एक दशकदेखि पर्वतको कुश्मालाई कर्मथलो बनाएर साहित्य सृजना र पत्रकारिता गर्दै आएकी शर्माले जन्मोत्सवमा पत्रकार राजेन्द्र पहाडी, साहित्यकार कृष्णदेवी श्रेष्ठ र समाजसेवी मानकुमारी गिरीलाई सम्मानसमेत गरेकी छिन्।

### ६० घन्टापछि निस्कियो सिक्री

विराटनगर, (नेस)

विराटनगरमा सुनको सिक्री निलेका एक युवाले करिब ६० घन्टापछि सिक्री दिसा गरेका छन्। सुन किन्ने बहानामा राठी ज्वलरी हाउसबाट सुनको सिक्री निलेका इटहरी २ का सुरजकुमार नेपालले करिब ६० घन्टापछि आइतबार बिहान सिक्री दिसा गरेका हुन्। चोरी गर्ने उद्देश्यले सुन निलेको थाहा पाएपछि मोरङ प्रहरीले नेपाललाई शुक्रबार साँझ पक्राउ गरेको थियो। पक्राउलगत्तै प्रहरीले कोशी अञ्चल अस्पतालमा भर्ना गरेको थियो। अस्पतालका इमरजेन्सी इञ्चार्ज रघुनन्दन अधिकारीका अनुसार नेपालले बिहान ८ बजे सुनको सिक्री दिसा गरेका हुन्।

प्रहरी टोली आलोपालो गरी नेपालको दिसा पर्खेर बसेको थियो। सुन निलेपछि प्रहरीले नेपाललाई कोशी अञ्चल अस्पतालमा भर्ना गरेर अस्पतालले उनलाई अब्जरभेसन वार्डमा राखेको थियो। सुन दिसा गरेपछि उनलाई आइतबार बिहान डिस्चार्ज गरिएको अधिकारीले जानकारी दिए। ३१ वर्षीय नेपालले विराटनगर-९ स्थित राठी ज्वेलरी हाउसबाट सिक्री किन्ने बहानामा नक्कली सिक्री पसलेलाई बुझाएका थिए।

नक्कली सुन बुझाएको भन्दै विवाद बढेपछि पसल सञ्चालकले प्रहरीलाई खबर गरेका थिए ।लगत्तै पुगेको प्रहरीले खानतलासी गर्दा नेपालको साथमा सिक्री नभेटेपछि निलेको आशंकामा अस्पताल पुर्‍याएर एक्सरे गराएको थियो। एक्सरे गराउँदा नेपालको पेटमा सिक्री रहेको पत्ता लागेपछि अस्पताल भर्ना गरिएको थियो। सुन चोरी गरेको पुस्टि भएपछि नेपाललाई चोरी मुद्दा चलाउने प्रहरीले जानकारी दिएको छ।

### शिक्षा र स्वास्थ्यलाई राष्ट्रियकरण गर्न हस्ताक्षर संकलन

बैतडी, (नेस)

अनेरास्ववियु र अखिल (क्रान्तिकारी) बैतडीले शिक्षा र स्वास्थ्यलाई राष्ट्रियकरण गर्न हस्ताक्षर संकलन अभियान शुरू गरेका छन्। १५ दिनसम्म सञ्चालन हुने उक्त हस्ताक्षर अभियानमा ५० हजार जनाको हस्ताक्षर संकलन गरिने अनेरास्ववियु बैतडीका अध्यक्ष भुवन कार्कीले जानकारी दिनुभयो। बैतडीमा सम्पन्न गरेपश्चात प्रदेश नं ७ का सबै जिल्लामा हस्ताक्षर संकलन अभियान सञ्चालन गरिने उहाँले बताउनुभयो।

शिक्षा र स्वास्थ्यलाई राष्ट्रियरण र नि:शुल्क गर्न, स्वास्थ्य क्षेत्रको अनियमितता अन्त्य गर्न हस्ताक्षर अभियान सञ्चालन गरिएको बताइएको छ। राज्यले स्वास्थ्य र शिक्षामा नियन्त्रण कायम गर्न नसक्दा समान्य जनताको पहुँचबाट टाढा भएको, विभिन्न किसिमका विकृति देखा परेको र सुलभ एवं सरल स्वास्थ्य तथा शिक्षाबाट वञ्चित हुनुपरेको भन्दै हस्ताक्षर अभियान सञ्चालन गरेको हो। साथै निजीस्तरबाट सञ्चालित सबै मेडिकल कलेजलाई राष्ट्रियकरण गर्न वा गैर नाफामुखी ट्रस्टमा रुपान्तरण गर्न अक्त अभियान थालिएको जनाएको छ।

५० हजार जनाको हस्ताक्षर संकलन गरिसकेपछि प्रदेश नं ७ को सरकार तथा मुख्यमन्त्री, शिक्षामन्त्री र प्रधानमन्त्रीलाई बुझाइने अनेरास्ववियु बैतडीका अध्यक्ष कार्कीले बताउनुभयो। हस्ताक्षर अभियानलाई सफल पार्न सबैलाई आआफ्नो क्षेत्रबाट सहयोग गरिदिन अनेरास्ववियु र अखिल (क्रान्तिकारी) बैतडीले अनुरोधसमेत गरेको छ।

## ३६ वर्षपछि छोटी भन्सार भयो प्रमुख भन्सार

उत्तम नेपाल, भद्रपुर

भारतको विहार र बंगाल राज्यसँग जोडिएको भद्रपुर छोटी भन्सार कार्यालय ३६ वर्षपछि पुन: प्रमुख भन्सार भएको छ। भद्रपुरस्थित मेची नदीमा पक्की पुल निर्माण भएसँगै मेची भन्सार कार्यालय काँकडभिट्टा मातहतमा रहेको भद्रपुर छोटी भन्सारलाई विभागले चालू आर्थिक वर्षको शुरूबाट प्रमुख भन्सारका रुपमा मान्यता दिएको हो।

अब झापाको पूर्वी सीमानामा भद्रपुर र मेची गरी २ वटा प्रमुख भन्सार कार्यालय भएका छन्। विसं २००८ सालमा झापामा एकमात्र प्रमुख भन्सारको रुपमा स्थापना भएको भद्रपुर पूर्व-पश्चिम महेन्द्र राजमार्ग सुचारु भई काकरभिट्टासँग जोडिन पुगेपछि मेची भन्सारको स्थापना भई भद्रपुरलाई छोटी भन्सारमा राखिएको थियो। विसं २०३९ सालदेखि भद्रपुर छोटी भन्सारको गतिविधिलाई मेची भन्सारले हेर्दै आएको थियो। मेची पुल निर्माण कार्य सम्पन्न भएलगत्तै नेपाल सरकार र भन्सार विभागको पहलमा भद्रपुर भन्सारको स्तरोन्नति भएको बताइएको छ।

भद्रपुर भन्सार कार्यालयको स्तरोन्नति भए पनि विभागबाट कर्मचारी नखटाइएकाले तत्काल मेची भन्सारकै मातहतमा सञ्चालन हुने मेची भन्सार अधिकृत विमल पौडेलले जानकारी दिए। विभागबाट अधिकृतसहितको कर्मचारी पठाएपछि सम्पूर्ण काम र कर्तव्य विभागसँग जोडिने अधिकृत पौडेलको भनाइ छ। निर्णय भइसकेकाले राजपत्रमा प्रकाशित पनि अब केही दिनभित्रमा हुने उनले जानकारी दिए। राजमार्ग दक्षिणमा सञ्चालित केचना, झापा, घेराबारी र पञ्चपाडा भद्रपुर मातहतमामा रहने गरी विभागले तयारी शुरू गरिसकेको बुझिएको छ।

भद्रपुर-५ स्थित करिब १० कठ्ठा क्षेत्रफलमा भद्रपुर भन्सारमा हाल २ वटा गोदामसहित एउटा भवन छ। पुरानो भवन भत्काएर ५ वर्षअघि दुईतले भवन र एउटा गोदाम घर मेची भन्सारले सञ्चालनमा ल्याएको थियो। तर मेची पुल पश्चिमतर्फ रहेको भन्सार कार्यालयको उत्तरबाट सडक विस्तार हुने भएकाले कार्यालय भवनमा केही क्षति हुने भएको छ। भन्सार विभागले पूर्वाधारको योजनासँगै भद्रपुर भन्सारलाई दीर्घकालीन व्यवस्थापन नगरिएकाले नेपाल सरकार, भन्सार विभाग र स्थानीय सरकारले तत्काल भन्सारको पूर्वाधार निर्माणमा जुट्नुपर्ने स्थानीय व्यवसायीको भनाइ छ।

भारतको विहार र बंगाल राज्य, बंगालदेशसहित भुटानसँगको दुरी कम रहेको भद्रपुर भन्सार कार्यालयको पूर्वाधार निर्माणका लागि १० बिगाहा जमिनको आवश्यकता रहेको कार्यालयले जनाएको छ। सडकको आसपासमा जमिन खरिदका लागि अध्ययन शुरू भइसकेकाले भन्सारमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, चेकजाँच स्थल, पशु, कृषि, खाद्य क्वारेन्टाइन, कार्यालय, गोदाम, पार्किङस्थल रहने भन्सार कार्यालयले जनाएको छ।

## पहिरोले यातायात अवरुद्ध

रुकुम, (नेस)

मध्यपहाडि लोकमार्ग अन्तर्गत पर्ने रुकुम पश्चिमको मुसिकोट देखी चौरजहारी सम्मको यातायात सेवा अवरुद्ध भएको छ। अविरल वर्षासंगै सडकखण्डको विभिन्न ठाउँमा झरेको पहिरोका कारण दुई हप्तादेखी यातायात सेवा अवरुद्ध भएको हो। सडकखण्डमा झरेको पहिरोले मुसिकोट-चौरजहारी तथा चौरजहारी-मुसिकोटका लागि चल्ने नियमित यातायात सेवा ठप्प भएको छ।

प्रत्येक दिन साना तथा ठूला सवारी साधनहरू चल्ने गरेको यस सडक खण्डमा यातायात सेवा नै अवरुद्ध हुँदा यात्रुहरूलाई समस्या भएको छ। वर्षाले सडक अवरुद्ध हुँदा काम विशेषले सदरमुकाम आउने र फर्किने गरेका धेरैजसो यात्रुहरू पैदल हिंड्न बाध्य बनेका छन्।

मध्यपहाडी लोकमार्ग अन्तर्गत चौरजहारी नगरपालिकाको वडा नम्बर ८ को ढुङेखानी र गोइरीज्यूला तथा सानोभेरी गाउँपालिकाको अधिकांश सडकखण्डको भूभागमा पहिरो झर्दा यातायात सेवा अवरुद्ध भएको हो। वर्षा रोकिएको अवस्थामा भने मुसिकोटबाट चाईनाबगर सम्मका लागि केही साना जीपहरू फाट्टफूट्ट चल्ने गरेका छन्।

मुसिकोटदेखी चौरजहारी सम्मको ४६ किलोमिटर दूरी रहेको यो सडकखण्डको धेरैजसो भूभागमा पहिरो झर्दा तीब्र गतिमा निर्माण भईरहेको मध्यपहाडि लोकमार्ग सडकखण्डको काम समेत प्रभावित बनेको छ। वर्षाका कारण प्रभावित बनेको यस मध्यपहाडि लोकमार्गको काम आगामी दुई वर्षभित्रै सम्पन्न गर्ने बताईएको छ।

## बेपत्ता भएको ४७ वर्षपछि घर फिर्ता

नेपाल समाचारपत्र

लमजुङ



लमजुङका एक वृद्ध ७१ वर्षको उमेरमा बेपत्ता भई ४७ वर्षपछि घर आएका छन्। बेसीशहर नगरपालिका-२ भकुन्डेमा स्थायी बसोबास भएका प्रेमबहादुर खड्का घर छोडेर सम्पर्कविहीन भएको ४७ वर्षपछि घर फर्केका हुन्।

खड्कालाई गाउँ आउँदा बुढापाकाले मात्र चिनेका र उनले पनि थोरै मात्र पाको उमेरकालाई चिनेका छन्। उहाँले भन्नुभयो- 'बाँचेर गाउँ फर्कन्छु भन्ने सोचेको थिइन, जन्मथलो आए, सबैसँग भेटघाट भयो, खुसी लागेको छ।' खड्काले भारतको मेघालयको एउटा गाउँनजिकै रहेको जंगलमा गाई फारममा काम गर्दै आएको जानकारी दिनुभएको छ।

उमेर ७१ वर्ष नाघेपनि प्रेमबहादुरको अहिलेसम्म नेपाली नागरिकता छैन। उहाँले भन्नुभयो- '७० वर्ष पुगेपछि यहाँ वृद्धभत्ता पाइँदो रहेछ। नागरिकता बनाउन पाए सजिलो हुने थियो। तर मेरो बुबाआमाले पनि नागरिकता बनाएको मलाई थाहा छैन।'

बाल्यकालदेखि नै कामका सिलसिलामा भारतमा रहे पनि २०२८ सालमा बुबा चन्द्रबहादुर बित्दा जम्मा १४ दिन काजकिरियाको लागि घर आएको र त्यसपछि भारत जानुभएका प्रेमबहादुर ४७ वर्षपछि गाउँ सम्झेर फर्कनुभएको हो।

धेरै वर्षपछि घर फर्कने क्रममा भारतकै मेघालयमा कुटपिटका साथै लुटिएको दुखेसो प्रेमबहादुरको छ। उहाँका अनुसार ७ जनाको समूहले आफ्नो साथमा रहेको २३ हजार भारतीय रुपियाँ पनि लुटेरे लगे। कुटपिट गरेर जंगलमा फालिएका प्रेमबहादुरलाई मेघालयकै स्थानीयले फेला पारेर बचाएका थिए।

आफू बेवारिसे स्थितिमा अलपत्र परेका बेला प्रेमबहादुरलाई लमजुङको धमिलिकुवाका एकजना गुरुङ थर भएका व्यक्तिले खर्च हालेर घर पठाएका हुन्। ती व्यक्तिले घर धमिलिकुवा भने पनि नाम याद नभएको प्रेमबहादुर बताउनुहुन्छ।

आफू अहिलेसम्म अविवाहित नै रहेको बताउने उहाँले आफ्नो जन्म मिति २००४ साल वैशाख १४ गते भएको बताउनुभएको छ। उहाँका अनुसार बुबा बितेपछि आमा पनि अन्यत्र विवाह गरेर गएको बताउने खड्का अहिले सौतेनी आमापट्टिका छोरा अर्थात् भाइ तिलकबहादुर खड्काको परिवारसँग बस्न थाल्नुभएको छ।

## ३१ प्रतिशत महिला २० वर्ष नपुग्दै आमा

लमजुङ, (नेस)

लमजुङमा ३१ प्रतिशत महिला २० वर्ष नपुग्दै आमा बन्ने गरेको रहस्य खुल्न आएको छ। लमजुङ जिल्ला सामुदायिक अस्पतालमा प्रसुति शाखाको रेडर्कले त्यस्तो देखाएको हो।

कानुनमा २० वर्षअघि विवाह गर्न बन्देज छ तर लमजुङ जिल्लामा भने ३१ प्रतिशत महिला २० वर्ष नपुग्दै आमा बन्ने गरेका छन्। जिल्ला सामुदायिक अस्पतालमा प्रसुति गराउन आउने मध्येमा ३१ प्रतिशत महिला २० वर्ष मुनिका रहेको सो अस्पतालका स्त्री रोग विशेषज्ञ डा. सिर्जना हमालले बताउनुभएको छ। उहाँका अनुसार २० वर्षभन्दा कम उमेरमा गर्भवती भएका महिलाको विवाह भने १६ देखि १८ वर्षमा भएको पाइएको छ। यो तथ्यांकले आमा सुरक्षा कार्यक्रमका लागि चुनौतीको विषय बन्न गएको छ।

सानो उमेरमा गरिने विवाहले महिलाको स्वास्थ्यमा पनि असर पर्ने हुँदा यसतर्फ सचेत गराउन स्वास्थ्य शिक्षाबारे विद्यालय तहमै बढी जानकारी गराउनुपर्ने जिल्ला सामुदायिक अस्पतालका स्त्री रोग विशेषज्ञ डा. सिर्जना हमाल बताउनुहुन्छ। जिल्ला सामुदायिक अस्पताल लमजुङमा आर्थिक वर्ष २०७४/७५ मा १ हजार १ सय ९० जनाले अस्पतालबाट प्रसुति सेवा लिएकामा २० वर्षमुनिका ३ सय ६३ जना रहेको अस्पतालका प्रमुख प्रशासकीय अधिकृत युवराज देवकोटा बताउनुहुन्छ। उहाँका अनुसार अस्पतालमा प्रसुति सेवाका लागि आउने महिलाको तथ्यांकमा प्रसुति गराउनेमध्ये केही १४ वर्ष उमेरका किशोरी पनि भेटिने गरेका छन्।

२० देखि ३५ वर्ष उमेरसम्म मात्र गर्भवती हुँदा स्वास्थ्य राम्रो हुने अस्पतालकी नर्सिङ प्रमुख राममाया ठकुरी बताउँछिन्। उहाँका अनुसार ३५ भन्दा माथिको उमेर पनि प्रसुतिका लागि उपयुक्त नहुने र १९ वर्षभन्दा कम र ३५ भन्दा माथिको उमेरमा गभर्वती हुँदा पाठेघर खस्ने, विभिन्न रोगको संक्रमण तथा मृत्युको जोखिमसमेत धेरै हुने हुन्छ। यस विषयको चेतना ग्रामीण तहसम्म पुर्‍याउन संयन्त्र बनाइए पनि प्रभावकारी हुन सकेको देखिएन ठकुरी बताउनुहुन्छ।

जिल्ला जनस्वास्थ्य कार्यालयले जिल्लास्थित ४ नगरपालिका र ४ गाउँपालिकामा ६ सय ६९ जना महिला स्वास्थ्य स्वयंसेवीका कार्यरत रहेको र उनीहरूबाट आमा सुरक्षा कार्यक्रमलाई अगाडि बढाइएको जिल्ला जनस्वास्थ्य कार्यालय लमजुङका सुरक्षित मातृशिशु फोकल पर्सन अम्बिका केसीले बताउनुभयो। अघिल्लो आर्थिक वर्ष २०७३/७४ मा १ हजार २ सय २ जनाले प्रसुति सेवा लिएकामा २ सय २५ जना २० वर्षमुनिका रहेको तथा आर्थिक वर्ष २०७२/७३ मा १ हजार २ सय २५ जनाले प्रसुति सेवा लिइएकामा २ सय ५६ जना २० वर्षमुनिका रहेको अस्पतालको तथ्यांकमा उल्लेख छ। त्यस्तै आर्थिक वर्ष ०७३/७४ मा ४१ प्रतिशत महिलाले स्वास्थ्य संस्थामा प्रसुति गराएका छन्। जसमध्ये करिब ३० प्रतिशतले जिल्ला सामुदायिक अस्पतालबाट सेवा लिएको जिल्ला सामुदायिक अस्पतालका इमरजेन्सी अफिसर गणेश गुरुङले बताउनुभयो।

ग्रामीण तहसम्म मातृशिशु कार्यक्रमलाई सञ्चालन गरेसँगै पछिल्लो समय स्वास्थ्य संस्थामा गर्भ परीक्षण तथा प्रसुति सेवा लिनेको संख्यामा पनि वृद्धि हुँदै गएको जिल्ला जनस्वास्थ्य कार्यालय लमजुङका प्रमुख केशवप्रसाद चापागाईंले बताउनुभएको छ। उहाँका अनुसार कम उमेरमा गर्भवती हुँदा स्वास्थ्यमा गम्भीर समस्या पर्ने भन्दै सचेतना बढाउन महिला स्वास्थ्य स्वयंसेविकाको सहयोग लिने गरिएको छ।

## सीतापाइलालाई पर्यटकीय स्थल बनाइने



सरिता चलाउने, सल्यान

सल्यानको शारदा नगरपालिका-२ लुहापिङमा रहेको सीतापाइलालाई दृश्य पार्कका रुपमा विकास गरिने भएको छ। सीतापाइला क्षेत्र धार्मिक महत्त्वको स्थानका रुपमा चिनिन्छ। ढुंगामा पाइला आकारमा कुदिएको प्रतिमा त्रेतायुगमा भगवान रामकी पत्नी सीता यो क्षेत्रमा घुम्दै गर्दा उहाँकै पाइलाको रुपमा रहेको जनविश्वास रहिआएको छ। सीतापाइला रहेको स्थानमा अवस्थित चौतारा यहाँ सरकारी जागिरमा रहेका एक कर्मचारीले निर्माण गरेको वृद्धहरूको भनाइ रहेको छ। २०१६ सालमा तत्कालीन राजा महेन्द्र वीर विक्रम शाह सल्यान खलंगा भएर लुहापिङ सितापाइला हुँदै दाङ झरेपछि यसको प्रचारप्रसार भएको पूर्वशिक्षा राज्यमन्त्री राजेन्द्रबहादुर शाहले बताउनुभयो। उहाँले भन्नुभयो- 'पहिले यहाँ रहेको सीतापाइलामा बाटो हिँड्ने बटुवाले फूल चढाउने गरे पनि खासै चर्चा थिएन। राजाको भ्रमणपछि यसको चर्चा धेरै हुन थालेको हो।'

जीर्ण अवस्थामा रहेको सीतापाइलाको पुनर्निर्मार्ण शुरू भएको छ। पर्यटकीय क्षेत्र दृश्य पार्कका रुपमा विकास गर्न प्रतिक्षालय, पानीपोखरी, विभिन्न मनोरम आकृतिहरू निर्माण गरिएको छ। सीतापाइला समुन्द्री सहतबाट १ हजार २ सय मिटर उचाइमा रहेको र यहाँबाट शारदा नदीको फाँट, स्यानीखाल, माल्नेटा, छत्रेश्वरीलगायतका ग्रामीण भेगहरू, श्रीनगर बजार र शितलपाटी गाउँ देख्न सकिने भएकाले दृश्य पार्कका रुपमा विकास गरिने वडा नम्बर २ का वडाध्यक्ष केशवसिह श्रेष्ठले बताउनुभयो। उहाँले भन्नुभयो- 'चारैतिर देखिने भएकाले पनि निकै आनन्द र मनोरम स्थल रहेको छ।' शारदा नगरपालिकाभित्रका १५ वटै वडामा एक/एक वटा नमुना पार्क निर्माण गर्ने योजनाअनुसार २ नम्बर वडाको सीतापाइलालाई पर्यटकीय स्थलका रुपमा विकास गर्न लागेको नगर प्रमुख सुरेश अधिकारीले बताउनुभयो। उहाँले भन्नुभयो- 'सीतापाइला पार्क निर्माणका लागि पहिलो आर्थिक वर्ष सानपाले ६ लाख रुपियाँ खर्च गरेको छ भने यो आर्थिक वर्ष पनि बजेट विनियोजन गरेका छौं। यसलाई गार्डेनको रुपमा विकास गरिनेछ।'

यो वर्ष सीतापाइला शारदा दृश्य पार्कमा मन्दिर, पोखरी, मुर्ती र पिकनिक स्थान निर्माण गरिने शारदा नगरपालिका प्रमुख प्रसासकीय अधिकृत सुर्वसिंह ठकुरीले बताउनुभयो। उहाँले भन्नुभयो- 'खलंगाको ऐतिहासिकता र सीतापाइलाको दृश्यावलोकन पार्कको विकासका लागि आवश्यक कार्य गर्नेछौं।'

यसैबीच सीतापाइला आसपासको क्षेत्रमा वृक्षरोपण गरिएको छ। शारदा नगरपालिकाका प्रमुख सुरेश अधिकारीले रुद्राक्षको बिरुवा रोपेर वृक्षरोपणको सुरुआत गर्नुभएको हो। सीतापाइला पार्कमा विभिन्न फूललगायतका अन्य प्रजातिका फूल वृक्षरोपण गरिएको छ।

# विश्व

2018, JULY
Tuesday
31

**चुनाव**
जिम्बावेको आम निर्वाचनमा मतदानका लागि मतदान केन्द्रमा उपस्थित आम नागरिक।



**समर्थकको भिड**
दक्षिणी भारतीय राज्य तमिलनाडुका पूर्वमुख्यमन्त्री मुथुभेल करुणानिधिलाई भर्ना गरिएको अस्पतालबाहिर उपस्थित उनका सर्मथकको भिड।



विश्व २ मिनेट

**पाकिस्तान**

## अगस्ट ११मा शपथ

पेसावर, (एजेन्सी)

इमरान खानले अगस्ट ११ मा पाकिस्तानको नयाँ प्रधानमन्त्रीका रूपमा शपथ ग्रहण गर्ने बताएका छन्। जुलाई २५ मा सम्पन्न आम चुनावमा ६५ वर्षीय खानको नेतृत्वमा रहेको पाकिस्तान तहरिक-ए-इन्साफ (पीटीआई) सबैभन्दा ठूलो पार्टीका रूपमा उदय भएको हो। यद्यपि पीटीआईसँग सरकार बनाउन आवश्यक बहुमत भने छैन। पाकिस्तानको ३ सय ४२ सिटको नेसनल असेम्बलीमा २ सय ७२ सिटका लागि प्रत्यक्ष निर्वाचन हुने गर्छ। निर्वाचित २ सय ७२ मा सरकार बनाउन १ सय ३७ सिट हासिल गरेको हुनुपर्छ। सदनमा ६० सिट महिलाका लागि र १० सिट धार्मिक अल्पसंख्यकका लागि आरक्षित छ।

**मलेसिया**

## बेपत्ता विमानको प्रतिवेदन

क्लालालम्पुर, (एजेन्सी)

चार वर्षअगाडि बेपत्ता भएको मलेसियाली एयरलाइन्सको उडान एमएच-३७० सँग सम्बन्धित घटनाको जाँच गरिरहेका अनुसन्धानकर्ताले सोमबार प्रतिवेदन जारी गरेका छन्। प्रतिवेदनमा उक्त वोइङ ७७७ विमानको कन्ट्रोलसँग जानीजानी सम्पर्क बिगारेको र विमानलाई तय रुटबाट अलग रुटमा लिएर गएको उल्लेख गरिएको छ। तर सम्पर्कमा भएको उक्त गडबडीका लागि को जिम्मेवार छ भन्ने निर्क्योल गरिएको छैन। मलेसियाली र अन्तर्राष्ट्रिय जाँचकर्ताहरू उक्त बोइङ मार्ग परिवर्तन गर्न तय रुटबाट हजारौं माइल टाढा गलत मार्गबाट जानुको कारण पत्ता लगाउने प्रयास गरिरहेका छन्।

**जिम्बावे**

## चुनाव प्रारम्भ

हरारे, (एजेन्सी)

लामो समयदेखि सत्तामा रहेका पूर्वराष्ट्रपति रोवर्ट मुगावे अपदस्थ भएयता जिम्बावेमा सोमबार पहिलो पटक आम निर्वाचन भएको छ। मतदान केन्द्रहरूमा उल्लेख्य संख्यामा उत्साहित मतदाता देखिएको स्थानीय सञ्चार माध्यमले जनाएको छ। विदेशी पर्यवेक्षकहरूले यो चुनाव जिम्बावेका लागि दमनकारी विगत तोड्ने ठूलो अवसर सावित हुने प्रतिक्रिया दिएका छन्। राष्ट्रपतीय चुनाव वर्तमान राष्ट्रपति इमर्सन नान्गाग्वा र उनको प्रमुख प्रतिद्वन्द्वी नेल्सन चामिसाबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ। सोमबार नै संसदीय र स्थानीय निर्वाचन पनि शुरू भएका छन्।

**भारत**

## भारत

नयाँदिल्ली, (एजेन्सी)

भारत सरकारले उत्तरपूर्वी राज्य आसामका करिब ४० लाख व्यक्तिको नाम नागरिकताबाट बेदखल गरिएको सूचीमा प्रकाशित गरेको छ। भारतको छिमेकी मुलुक बंगलादेशले स्वाधीनता हासिल गरेको एक दिनअघि अर्थात् सन् १९७१ को २४ मार्चसम्ममा सो राज्यमा आएको प्रमाणित गर्ने सकेका मानिसलाई मात्र राष्ट्रिय नागरिक अभिलेखालय (एनआरसी)ले नागरिकको मान्यता दिएको बुझिएको छ। भारतले अवैध ढंगले प्रवेश गरेका बंगलादेशी आप्रवासीको पहिचानका लागि प्रक्रिया चालिनुपर्ने जनाएको छ। तर अधिकारीहरूले कसैलाई तत्काल देश निकाला नगरिने जनाएका छन्।

# देशका पत्रकार देशद्रोही हुन् : ट्रम्प

वासिङ्टन, (एजेन्सी)

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले देशका पत्रकारलाई 'देशद्रोही' बताए। उनीहरूले समाचारबाट नागरिकको ज्यान खतरामा पारेको उनले आरोप लगाए।

ट्रम्पले ट्विटमा भने- 'जब ट्रम्प डिरेन्जमेन्ट सिन्ड्रोमबाट उन्माद चढेका सञ्चार माध्यम हाम्रो सरकारको आन्तरिक वार्तालाई बाहिर ल्याउँछ, त्यसले वास्तवमा पत्रकारको मात्र होइन, कयौं नागरिकको ज्यान खतरामा पुऱ्याउँछ।' मूलधारका सञ्चार माध्यममाथि गलत खबर छापेको आरोप लगाउँदै उनले भने- 'प्रेस स्वतन्त्रता सटिक ढंगले समाचार सम्प्रेषणसँगै जिम्मेवारीपूर्वक आउँछ।'



ट्रम्पले भने- 'मेरो प्रशासनको ९० प्रतिशत कभरेज नकारात्मक छन्, जब कि हामीले बेजोडले सकारात्मक नतिजा हासिल गरिरहेका छौं। यसमा कुनै आशंका नै छैन। तर, सञ्चार माध्यमप्रतिको विश्वास अहिलेसम्मकै सबैभन्दा तल्लो स्तरमा छ।'

अमेरिकी राष्ट्रपतिले आरोप लगाउँदै विफल न्युयोर्क टाइम्स र अमेजोन वासिङ्टन पोस्टले अत्यन्त सकारात्मक उपलब्धिहरूमा पनि खराब समाचार लेख्ने गरेको र उनीहरू कहिल्यै नबदलिने बताए। यसअघि ट्रम्पले ट्विटमा न्युयोर्क टाइम्सका प्रकाशक एजी सल्जबर्जरसँग ह्वाइट हाउसमा अत्यन्त राम्रो र रोचक भेटघाट गरेको उल्लेख गरेको थिए। तर न्युयोर्क टाइम्सका प्रकाशकले ह्वाइट हाउसमा भएको भेटवार्ताका क्रममा ट्रम्पलाई सञ्चार माध्यममाथि उनको बढ्दो हमला देशका लागि खतरनाक र हानिकारक भएको र त्यसबाट हिंसा बढ्ने आफूले सचेत गराएको बताएका छन्।

उक्त बैठकमा टाइम्सका सम्पादकीय पृष्ठका सम्पादक जेम्स बेनेट पनि सहभागी भएको सल्जबर्जरले बताए। ह्वाइट हाउसको आग्रहमा त्यो गोप्य बैठक भएको तर ट्रम्पले त्यसलाई ट्विट गरी सार्वजनिक गरेको पनि उनले बताए।

सल्जबर्जरले भने- 'भेटवार्ताका लागि तयार हुनुमा मेरो मुख्य उद्देश्य राष्ट्रपतिको प्रेस विरोधी बयानलाई लिएर चिन्ता व्यक्त गर्नु थियो। मैले सीधै राष्ट्रपतिलाई भनेको थिएँ, उनको भाषा विभाजनकारी मात्र होइन, खतरनाक पनि हो।'

# बेलायती विदेशमन्त्रीले चिनियाँ पत्नीलाई जापानी बताए

बेइजिङ, (एजेन्सी)



बेलायतका नयाँ विदेश मन्त्री जेरेमी हन्ट आफ्नी चिनियाँ मूलकी पत्नीलाई जापानी भएको बताएर अप्ठ्यारो स्थितिमा फास्न पुगेका छन्। चीनको भ्रमणमा रहेका हन्टले आफ्नी पत्नीको प्रसंगमा उक्त गल्ती गरेका हुन्।

चीन र जापान शताब्दियौंदेखि शत्रु देशका रूपमा रहेका छन्। अहिले केही वर्षदेखि उनीहरूबीचको सम्बन्ध अत्यन्त सुधार भएको देखिए पनि तनावको स्थिति पनि यथावत छ।

विदेशमन्त्री जेरेमी हन्ट आफ्नो पहिलो चीन यात्रामा छन्। उनले आफ्नो गल्ती तत्काल समाउँदै त्यसलाई 'भयानक गल्ती' बताएका थिए। हन्टले आफ्ना चिनियाँ समकक्ष वाङ यीलाई भने- 'मेरी पत्नी जापानी ...... मेरी पत्नी चिनियाँ हुन्। यो त भयानक गल्ती भयो।'

त्यसपछि उनले भने- 'मेरी पत्नी चिनियाँ मूलकी हुन् र मेरा बच्चा आधा चिनियाँ हुन्। उनका हजुरआमा-हजुरबुवा चीनको शियानमा बस्छन्।'

हन्टले लुसिया गोसँग विवाह गरेका थिए र उनीहरूका तीन सन्तान छन्। जेरेमी हन्टलाई बोरिस जोन्सनले राजीनामा दिएपछि बेलायतको विदेशमन्त्री बनाइएको थियो। हन्ट अहिले ब्रेक्जिटलाई ध्यानमा राख्दै चीनसँगको व्यापार सम्बन्ध बलियो बनाउने उद्देश्यले चीन यात्रामा छन्।

व्यापार, जलवायु र उत्तर कोरियाविरुद्ध राष्ट्र संघीय नाकाबन्दीका विषयमा उनले चिनियाँ नेताहरूसँग वार्ता गर्ने बताइएको छ। चिनियाँ सरकार ब्रेक्जिटपछिको बेलायतसँग खुला व्यापार सम्झौतामा छलफल थाल्न तयार रहेको हन्टले बताएका थिए।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग दोहोरो व्यापारिक विवादमा चीन अल्झिरहेका बेला उनको उक्त भनाइ आएको हो। ट्रम्पले यसै महिनाको शुरूआतमा चिनियाँ वस्तुको आयातमा ५ सय अर्ब डलरको अतिरिक्त कर लगाउन सक्ने चेतावनी दिएका थिए। अहिले बेइजिङ जर्मनीको दबाबमा पनि परेको छ। उसले राष्ट्रिय सुरक्षाको कारण देखाई चिनियाँ सरकारी ऊर्जा कम्पनी एसजीसीसीबाट सामान किन्न रोक लगाएको थियो।

# कार आक्रमणमा चार साइकल चालक मारिए



डुसान्बे, (एजेन्सी)

ताजकिस्तानमा आइतबार एउटा कारले हिर्काउँदा ४ जना विदेशी साइकल चालकको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन्। तिनीहरूमाथि नियतवश आक्रमण गरिएको हुनुपर्ने प्रहरीले जनाएको छ।

राजधानी डुसान्बेदेखि करिब ७० किमि दक्षिणपूर्वमा पर्ने दान्गहारा जिल्लामा भएको यस घटनामा दुई अमेरिकी, एक स्विस र एक डच नागरिक परेका छन्। अन्य तीन जना पर्यटक पनि यस घटनामा घाइते भएका छन्। ताजिक अधिकारीहरूले यस घटनामा संलग्न रहेको आशंका गरिएका दुई जना मानिसपछि मारिएको बताएका छन्।

गृह मन्त्रालयले उक्त घटनापछि थालिएको विशेष सुरक्षा कारबाहीको दौरान ती आशंकितहरूले प्रतिवाद गर्न खोजेपछि तिनीहरूलाई मारिएको जनाएको छ। अर्को एक व्यक्तिलाई गिरफ्तार गरिएको र घटनामा संलग्न देखिएको क्षतिग्रस्त कार पनि फेला पारिएको बताइएको छ।

स्थानीय सञ्चार माध्यमले साइकलिङ समूहलाई कारले किचिसकेपछि तिनीहरूले पर्यटकहरूलाई छुरा प्रहार गरेको जनाएको छ। सोमबार ताजिकिस्तानका राष्ट्रपति इमोमाली राख्मोनले अमेरिका, नेदरल्यान्डस र स्विजरल्यान्डलाई समवेदना पठाएका छन्।

फ्रान्स, नेदरल्यान्डस र स्विजरल्यान्डका अन्य ३ पर्यटकसहितको सो टोली मध्य एसियाली राष्ट्रको भ्रमणमा निस्केको थियो। डुन्साबेस्थित अमेरिकी दूतावासले जारी गरेको विज्ञप्तिमा भनिएको छ- '२९ जुलाईमा दान्गाहारा जिल्लामा दुई अमेरिकी साइकल चालक मारिएको हामी पुष्टि गर्न सक्छौं। निजी गोपनीयताको कारण हामी थप विवरण खुलाउन असमर्थ छौं।'

स्विस, डच र फ्रेन्च अधिकारीहरूले यसबारे अहिलेसम्म कुनै पनि सार्वजनिक प्रतिक्रिया दिएका छैनन्। सन् १९९१ मा पूर्वसोभियत गणतन्त्रबाट स्वाधीनता हासिल गरेको ताजिकिस्तानमा गरिबी र अस्थिरता व्याप्त छ।

# चिनियाँ इन्टरनेट जारलाई घूस लिएको अभियोग

बेइजिङ, (एजेन्सी)


चीनको इन्टरनेट सेवा प्रदायक प्रमुख लु वेइलाई सोमबार घूस लिएको आरोप लगाइएको छ। आधिकारिक सरकारी समाचार निकाय सिन्ह्वाले उनीमाथि आफ्नो पद दुरूपयोग गरी धनसम्पत्ति आर्जन गरेको अभियोग लगाइएको जनाएको छ।

अनलाइन सञ्चार सञ्चालनको विभाग सम्हाल्ने लु चीनको सबैभन्दा वरिष्ठ चिनियाँ अधिकारीमध्ये एक हुन्। उनको चीनको 'इन्टरनेट जार'को भूमिकाको कारण लु एकपटक टाइम म्यागजिनको विश्वका एक सय सबैभन्दा प्रभवशाली व्यक्तित्वको सूचीमा परेका थिए।

उनले घोटाला गर्ने काममा अन्य अधिकारीहरूलाई समेत फाइदा हुने गरी प्रयोग गरेको पनि बताइएको छ। कुनै समय लु चिनियाँ राष्ट्रपति सी जिन्पिङको प्रमुख सहयोगी मानिन्थे।

सन् २०१२ मा सीको कार्यकालको शुरूमा उनी छिटोछिटो पदोन्नोतिमा परेका थिए। सिन्ह्वा समाचार निकायका पूर्वउपाध्याक्ष उनी एकपटक चीनको प्रचार प्रसार विभागका निर्देशक पनि रहेका थिए।

राजधानी बेइजिङ महानगरपालिकाका उप मेयरसमेत रहेका लु सरकारी प्रोपोगान्डा निकायका पनि प्रमुख रहेका थिए। उनी सन् २०१३ को अगस्टमा चीनको साइवरस्पेस प्रशासनका प्रमुख बनाइएका थिए। तर अचानक सन् २०१५ को जुलाईमा अनलाइन सञ्चार प्रमुखमा उनलाई हटाएर सु लिनलाई ल्याइएको थियो।



# तमिलनाडुका पूर्वमुख्यमन्त्री करुणानिधि अस्वस्थ



नयाँदिल्ली, (एजेन्सी)


दक्षिणी भारतीय राज्य तमिलनाडुको एउटा अस्पतालसामु विशाल भिड जम्मा भएमो छ। शनिबार सो अस्पतालमा उक्त राज्यमा पाँचपटक मुख्यमन्त्री भइसकेका ९४ वर्षीय मुथुभेल करुणानिधिलाई उपचारका लागि भर्ना गरिएको थियो।

पिसाबनलीमा संक्रमण भएका उनको त्यहाँको सघन उपचार कक्षमा उपचार भइरहेको छ। डाक्टरहरूले उनको स्वास्थ्यमा आंशिक सुधार आएको बताएका छन्। तर उनको स्वास्थ्यको खबर सुन्न उत्सुक भावुक भिडलाई सम्हाल्न निकै कठिन भइरहेको स्थानीय सञ्चार माध्यमले जनाएको छ।

भारतको डीएमके पार्टीको ५० वर्ष लामो समयसम्म नेता रहेका उनलाई आफ्ना राजनीतिक समर्थकहरूले भगवान्‌जस्तै मान्ने गरेका छन्। अचानक रक्तचाप घटेपछि उनलाई चेन्नाई शहरको अस्पतालमा शनिबार राति भर्ना गरिएको थियो।

केही दिनअघि मात्र उनलाई श्वास फेर्न सजिलो बनाउन दिन उनको ट्राचिओस्टोमी नली परिवर्तन गरिएको थियो। उनलाई सधैं उनका पूर्व प्रतिद्वन्द्वी तथा तमिलनाडुका पूर्वमुख्यमन्त्री जयराम जयललितासँग तुलना गरिने गरिएको छ। जयललिताको सन् २०१६ मा हृदयाघातको कारण निधन भएको थियो।

{ शिक्षा विभागका उपसचिव नरहरी अर्यालले प्यूठान नगरपालिका आधारभूत तहका बालबालिका विद्यालय भर्ना घोषणा गर्नेमा मुलुककै तेस्रो स्थानीय तहअन्तर्गत परेको जानकारी दिए।



# नेपाल

## कलेजो प्रत्यारोपण गरेका खड्का डिस्चार्ज

# तेस्रोपटक कलेजो प्रत्यारोपण

पुष्कर बुढाथोकी, भक्तपुर

शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र (मानव अंग प्रत्यारोपण केन्द्र) भक्तपुरमा सफल कलेजो प्रत्यारोपण गरेका सितेरियो कराँते खेलाडी बद्री खड्का डिस्चार्ज भएका छन्। बूढानीलकण्ठ नगरपालिका-११ कपन निवासी ४३ वर्षीय खड्का आइतबार एक महिनाको अस्पताल बसाइपछि घर फर्किएका हुन्।

ओम अस्पताल, वीर अस्पताल, नर्भिक अस्पताल, काठमाडौं मेडिकल कलेज हुँदै भक्तपुरको शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा आएर असार ७ गते भर्ना भएका खड्काको असार १० गते सफल कलेजो प्रत्यारोपण भएको हो।

२०६२ मा कलेजोमा दाग देखिएपछि उपत्यकाका नाम चलेका अस्पताल धाउँदा करिब २० लाख सिद्धिएको बताउने खड्का यसरी कलेजो प्रत्यारोपण हुन्छ भन्ने पत्यार नलागे पनि भक्तपुरमा शल्यक्रिया भएपछि दोस्रो जुनी पाएको खड्काको भनाइ छ। डिस्चार्जपछि आइतबार खड्काले पहिलेजस्तो पेटमा समस्या नरहेको बताउँदै केही दिनपछि आफू पुरानै अवस्थामा फर्कने बताउनुभयो।

३ वर्षयता कलेजोले काम नगर्दा शरीर सुन्निनुका साथै पेटमा पानी भरिएर निकै ठूलो समस्या भोग्दै आउनुभएका खड्काले पटक-पटक फोक्सोबाट पानी निकाल्नुपरेको थियो। त्यो पीडा सम्झेर श्रीमती रुषाले श्रीमान्लाई कलेजो दिएर बचाउने निर्णय गर्नुभएको थियो। कलेजो श्रीमतीले दिने निर्णय भए पनि नेपालमा कलेजो प्रत्यारोपण सेवा थिएन। साथीभाइ र आफन्तले भारत जान सल्लाह दिएका थिए। भारतमा प्रत्यारोपणमै १ करोडभन्दा बढी लाग्ने र डिस्चार्ज भएर आउने बेलासम्म १ करोड ५० लाख खर्च हुने जानकारी पाएपछि त्यो ब्यहोर्न नसक्दा रोग पालेर बस्न बाध्य भएको खड्काले बताउनुभयो।

मासिक झन्डै १ लाख रुपियाँ औषधि उपचारमै खर्च भइरहेको अवस्थामा ८ महिनाअघि भक्तपुरस्थित शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा कलेजो प्रत्यारोण भएको खबरले खड्काको बाँच्ने आशा पलाएको थियो।

४ महिनाअघि फेरि दोस्रोपटक कलेजो प्रत्यारोपण भएपछि भने खड्का केन्द्रको सम्पर्कमा आउनु भएको हो। केन्द्रका निर्देशक डा. पुकारचन्द्र श्रेष्ठले २० लाख जम्मा गरे शल्यक्रिया गरेर कलेजो प्रत्यारोपण गरिदिने आश्वासन दिएपछि खड्का दम्पतीलाई ढुंगा खोज्दा देउता भेटेझैं भएको थियो रे। सबै जाँच गर्दा श्रीमती रुषाको कलेजो प्रत्यारोपण गर्न मिल्ने भएपछि असार ७ गते केन्द्रमा भर्ना भएका खड्काको तीन दिनपछि भारत र नेपालका २ दर्जनबढी चिकित्सकले १५ घन्टा लगाएर जटिल मानिएको खड्काको कलेजो प्रत्यारोपण गरेका थिए।

कराँतेका मास्टर र कराँतेका थ्री डन बद्रीको दुईवटा आफ्नै डोजो र विभिन्न विद्यालयमा सिकाउँदै आउनुभएको थियो। समयमै खाना खाने व्यवस्था नहुँदा धपेडीकै कारण कलेजो बिग्रिएको खड्काको बुझाइ छ। केन्द्रका प्रमुख एवं निर्देशक डा. पुकारचन्द्र श्रेष्ठले अहिलेसम्म तीनवटा कलेजो प्रत्यारोपण सफलतापूर्वक भएको बताउँदै अब ५ वटा कलेजो प्रत्यारोपण गर्ने तयारीमा रहेको बताउनुभयो।

खड्काको कलेजो प्रत्यारोपणमा भारतको दिल्लीस्थित म्याक्स अस्पतालका प्राडा सुभास गुप्ताको नेतृत्वमा रहेको ९ सदस्यीय टोली र केन्द्रका डा. पुकारचन्द्र श्रेष्ठको नेतृत्वमा रहेको १५ सदस्यीय टोली खटिएको थियो। टोलीले १५ घन्टा लगाएर खड्काको कलेजो प्रत्यारोपण गरेको हो। निर्देशक डा. श्रेष्ठका अनुसार यसअघि शल्यक्रियापछिका सबै उपचारमा विदेशी चिकित्सक टोली रहे पनि यसपटक सबै स्थानीय चिकित्सक टोलीले गरेको हो। आगामी दिनमा हुने प्रत्यारोपणमा विदेशी चिकित्सकको भूमिका घटाउँदै स्थानीयको भूमिका बढाएर लैजाने केन्द्रका निर्देशक श्रेष्ठको भनाइ छ।

# प्यूठान नगरका सबै विद्यार्थी स्कुल भर्ना

प्यूठान, (नेस)

प्यूठान नगरपालिकालाई पूर्ण भर्ना नगर घोषणा गरिएको छ। चालू शैक्षिक सत्रमा आधारभूत तहका सबै बालबालिका विद्यालय भर्ना भएपछि एक समारोहका बीच पूर्ण भर्ना नगर घोषणा गरिएको हो। नगर क्षेत्रभित्रका विद्यालय जाने उमेर समूहका ५ देखि १२ वर्ष उमेर समूहका सबै बालबालिका विद्यालय भर्ना भइसकेको नगरपालिकाले जनाएको हो। बिजुवार पूण्यखोलामा आयोजित विशेष समारोहमा प्रदेश-५ का मुख्यमन्त्री शंकर पोखेलले घोषणा गरेका हुन्। मुख्यमन्त्री निर्वाचित भएपछि पहिलोपटक प्यूठान आएका पोखेलले घोषणा समारोहलाई सम्बोधन गर्दै मुलुकलाई समृद्ध बनाउन शैक्षिक क्षेत्रको विकास गर्नुपर्ने बताए। दक्ष जनशक्तिबाट नै समृद्धिको सपना पूरा हुने उल्लेख गर्दै सरकारले प्रदेशलाई शिक्षा क्षेत्रमा थुप्रै अधिकार प्रदान गरेको बताए।

प्रदेश-५ को शैक्षिक विकासमा उपलब्धि देखिने गरी काम गर्ने पोखेलको भनाइ छ।

यसवर्ष प्रदेश सरकारले जनताको जीवनस्तर परिवर्तन हुनेगरी नीति, कार्यक्रम तथा बजेट ल्याएको समेत उनले सुनाए। जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई समृद्धिसँग जोड्नुपर्ने बताउँदै उनले भने- 'राजनीतिको पनि उद्देस्य समाज बदल्ने हो। जनताको जीवन बदल्ने कुरा गरौं।' कृषि उत्पादनलाई व्यवसायीकरण, बजारीकरण र आधुनिकीकरण गर्दै जिल्लाको भूमिमा सुन फलाउनुपर्ने पोखेलको भनाइ छ। उनले भने- 'आत्मनिर्भर हुनेगरी कृषिमा लाग्नुस्।' नगरपालिकाभित्रका ५२ सामुदायिक विद्यालय, १२ संस्थागत, ६९ बालविकास केन्द्र, ५ सामुदायिक सिकाइ केन्द्र, २ वैकल्पिक सिकाइ केन्द्रको सेवा क्षेत्रका शत प्रतिशत बालबालिका विद्यालयमा भर्ना भएको नगरप्रमुख अर्जुनकुमार कक्षपतीले जानकारी गराए। चालू शैक्षिक सत्रमा नगरपालिकाभित्रका १ देखि ८ कक्षासम्म ९ हजार ७ सय ११ जना बालबालिका विद्यालय भर्ना भएको मेयर कक्षपतिले बताए। भर्ना अभियानमा नगरपालिकाले सबै वडामा घरदैलो अभियान चलाएकाले सबै विद्यार्थीलाई स्कुलमा भर्ना गराउन सकिएको नगरप्रमुखको भनाइ छ। आधारभूत तहमा नगरपालिकाको औसत सिकाइ उपलब्धि ६० प्रतिशत रहेको छ।

शिक्षा विभागका उपसचिव नरहरी अर्यालले प्यूठान नगरपालिका आधारभूत तहका बालबालिका विद्यालय भर्ना घोषणा गर्नेमा मुलुककै तेस्रो स्थानीय तहअन्तर्गत परेको जानकारी दिए। उनका अनुसार यसअघि बर्दियाको बारबर्दिया नगरपालिका र सप्तरीको सुरुंगा नगरपालिका घोषणा भइसकेका छन्। कार्यक्रममा जिल्लाबासीको तर्फबाट जिसस अध्यक्ष केशव आचार्यले जिल्लाको समग्र विकास समेटिएको १४ बुँदे मागपत्र मुख्यमन्त्रीलाई हस्तान्तरण गरे। विद्यार्थीलाई भर्ना गराउने, विद्यालयमा टिकाउने, सिकाउने र बिकाउने खालको वातावरण बनाउनतर्फ जोड दिनुपर्ने सरोकारवालाले सुझाव छ। जिल्लाभर अझै पनि ८ प्रतिशत बालबालिका विद्यालयको पहुँचबाहिर रहेको सरोकारवाला निकायले जनाएका हुन्।

# प्रधानसेनापति पूर्वक्षेत्रमा

काठमाडौं, (नेस)।

प्रधानसेनापति राजेन्द्र क्षेत्रीले इटहरीस्थित पूर्वी पृतना हेडक्वाटर झापास्थित नयाँ श्रीनाथ गण, मोरङ जिल्लाको लेटाङस्थित पूर्वी पृतना तालिम शिक्षालय र याङशिलास्थित कालीशक्ति गणको निरीक्षण भ्रमण गर्नुभएको छ।

निरीक्षण भ्रमणका क्रममा प्रधानसेनापति क्षेत्रीले उक्त पृतना, गण, गुल्म र शिक्षालयको वस्तुस्थिति, तालिम, बन्दोबस्तीलगायत अन्य विविध पक्षबारे जानकारी हासिल गर्नुभई सकलदर्जालाई सम्बोधन गर्नुभएको थियो।

# 'विकासका लागि भ्रष्टाचार बाधक'

काठमाडौं, (नेस)

राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) का अध्यक्ष पशुपति शमशेर जबराले मुलुकमा बढ्दै गएको महँगी र भ्रष्टाचारलाई सरकारले नियन्त्रण गर्न नसकेको आरोप लगाउनुभएको छ।

उहाँले दुई तिहाइ बहुमत प्राप्त वर्तमान सरकारले अनियमितता गर्ने कर्मचारी, व्यापारी, राजनीतिज्ञ, समाजसेवीलगायतलाई दण्डित गर्नुपर्नेमा जोड दिँदै देश विकासका लागि भ्रष्टाचार बाधक रहेको बताउनुभयो। बजार नियमन र अनुगमनलाई सरकारले तीव्रता दिन नसकेको उहाँको आरोप थियो।

## अन्तर्राष्ट्रिय मानवअधिकार दिवस

# खाडीमा हराउने महिलाको संख्या बढ्दै

नेपाल समाचारपत्र

बाँके

खाडीमुलुकमा पुगेर घरपरिवारको सम्पर्कबाट टाढिएका नेपाली महिलाको संख्या दिन प्रतिदिन बढिरहेको छ। भारत तथा खाडीमुलुकमा पुगेर हराउने नेपाली महिलाको संख्या बढ्दै जानु चिन्ताको विषय भएको छ।

अन्तर्राष्ट्रिय मानव बेचबिखनविरुद्धको दिवस मनाइरहँदा आएको यस्तो तथ्यांकले राज्य तथा सरोकारवाला निकायलाई झस्क्याएको हो। नेपालगन्ज नाकाबाट मात्रै आर्थिक वर्ष २०७४/७५ मा ९ सय १३ जना महिला खाडीमा पुगेर घरपरिवारबाट सम्पर्कविहीन भएका छन्। यीमध्ये कतिपय केही समय सम्पर्क रहे पनि पछि हराएका छन्।

घरपरिवारले खोजतलास तथा उद्धारका लागि निवेदन दिएका छन्। गतवर्ष ७ सय १३ जनाको यस्तो निवेदन आएको थियो। मानव बेचबिखनविरुद्ध काम गर्ने माइती नेपाल, नेपालगन्जमा मात्रै खोजतलास तथा उद्धारका लागि यति निवेदन आएका हुन्।

बाँकेकी एक महिला भारतीय बाटो हुँदै साउदी अरब पुगिन्। साउदी पुगेको ७/८ महिनामा उनले घरमा फोन गरेर छिटो उद्धार गर्न रोइकराई गरिन्। 'कुटपिट गर्छ, खान दिन्न, बिरामी हुँदा पनि काममा लगाउँछ, म त मर्छु होला, छिटो उद्धार गर्नु' -महिलाले रुँदै घरमा फोन गरेपछि घरपरिवारले माइती नेपालमा निवेदन दिए।

घरपरिवारले निवेदन त दिए तर उद्धार कसरी गर्ने? न त त्यहाँ राज्यको निकाय छ न त माइती नेपालजस्ता संस्था नै जान सक्छन्। ती महिला अहिले सम्पर्कमा छैनिन्।

घरपरिवारको सल्लाह या आफैं दलालको प्रलोभनमा परेर खाडी मुलुकमा पुगेका महिलामा यस्तो समस्या आउने गरेको छ। सबैजसो भारतीय बाटो हुँदै त्यहाँ पुग्ने गर्दछन्। खोजतलासको निवेदन दिनेमा यस क्षेत्रमा बाँके, दाङ, सुर्खेत, बर्दिया र सल्यानका महिला धेरै रहेको माइती नेपाल, नेपालगन्जका प्रमुख केशव कोइरालाले बताउनुभयो।

भारतीय बाटो हुँदै वर्षमा कति नेपाली महिला खाडी मुलुक पुग्छन्, तथ्यांक छैन। नेपालगन्ज नाका भएर पूर्वी नेपालका महिलासमेत भारत हुँदै खाडीमा पुग्ने गरेको तथ्यांकले देखाएको छ। हुन त नेपालगन्ज नाकामा प्रहरी, माइती नेपाललगायत आधा दर्जन संघ संस्थाले निगरानी राख्छन्। त्यसका बाबजुद भीडभाडको फाइदा उठाउँदै दलालले महिलालाई नाका पार गराउने गरेको पाइन्छ।

प्रहरीसँग मिलेर नाकामा बसेको माइती नेपालले एक वर्षमा जोखिमपूर्ण यात्रामा हिँडेका ९ सय ३० जनालाई फिर्ता गरेको छ। ९ सय ५६ जनालाई पारिवारिक पुनर्मिलन गराएको छ।

### ५२ को उद्धार

माइती नेपालले एक वर्षमा ५२ जनाको उद्धार गरेको छ। भारत तथा खाडी मुलुकमा श्रम तथा यौन शोषणमा परेका महिलाको उद्धार भएको हो।

यसमा भारतबाट उद्धार हुने धेरै छन्। भारतमा माइती नेपालले माइती इन्डियाका साथै त्यहाँका संघ संस्थासँग मिलेर काम गर्ने भएकाले बढी नेपाली चेलीको उद्धार भएको छ। भारतबाट वेश्यामा रहेका महिलाको उद्धार भएको छ।

फेसबुक, फोन, माया प्रेम, विवाहको नाटक गरेर किशोरीहरूलाई भारतमा पुऱ्याएर बेच्ने गरेको तथ्यांकले देखाएको छ। १४ वर्षकी एक किशोरीलाई प्रेमीले नै भारतको आग्रामा पुऱ्याएर वेश्यालयमा बेचिदिएका थिए। १८ महिनासम्म नरकीय जीवन बिताएकी उनलाई माइती नेपालले उद्धार गरेको छ।

मानव बेचबिखन तथा ओसारपसार बढ्दै जाँदा जनचेतनाका कार्यक्रममा पनि तीव्रता आइरहेको छ। महिलाहरू बेचिएको तथा जोखिममा परेको तथ्यांक धेरै हुँदा दलाल भने पक्राउ परेको पाइँदैन।

बेचिएर आएका महिलाले पनि आर्थिक, सुरक्षालगायतका कारणले दलाललाई उम्काइदिने गरेका छन्। एक वर्षमा ६ जना दलाललाई मात्रै पक्राउ गरेर कारबाहीको प्रक्रियामा ल्याइएको छ।

# चीनद्वारा काठमाडौं महानगरलाई 'ब्रुमर' हस्तान्तरण

नेपाल समाचारपत्र

काठमाडौं

चीनको छेङ्दु नगरले काठमाडौं महानगरपालिकालाई २ वटा ब्रुमर हस्तान्तरण गरेको छ। प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमण गएको बेला ब्रुमर उपलब्ध गराउने सहमति भएको थियो।

काठमाडौं महानगरको वातावरणीय सुधारका लागि चीनले ब्रुमर उपलब्ध गराएको हो। काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले भन्नुभयो- 'चीनको औपचारिक भ्रमण गर्दा काठमाडौं महानगरको मेयरको हैसियतले म पनि सहभागी थिएँ। त्यसबेला आपसी हित र समृद्धिको कुरा आउँदा छेङ्दु नगरले काठमाडौं महानगरको वातावरणीय सुधारका लागि ब्रुमर दिने कुरा भएको थियो। सोहीअनुसार २ वटा ब्रुमर पाएका छौं।'

छेङ्दु नगरको पिपुल्स एसोसिएसन फर फ्रेन्डसिप विथ फरेन कन्ट्रीका कार्यकारी उपाध्यक्ष जियाङ डिङ्सँगको भेटमा काठमाडौं महानगरका प्रमुख विद्यासुन्दर शाक्यले काठमाडौंको समृद्धिका लागि चीन सरकारको सहयोगप्रति काठमाडौं महानगर र महानगरबासीको तर्फबाट खुसी व्यक्त गर्नुभयो।

२०७२ सालको भूकम्पबाट क्षति पुगेको बसन्तपुरको नौतले दरबार पुनर्निर्माणमा चीन सरकारको सहयोगमा काम भइरहेको छ।

भेटका क्रममा छेङ्दु नगरको एसोसियसनका कार्यकारी उपाध्यक्ष डिङ्ले छेङ्दुमा भएका विश्वविद्यालयमा नृत्य, गायन, वाद्यवादन, पेन्टिङलगायतका विधामा अध्ययन गर्न काठमाडौंका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने बताउनुभयो। सो अवसरमा नेपालका लागि चीनका राजदूत यू होङ्लगायत उच्च अधिकारी तथा चीनका ३० र नेपालका २० वटा गैरसरकारी संस्थाका प्रतिनिधिको सहभागिता थियो।

## संकटमा...

प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका समिति सदस्य पार्वत गुरुङले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'उहाँले सुनुवाइका क्रममा सटिक र भरपर्दो जवाफ दिनुभएन। त्यसैले उहाँ प्रधानन्यायाधीशमा अनुमोदन नहुने निश्चित जस्तै छ।'

उहाँले थप्नुभयो- 'नेपाली कांग्रेसका साथीहरूले हामी शीर्ष नेताहरूसँग छलफल गर्नुपर्ने भन्दै जानुभएको छ। त्यही भएर हामीले हतारमा निर्णय गर्नुभन्दा भोलि बुधबारसम्मका लागि बैठक स्थगित गरेका छौं।' नेकपा जोशीलाई प्रधानन्यायाधीश बनाउन नहुने अडानमा छ भने प्रमुख प्रतिपक्षी दल कांग्रेस अनुमोदन गर्नुपर्ने पक्षमा छ। स्रोतका अनुसार पहिले हुन्छ भनेर पछि सरकारको कार्यमा अवरोध गरेकाले उहाँले नेकपा र मन्त्रीहरूको विश्वास गुमाइसक्नुभएको छ।

तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीले पनि व्यक्तिगत प्रमाणपत्र विवादकै कारण राजिनामा दिनुपरेको थियो। पराजुलीले गत चैत १ मा राजिनामा दिएपछि जोशी कायममुकायम बन्नुभएको हो। प्रधानन्यायाधीश पद अहिलेसम्म रिक्त छ।

प्रस्तावित प्रधानन्यायाधीशको सचिवालयले प्रस्तावित प्रधानन्यायाधीश जोशीको शैक्षिक प्रमाणपत्रका विषयमा सञ्चार माध्यममा आएको कुराप्रति ध्यानाकर्षण जनाएको छ। केही प्रस्तावित प्रधानन्यायाधीशको विषयमा सञ्चार माध्यमबाट कपोकल्पित र भ्रामक समाचार प्रकाशित र प्रसारित भएको भन्दै सोमबार बेलुका जारी गरिएको सचिवालयको विज्ञप्तिमा भनिएको छ- 'यसले संसदीय सुनुवाइलाई प्रभावित त पार्ने होइन, संशय पैदा भएको छ।'

## स्थानीय...

अवस्थालाई मध्यनजर गरेर मन्त्रालयले कर्मचारी समायोजनमा स्थानीय तहलाई प्राथमिकतामा राखेको हो। कर्मचारी समायोजनमा निकै जटिलता रहेकाले त्यसको गृहकार्य गर्दै एक महिनापछि तीव्र गतिमा कर्मचारी समायोजन प्रक्रिया शुरू हुने पनि मन्त्रालयले जनाएको छ।

तीनै तहको दरबन्दी स्वीकृत भइसकेकाले आउँदो भदौदेखि समायोजन प्रक्रिया शुरू गरिने उहाँले बताउनुभयो। कर्मचारी संघ, प्रदेश तह र स्थानीय तहमा समायोजन गर्नका लागि मन्त्रालयले समायोजन ऐन-२०७४ जारी गरिसकेको छ।

अहिले करिब १० देखि १५ हजारसम्म स्थानीय तहमा कर्मचारी अपुग छन्। संघमा ४५ हजार ८ सय १५, प्रदेशमा १६ हजार ५ सय ७० र स्थानीय तहमा ५७ हजार ६ सय ९० कर्मचारीको दरबन्दी टुंग्याइएको छ। अहिले भएका सबै कर्मचारी संघमा रहेकाले तिनलाई नै स्थानीय तहमा पठाइने उहाँले बताउनुभयो। प्रदेशमा भने यसअधिका क्षेत्रीय निर्देशनालय कार्यालयका कर्मचारी जाने बताइएको छ।

त्यसै गरी हरेक प्रदेशमा ३ हजारका दरले २१ हजार कर्मचारी रहनेछन्। प्रदेशअन्तर्गत रहने भनिएका कतिपय विभागहरू संघअन्तर्गत नै रहने भएकाले अब प्रदेशमा १६ हजार ५ सय ७० कर्मचारी रहनेछन्। स्थानीय तहको हकमा दुई वर्षका लागि ५७ हजार ७ सय ६६ कर्मचारी रहनेछन्। संघ, प्रदेश र स्थानीय गरी १ लाख २० हजार ५१ कर्मचारी निश्चित भएको छ।

## सडक...

जसमा भनिएको छ- 'यस परिच्छेदबमोजिम पक्राउ पुर्जी जारी भई फेला पर्न नसकी पक्राउ हुन नसकेको वा फरार रही अदालतमा उपस्थित नहुने व्यक्तिका हकमा पक्राउ पुर्जी जारी भएको ३० दिनको भोलिपल्टदेखि निज अदालतमा उपस्थित नभएसम्मका लागि बेग्लाबेग्लै कानुनी कारबाहीको व्यवस्था गरिएको छ। त्यस्तो व्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा कुनै सरकारी कार्यालय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेका संगठित संस्था, शैक्षिक वा प्राज्ञिक संस्था वा अन्य कुनै सार्वजनिक संस्थाको बहालवाला पदाधिकारी वा कर्मचारी भए निज आफ्नो पदबाट स्वत: निलम्बन भएको मानिनेछ।'

ऐनमा त्यस्तो व्यक्तिको सम्पत्ति अदालतले पक्राउ पुर्जीबमोजिम पक्राउ गर्नुपर्ने व्यक्तिको हकको सम्पत्ति रोक्का गर्न आदेश दिन सक्नेछ। यस्तो व्यक्तिको एकल वा सामूहिक स्वामित्वमा रहेको उद्योग, व्यापार वा व्यवसाय नवीकरण गर्ने कार्य स्वत: मुलतवी रहनेछ। तलब, भत्ता, उपदान, निवृत्तिभरण स्वत: रोक्का रहेको मानिने उल्लेख छ। त्यस्तो व्यक्ति नेपालबाहिर रहे बसेको जानकारी प्राप्त हुन आएमा वा नेपाल सरकार पक्ष रहेको सन्धि वा प्रचलित कानुनबमोजिम सपुर्दगी गर्न सकिने अवस्था रहेछ भने त्यससम्बन्धी कारबाही र त्यस्तो अवस्था नभएमा कसुरको गम्भीरता हेरी निजलाई पक्राउ गर्न कुटनीतिक माध्यममार्फत सम्बन्धित मुलुक वा सम्बद्ध अन्तर्राष्ट्रिय संस्थालाई अनुरोध गर्न सकिने ऐनमा उल्लेख छ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सूचना अधिकारी विनोदकुमार भट्टराईले सर्वसाधारणको जानकारीका लागि मन्त्रालयले सूचना गर्ने बताउनुभयो। 'नयाँ कानुन लागू हुनुभन्दा अघि नै सबैलाई जानकारी दिन विभिन्न माध्यमको प्रयोग गर्ने सोचमा छ मन्त्रालय', भट्टराईले भन्नुभयो- 'केहीअघि नै यी कानुन बनिसकेकाले केहीलाई यसबारे जानकारी भइसकेको छ, बाँकीलाई छिट्टै जानकारी दिन्छौं।'

निवर्तमान कानुनमन्त्री शेरबहादुर तामाङले कानुन जान्दिन भनेर कसैलाई पनि छुट नहुने भएकाले मन्त्रालयले त्यसअनुसारको तयारी गरिरहेको बताउनुभएको थियो।

मुलुकी देवानी (संहिता) ऐन, २०७४, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४, मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ आगामी भदौ १ गतेदेखि लागू हुँदै छ।

दोस्रो संविधानसभाको विधायन समितिले यी ऐन बनाएर संसद्बाट पास गरेको थियो।

मुलुकी फौजदारी कार्यविधि (संहिता) को संयोजक तत्कालीन सांसद लक्ष्मणलाल कर्ण, मुलुकी देवानी (संहिता) को संयोजक राधेश्याम अधिकारी, फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयनको संयोजक रामनारायण बिडारी र मुलुकी देवानी कार्यविधिको संयोजक रेवतीरमण भण्डारी रहनुभएको थियो। ५ जना संयोजक नै कानुनी पृष्ठभूमिका हुनुहुन्थ्यो। भण्डारीबाहेक सबै अहिले पनि सांसद् हुनुहुन्छ।


**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**
**३ नं. प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने बारेको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७५/०४/१५**

यस हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिका कार्यालयको मिति २०७५/०४/१३ को निर्णय बमोजिम देहायमा उल्लेख भएका कार्य र सो कार्य गर्ने देहाय बमोजिमका सेवा शुल्क संकलन गर्ने संस्थाको बोलपत्र स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन (संसोधन सहित) २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि. नं. | सूचना नं. | विवरण | शुल्क संकलन गर्नेको नाम, ठेगाना | कबोल अंक रु. |
|---|---|---|---|---|
| १ | ३/०७४/०७५ | शौचालय प्रयोग शुल्क उठाउने कार्य हेटौंडा १० बसपार्क, तरकारी बजार र बाशुदेब मार्ग | श्री ए.एल.जे. निर्माण सेवा भैंसे २ | २५,५१,०००।०० (भ्याट सहित) |

# अर्थ

2018, JUL
Tuesday
31

नेपाल नागरिक उड्डयन प्राधिकरण र यस मन्त्रालयको नागरिक उड्डयन महाशाखाले सरोकारवालासँग छलफल गरी उडान समय, दूरी, उचाईसमेतको आधारमा तत्काल उद्धारका लागि हेलिकप्टर भाडाको अधिकतम् सीमा तोक्ने सुझाव दिएको छ। प्रत्येक सिजन समाप्त भएको १५ दिनभित्र सबै हेलिकप्टर कम्पनीले नागरिक उड्डयन प्राधिकरणमा उद्धार उडानको विवरण उपलब्ध गराउने सुझाव पनि दिएको छ।

## ९ करोड २८ लाख राजस्व उठायो

विराटनगर, (नेस)

जिल्ला वन कार्यालय मोरङले आर्थिक वर्ष २०७४/०७५ मा ९ करोड २८ लाख ७८ हजार ६ सय रुपियाँ राजस्व संकलन गरेको छ। आर्थिक वर्ष २०७४/०७५ मा वन पैदावार तथा लिलामीबाट ८ करोड ४२ लाख ९ हजार, न्यायिक दस्तुरबाट १० लाख ३३ हजार, बेरुजु असुलीबाट २८ लाख तथा प्रशासनिक सेवाबाट ७ लाख ५६ हजार राजस्व संकलन भएको जिल्ला वन कार्यालय मोरङका प्रमुख डा. विनोद देवकोटाले बताउनुभयो। सामुदायिक वनबाट ३ लाख ३४ हजार, साझेदारी वनबाट १ लाख ९३ हजार, सरकारी वनबाट ४४ हजार ९ सय ९० तथा निजी वनबाट २ लाख ११ हजार क्युबिक काठ उत्पादन भएको जिल्ला वन कार्यालयका प्रमुख देवकोटाले जानकारी दिनुभयो। उहाँले अघिल्लो आर्थिक वर्ष २०७३/०७४ मा साढे ६ करोड राजस्व संकलन गरेको जानकारी दिनुभयो।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९३.८५ | ९२.३५ | ९४.८५ | ९४.३५ | ९०.८५ | ९३.३५ | ९३.१५ | १०२.७२ |
| बीरगंज | ९१.९५ | ९०.४५ | ९२.९४ | ९२.४५ | ८८.९५ | ९१.४४ | ९१.२५ | १००.९२ |
| विराटनगर | ९२.४५ | ९०.९५ | ९३.४४ | ९२.९५ | ८९.४५ | ९१.९४ | ९१.७५ | १०१.५२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO 500D GUARANTEED DUCTILITY

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ९२।९० | ८९।९० | ९२।९० | ९२।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| पोखरा, स्याङ्जा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |

नोट: उपरोक्त मूल्यमा १।५० रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695, 9855061366), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpali (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151, 9855021918), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450), Sindhuli (9854026965, 9851004153), Pathari (9852048341)

**सेती गणेश बचत तथा ऋण सहकारी संस्था लि. (फोन नं. ४३०१५५५ (दर्ता ३५०५/०६७/०६८) सीतापाईला-१, बाफल, काठमाण्डौको कर्जा चुक्ता गर्न आउने वारेको ३५ दिने अत्यन्त जरूरी सूचना**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित सदस्यले व्यक्तिगत प्रयोजनका लागि बिभिन्न मितिमा पटक पटक गरी लानु भएको कर्जा (ऋण) रकम यस सहकारी संस्थासँग गरेको संझौता बमोजिम तोकीएको भाखा भित्र समय समयमा तिर्नु पर्ने साँवा ब्याज अतिरिक्त ब्याज लगायत अन्य दस्तुर नतिरी नबुझाई यस संस्थासंग गरेको कर्जा (ऋण) सम्बन्धि सर्त बन्देजको उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित तथा मौखिक रुपमा अनुरोध र तरताकेता गर्दा समेत आजका मितिसम्म उक्त कर्जा (ऋण)को साँवा ब्याज अतिरिक्त ब्याज लगाएत अन्य दस्तुर समेत चुक्ता गर्ने तर्फ कुनै चासो नदिई बेवास्था गरी बसेको हुँदा सहकारी ऐन नियमावली तथा संस्थाको कर्जा नीति अनुसार ऋणी सदस्यको फोटो सहितको ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने बाँकी रहेको साँवा ब्याज हर्जना र अन्य दस्तुर समेत चुक्ता गर्नु होला । अन्यथा सहकारी ऐन २०७४ र सहकारी नीयमावली २०४९ तथा संस्थाको नीति बमोजिम ऋणी सदस्यको संस्थामा राखिएको धितो तथा निजको घरघरानाबाट समेत असुल उपर गरीने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

| ऋणीको ठेगाना तथा तीनपुस्ते विवरण | ऋणीको फोटा | धितोको विवरण |
|---|---|---|
| टिकाराम कोईरालाको नाति ओम प्रसाद कोईरालाको छोरा बागमती अञ्चल काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. १६ बालाजु मा बस्ने वर्ष ४४ को दामोदर कोइराला |  | ऋणीको नाममा मा.पो.का. धादिङ्ग जिल्लामा दर्ता भएको धा.जि. केवलपुर ३/क कि.नं ८९ को क्षे.फ. १-१३-२-२ ऐ. ऐ. ३/क कि.न २०६ को २-९-३-१, ऐ.ऐ. वडा नं. ३/क कि.न. २०८ को ०-१५-३-० र ऐ. ऐ. वडा न. ३/क कि.न. २१३ को क्षे.फ. ४-६-०-० |

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ साउन १५, जुलाई ३१, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।५८ | बिक्री दर |
| युरो १ को रू. | १२८।०४ | ११०।१८ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।७८ | १२८।७४ |
| स्विस फ्रन्क १ को रू. | ११०।४४ | १४४।५७ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।११ | १११।०४ |
| क्यानाडियन डलर १ को रू. | ८४।०१ | ८१।५६ |
| सिङ्गापुर डलर १ को रू. | ८०।४६ | ८४।४७ |
| जापानी यन १० को रू. | ९।८७ | ८०।९० |
| चिनियाँ युआन १ को रू. | १६।०६ | ९।९२ |
| साउदी अरब रियाल १ को रू. | २९।२२ | १६।१५ |
| कतारी रियाल १ को रू. | ३०।०९ | २९।३८ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।२९ | ३०।२५ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।८३ | ३।३१ |
| मलसियन रिङ्गिट १ को रू. | २७।०१ | ३०।०० |
| दक्षिण कारियन वन १०० को रू. | ९।८१ | २७।१५ |

खरिद दर

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।५० |
| डेनिस क्रानर १ का रू. | १७।१९ |
| हङकङ डलर १ का रू. | १३।९६ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# पर्यटकको उद्धारका नाममा ठग्नेमाथि कारबाही सिफारिस

**नेपाल समाचारपत्र**

काठमाडौं

पर्यटकको उद्दारमा ट्राभल एजेन्सी र उद्दार संस्थाले नक्कली उद्दार गर्ने तथा महँगो शुल्क तिर्न बाध्य पारी ठगी गर्नेलाई कारबाहीको सिफारिस भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा गठित छानिविन समितिले उद्दारका नाममा ठगी गर्नेको तथ्य फेला पार्दै कारबाहीको सिफारिस गरेको हो।

पर्यटनमन्त्री रवीन्द्र अधिकारीले मन्त्रालयका सहसचिव घनश्याम उपाध्यायको संयोजकत्वमा पर्यटन विभागका महानिर्देशक डण्डुराज घिमिरे, आन्तरिक राजस्व विभागका उपमहानिर्देशक यज्ञप्रसाद ढुगेल, नेपाल प्रहरीका डीआईजी मनोज न्यौपाने, नागरिक उड्डयन प्राधिकरणका उपनिर्देशक सुभाष झा, मन्त्रालयका उपसचिव, प्रकाश शर्मा ढकाल रहेको एक कार्यदल गठन गर्नु भएको थियो। समितिले सोमबार पर्यटनमन्त्री रवीन्द्र अधिकारीलाई ७ सय पृष्ठको प्रतिवेदन पेश गर्दै ८ वटा ट्राभल तथा ट्रेकिङ कम्पनी ४ अस्पताल र ३ हेलिकप्टर कम्पनीको कारोबार आम्दानी तथा स्रोतको अनुसन्धान गर्न राजस्व अनुसन्धान विभागलाई पत्र पठाउन सिफारिस गरेको छ। यद्यपि, ती कम्पनीको नाम भने खुलाइएको छैन। त्यस्तै महँगो शुल्क लिई उपचारवापत बीमा दाबी गरेका ६ वटा अस्पताललाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत् कारबाही गर्न सिफारिस गरिएको छ।

समितिले पर्यटकलाई खानेकुरा मिसावट गरी बिरामी गराउने व्यक्ति, संगठित तवरले बीमा रकम दावी गर्ने गराउने कार्य गरेको वा एउटै उडानमा धेरै पर्यटक ल्याई प्रत्येक पर्यटकका आधारमा अलग-अलग बिल जारी गर्ने गरेको वा उद्दार उडान तथा उपचार समेत नगराई कागजात तयार पारी बीमा रकम दाबी गर्ने गरेको प्रमाण सहित उजुरी विवरण प्राप्त भएको थियो। विदेशी मुद्राको कारोबार अनुमति नलिई पर्यटकसँग अमेरिकी डलरमा उद्दार भाडा असुली गर्ने पाँच कम्पनीको अनुसन्धानका लागि राष्ट्र बैंकलाई सिफारिस गरिएको छ।

उनीहरूलाई विदेशी विनिमय नियमित गर्ने ऐन २०१९ अनुसार छानविन गरी कारबाही गर्न भनिएको छ। मन्त्रालयमा १० हेलिकप्टर कम्पनी, ६ वटा अस्पताल, ३६ वटा ट्रेकिङ, रेस्क्यु कम्पनीको छानवीन गरेको थियो। हेलिकप्टर कम्पनीले प्रचलित मापदण्डअनुसार भाडा रकमभन्दा बढी रकम लिए नलिएको, उद्दार उडान भएको भनी छुट सुविधा लिए नलिएको सम्बन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट थप छानबिन गरी कारवाही गर्न सुझाब दिइएको छ।

प्रतिवेदनमा मन्त्री रवीन्द्र अधिकारीले प्रतिवेदनको प्रभावकारी कार्यान्वयनको तत्काल व्यवस्था मिलाउन मन्त्रालयका सचिव कृष्णप्रसाद देवकोटालाई निर्देशन दिनु भएको छ। समितिले अमन्त्रिपरिषद्बाट निर्णय गराई पर्यटक उद्दारसम्बन्धी सम्पूर्ण कार्य गृह मन्त्रालयलाई दिन सिफारिससमेत गरेको छ। त्यस्तै पर्वतारोहण तथा पदयात्रा खोज तथा उद्दारसम्बन्धी कार्यविधि, २०७५ लाई १५ दिनभित्र तर्जुमा गरी लागू गर्नुपर्ने सुझाव समितिले सुझाएको छ।

समितिले मुख्य पर्यटकीय मौसम हरेक वर्ष सेप्टेम्बरदेखि नोभेम्वरसम्म ३ महिना र मार्चदेखि मेसम्म ३ महिनाको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'पर्यटक उद्दार समन्वय कक्ष' स्थापना गर्ने। टोल फ्रि नम्बरको व्यवस्था गर्ने। उद्दारको पहिलो जानकारी नेपाल प्रहरीले पाउने व्यवस्था गर्ने।

## बीमा विधेयक फिर्ता गर्न माग

काठमाडौं, (नेस)

प्रतिनिधिसभाको बैंठकमा आइतबार पेस गरिएको 'बीमा विधेयक-२०७५' अपूर्ण र अस्पष्ट रहेको भन्दै बीमा सर्भेयर संघ नेपालले उक्त विधेयक संशोधन गर्न सरकारसँग माग समेत गरेको छ।

बिना कुनै छलफल र विशेषज्ञको परामर्श बेगर बीमा कम्पनीको इजाजतसम्बन्धी व्यवस्था, नवीकरण, निरन्तरता, लगाउने शुल्क, दण्ड जरिवाना सम्बन्धमा विधेयकमा समावेश भएको व्यवस्था राष्ट्रिय र अन्तर्राष्ट्रिय अभ्यासको विपरित रहेको भन्दै सर्भेयर संघले विधेयक संशोधन गर्न माग गरेको हो।

आइतबार बसेको प्रतिनिधि सभाको बैंठकमा अर्थमन्त्री डा. युवराज खतिवडाले बीमा क्षेत्रलाई थप व्यवस्थित, प्रभावकारी र मर्यादित बनाउन भन्दै बीमा प्राधिकरण बनाउने योजना सहितको विधेयक प्रस्तुत गर्नुभएको थियो। तर, बीमा सर्भेयर संघले भने प्रस्तावित विधेयकले सर्भेयरहरूलाई नै पेशाबाट विस्थापित गर्ने गरी ल्याइएको भन्दै सम्बन्धित विषयको जानकार र विज्ञसँग छलफल गरि पुन: बीमा विधेयक ल्याउन माग गरेको हो। संघका अध्यक्ष सूर्यप्रसाद जोशीले प्रस्तुत बीमा विधेयकमा सर्भेयरलाई विस्थापित र मध्यस्तकर्ता स्थापित हुने गरी उक्त शब्द नै शब्द हटाउनु कुन हदसम्म व्यवहारिक हो भन्ने कुरासमेत सरकारले ख्याल नगरेको बताउनुभयो।

जोशीले भन्नुभयो 'ऐनमा सर्भेयरले गर्दै आएको कामलाई वेवास्ता गर्दै इजाजतसम्बन्धी व्यवस्था, नवीकरण, निरन्तरता, शुल्क लगाउने, दण्ड जरिवाना सम्बन्धमा भएको व्यवस्था राष्ट्रिय र अन्तर्राष्ट्रिय अभ्यासको विपरित रहेको छ।' प्रस्तुत बीमा विधेयक गृहकार्य बेगर ल्याएकोमा अध्यक्ष जोशीले आपत्तिसमेत प्रकट गर्नुभएको छ। विधेयकको विभिन्न दफा उपादफामा सर्भेयर पेसासँग सम्बन्धित हुने गरी पेशा रोजगारको दृष्टिकोणबाट व्यवस्थापन हुनुपर्ने अवस्था आएको र स्थापना गर्न लागिएको प्राधिकरणले दण्ड सजाय तोक्दा अर्धन्यायिक अधिकार प्रयोग गर्ने गरी व्यवस्था गरेको त्रुटिपूर्ण रहेको संघको भनाइ छ।

## महानगरले कार्यपालिकाबाट कर घटाउने निर्णय लिने

वीरगन्ज, (नेस)

वीरगन्ज महानगरपालिकाले वृद्धि गरेको करका विषयमा कार्यपालिका बैठकबाट निर्णय लिने भएको छ।

कर वृद्धिको विरोधमा उत्रेको वीरगन्ज उद्योग बणिज्य संघ तथा महानगरपालिका बीच सोमबार भएको छलफलका क्रममा मेयर विजय सरावगीले कर घटाउने कुरा कार्यपालिका बैठकमा पेश गर्ने र निर्णय लिने प्रतिबद्धता जनाउनु भएको छ। उद्योग बणिज्य संघका अध्क्षय ओमप्रकाश शर्माको नेतृत्वमा विभिन्न संघ संस्थाका प्रतिनिधि सम्मिलित टोली तथा वीरगन्ज नगर प्रमुख विजय कुमार सरावगीबीच छलफल भएको हो।

त्रछलफलमा घर जग्गाको मूल्यांकन मालपोत कार्यालयले निर्धारण गरेको मूल्यांकनको आधारमा हुनुपर्ने साथै अन्य कर वृद्धिको पनि पुनरावलोकन हुनुपर्ने सुझाव उद्योग वणिज्य संघका अध्यक्ष ओमप्रकाश शर्माले सुझाव राखेका थिए। आगामी हुने महानगरपालिकाको कार्यपालिकाको बोर्ड बैठकमा आफूले प्रस्तावको रुपमा लग्ने निर्णय नगर प्रमुख विजय कुमार सरावगीले गरेपछि उद्योग बाणिज्य संघको आन्दोलन पनि स्थगित भएको छ।

## पुनर्निर्माण र पूर्वाधार विकासमा जापानको सहयोग

**नेपाल समाचारपत्र**

काठमाडौं

शहरी विकासमन्त्री मोहम्मद इस्तियाक राई र नेपालका लागि जापानी राजदुत मासामिचि साइगोबीच सोमबार शिष्टचार भेटवार्ता भएको छ। भेटमा राजदूत साइगोले आफ्नो कार्यकालमा नेपालसँगको सम्बन्धलाई थप मजबुद बनाउन पहल गर्ने बताउनुभयो।

राजदूत साइगोले नेपालको पूर्वाधार विकास, र भूकम्पपछिको पुनर्निर्माणमा जापानले इमान्दारीपूर्वक सहयोग गरेको भन्दै शहरी विकास मन्त्रालयसँग समन्वय गरी आगामी दिनमा दिगो पुनर्निर्माण र पूर्वाधार विकासमा थप सहयोग विस्तार गर्ने बताउनुभयो। भेटमा मन्त्री राईले नवनियुक्त राजदूतका रुपमा नेपाल आएकोमा बधाई दिँदै उहाँको कार्यकालमा आफ्नो मन्त्रालयसँग सम्बन्धित कार्यमा जापानको सहयोग अपरिहार्य हुने बताउनुभयो।

मन्त्री राईले जापान सरकारले नेपालको आर्थिक, सामाजिक र मानवीय विकासमा पुऱ्याएको योगदानको नेपाल सरकारले उच्च मूल्यांकन गरेको बताउनुभयो। उहाँले कुलेखानी जलविद्युत् आयोजना र बिपी राजमार्गले नेपालको आर्थिक, सामाजिक क्षेत्रमा पुरयाएको विकास योगदान आफैंमा विशिष्ट रहेको भन्दै काठमाडौं उपत्यकाको सडक सञ्जालको गुरुयोजना निर्माणमा जापानको सहयोगको उच्च मूल्याङकन गर्नुपर्ने बताउनुभयो। भूकम्पपछिको पुनर्निर्माणमा जापानले खेलेको भूमिका अन्यन्तै महत्वपूर्ण रहेको भन्दै मन्त्री राईले आगामी दिनमा थप समन्वय गर्दै अघि बढ्न सरकार तयार रहेको बताउनुभयो।

यसैबीच ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनसँग नेपालका लागि इजरायली राजदूत बेन्नी ओमेरबीच पनि सोमबार भेटवार्ता भएको छ। भेटमा ऊर्जामन्त्री पुनले नेपालमा नयाँ संविधान जारी भइसकेपछि स्थायित्वको युग शुरू भएको भन्दै इजरायली लगानीकर्तालाई ऊर्जा क्षेत्रमा लगानीको वातावरण बनाइदिन राजदूत ओमेरसँग आग्रह गर्नुभयो।

मन्त्री पुनले भन्नुभयो-'हामीलाई १० वर्षमा १० हजार मेगावाट बिजुलीको आवश्यकता छ, अहिले लगानीको राम्रो वातावरण समेत बनेको छ। तपाईमार्फत् नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न म इजरायली लगानीकर्तालाई आग्रह गर्छु।' त्यस क्रममा राजदूत ओमेरले ऊर्जा र सिँचाइको क्षेत्रमा सहकार्य गर्न इजरायल सरकार आंतुर रहेको बताउनुभयो। उहाँले ऊर्जामा लगानीको लागि इजरायलले साझेदार खोजिरहेको भन्दै त्यसका लागि सरकारलाई सहयोग गर्न आफूहरू तयार रहेको धारणा राख्नुभयो।

## SHARE MARKET

**30 JULY MONDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 5984.00 | 319.00 | 315.00 | 319.00 | 1.00 |
| 2 | Api Power Company Ltd. | 3689.00 | 274.00 | 269.00 | 274.00 | 0.00 |
| 3 | Arun Kabeli Power Ltd. | 192.00 | 255.00 | 252.00 | 255.00 | 1.00 |
| 4 | Arun Valley Hydropower Dev. Co. Ltd. | 5073.00 | 142.00 | 139.00 | 140.00 | -1.00 |
| 5 | Asian Life Insurance Co. Limited | 1509.00 | 645.00 | 619.00 | 622.00 | -18.00 |
| 6 | Bank of Kathmandu Ltd. | 3373.00 | 265.00 | 260.00 | 260.00 | 2.00 |
| 7 | Barun Hydropower Co. Ltd. | 10.00 | 141.00 | 141.00 | 141.00 | -2.00 |
| 8 | Best Finance Company Ltd. | 1010.00 | 101.00 | 99.00 | 100.00 | -1.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 200.00 | 133.00 | 131.00 | 131.00 | -2.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 50.00 | 5401.00 | 5400.00 | 5400.00 | 0.00 |
| 11 | Butwal Power Company Limited | 1840.00 | 440.00 | 431.00 | 436.00 | 1.00 |
| 12 | Central Finance Co. Ltd. | 1423.00 | 113.00 | 112.00 | 112.00 | 0.00 |
| 13 | Century Commercial Bank Ltd. | 14151.00 | 168.00 | 165.00 | 166.00 | 0.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 1645.00 | 870.00 | 860.00 | 864.00 | 6.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 155.00 | 130.00 | 127.00 | 128.00 | -1.00 |
| 16 | Chilime Hydropower Company Limited | 3942.00 | 768.00 | 738.00 | 740.00 | 0.00 |
| 17 | Citizen Bank International Limited | 12286.00 | 231.00 | 227.00 | 229.00 | 2.00 |
| 18 | Citizen Investment Trust | 250.00 | 2435.00 | 2410.00 | 2420.00 | 4.00 |
| 19 | Citizens Mutual Fund -1 | 500.00 | 9.08 | 9.08 | 9.08 | -0.19 |
| 20 | City Express Finance Co. Limited | 1470.00 | 165.00 | 152.00 | 152.00 | -16.00 |
| 21 | Civil Bank Ltd | 8890.00 | 150.00 | 147.00 | 149.00 | 0.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 30.00 | 725.00 | 715.00 | 725.00 | 10.00 |
| 23 | Deprosc Lag. Bittiya Sanstha Limited | 447.00 | 715.00 | 705.00 | 705.00 | -5.00 |
| 24 | Deva Bikas Bank Limited | 6008.00 | 129.00 | 128.00 | 129.00 | 0.00 |
| 25 | Everest Bank Limited | 9157.00 | 675.00 | 664.00 | 665.00 | -7.00 |
| 26 | Everest Insurance Co. Ltd. | 357.00 | 1330.00 | 1300.00 | 1300.00 | -10.00 |
| 27 | Excel Development Bank Ltd. | 1000.00 | 328.00 | 328.00 | 328.00 | 6.00 |
| 28 | First Micro Finance Dev. Bank Ltd. | 1307.00 | 515.00 | 506.00 | 508.00 | -1.00 |
| 29 | Forward Community Mi. Bittiya Sanstha Ltd. | 1380.00 | 2090.00 | 2080.00 | 2090.00 | 9.00 |
| 30 | Gandaki Bikas Bank Limited | 2847.00 | 195.00 | 193.00 | 193.00 | 0.00 |
| 31 | Garima Bikas Bank Limited | 7342.00 | 183.00 | 180.00 | 181.00 | -1.00 |
| 32 | Global IME Bank Limited | 5764.00 | 290.00 | 284.00 | 285.00 | -3.00 |
| 33 | Global IME Lag. Bittiya Sanstha Ltd. | 159.00 | 1122.00 | 1122.00 | 1122.00 | -22.00 |
| 34 | Goodwill Finance Co. Ltd. | 1427.00 | 124.00 | 122.00 | 124.00 | 2.00 |
| 35 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 5103.00 | 588.00 | 575.00 | 588.00 | 8.00 |
| 36 | Guheshowori Mer. Bank & Finance Co. Ltd. | 200.00 | 132.00 | 132.00 | 132.00 | 2.00 |
| 37 | Gurans Life Insurance Company Ltd. | 453.00 | 860.00 | 845.00 | 845.00 | -15.00 |
| 38 | Gurkhas Finance Ltd. | 10.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 39 | Hathway Finance Company Limited | 3190.00 | 138.00 | 134.00 | 134.00 | -2.00 |
| 40 | Himalayan Bank Limited | 756.00 | 567.00 | 553.00 | 567.00 | 10.00 |
| 41 | Himalayan Distillery Limited | 450.00 | 1280.00 | 1265.00 | 1280.00 | 20.00 |
| 42 | Himalayan General Insurance Co. Ltd | 1132.00 | 435.00 | 430.00 | 433.00 | -1.00 |
| 43 | Himalayan Power Partner Ltd. | 370.00 | 277.00 | 273.00 | 274.00 | -3.00 |
| 44 | ICFC Finance Limited | 11034.00 | 167.00 | 165.00 | 166.00 | 2.00 |
| 45 | IME General Insurance Ltd. | 10.00 | 860.00 | 860.00 | 860.00 | -5.00 |
| 46 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 85433.00 | 181.00 | 170.00 | 172.00 | -5.00 |
| 47 | Janaki Finance Ltd. | 12393.00 | 199.00 | 184.00 | 190.00 | 9.00 |
| 48 | Janata Bank Nepal Ltd. | 32182.00 | 156.00 | 152.00 | 155.00 | 1.00 |
| 49 | Janata Bank Nepal Ltd. Promoter Share | 13137.00 | 139.00 | 139.00 | 139.00 | 0.00 |
| 50 | Jebils Finance Ltd. | 463.00 | 104.00 | 100.00 | 104.00 | 5.00 |
| 51 | Jyoti Bikas Bank Limited | 2553.00 | 142.00 | 140.00 | 140.00 | -3.00 |
| 52 | Kabeli Bikas Bank Limited | 130.00 | 225.00 | 221.00 | 221.00 | -4.00 |
| 53 | Kailash Bikas Bank Ltd. | 4024.00 | 225.00 | 219.00 | 219.00 | -5.00 |
| 54 | Kalika Microcredit Dev. .Bank Ltd. | 109.00 | 1326.00 | 1325.00 | 1326.00 | -23.00 |
| 55 | Kamana Sewa Bikas Bank Limited | 3659.00 | 141.00 | 139.00 | 140.00 | -1.00 |
| 56 | Kankai Bikas Bank Ltd. | 11750.00 | 128.00 | 123.00 | 126.00 | 0.00 |
| 57 | Karnali Development Bank Limited | 280.00 | 107.00 | 107.00 | 107.00 | 2.00 |
| 58 | Khanikhola Hydropower Co. Ltd. | 100.00 | 107.00 | 106.00 | 106.00 | 0.00 |
| 59 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 262.00 | 1600.00 | 1590.00 | 1600.00 | 10.00 |
| 60 | Kumari Bank Limited | 10333.00 | 199.00 | 197.00 | 198.00 | 0.00 |
| 61 | Laxmi Bank Limited | 3609.00 | 250.00 | 245.00 | 250.00 | 2.00 |
| 62 | Laxmi Equity Fund | 1750.00 | 8.00 | 7.99 | 8.00 | 0.11 |
| 63 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 100.00 | 1050.00 | 1031.00 | 1031.00 | -19.00 |
| 64 | Life Insurance Co. Nepal | 260.00 | 1592.00 | 1590.00 | 1590.00 | 0.00 |
| 65 | Lumbini Bikas Bank Ltd. | 18567.00 | 145.00 | 143.00 | 143.00 | -2.00 |
| 66 | Lumbini General Insurance Co. Ltd. | 3516.00 | 535.00 | 527.00 | 527.00 | -2.00 |
| 67 | Machhapuchhre Bank Limited | 309564.00 | 209.00 | 205.00 | 205.00 | -1.00 |
| 68 | Mahalaxmi Bikas Bank Ltd. | 12993.00 | 183.00 | 178.00 | 183.00 | 4.00 |
| 69 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 61.00 | 668.00 | 661.00 | 661.00 | 1.00 |
| 70 | Mahuli Samudayik Lag. Bittiya Sanstha Ltd. | 490.00 | 2621.00 | 2570.00 | 2590.00 | -10.00 |
| 71 | Manjushree Finance Ltd. | 103.00 | 120.00 | 119.00 | 120.00 | 1.00 |
| 72 | Mega Bank Nepal Ltd. | 13452.00 | 162.00 | 160.00 | 162.00 | 0.00 |
| 73 | Mero Microfinance Bittiya Sanstha Ltd. | 77.00 | 1070.00 | 1050.00 | 1050.00 | -15.00 |
| 74 | Mirmire Lag. Bittiya Sanstha Limited | 123.00 | 1480.00 | 1480.00 | 1480.00 | 0.00 |
| 75 | Mission Development Bank Ltd. | 1332.00 | 170.00 | 170.00 | 170.00 | 3.00 |
| 76 | Miteri Development Bank Limited | 234.00 | 287.00 | 277.00 | 287.00 | 12.00 |
| 77 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 26.00 | 975.00 | 960.00 | 960.00 | -15.00 |
| 78 | Muktinath Bikas Bank Ltd. | 3023.00 | 381.00 | 379.00 | 379.00 | 0.00 |
| 79 | Nabil Bank Limited | 5174.00 | 913.00 | 907.00 | 909.00 | -1.00 |
| 80 | NABIL Bank Limited Promotor Share | 5230.00 | 710.00 | 701.00 | 710.00 | 10.00 |
| 81 | Nabil Equity Fund | 14906.00 | 9.10 | 9.00 | 9.05 | -0.15 |
| 82 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 120.00 | 1138.00 | 1137.00 | 1138.00 | 22.00 |
| 83 | National Hydro Power Company Limited | 3670.00 | 86.00 | 82.00 | 86.00 | 0.00 |
| 84 | National Life Insurance Co. Ltd. | 1621.00 | 777.00 | 756.00 | 777.00 | 12.00 |
| 85 | National Microfinance Bittiya Sanstha Ltd. | 166.00 | 2165.00 | 2110.00 | 2165.00 | 20.00 |
| 86 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 462.00 | 735.00 | 702.00 | 730.00 | -10.00 |
| 87 | Neco Insurance Co. Ltd. | 4215.00 | 526.00 | 516.00 | 520.00 | -2.00 |
| 88 | Nepal Bangladesh Bank Limited | 7452.00 | 208.00 | 205.00 | 205.00 | -2.00 |
| 89 | Nepal Bank Limited | 24886.00 | 293.00 | 288.00 | 291.00 | 2.00 |
| 90 | Nepal Community Dev.Bank Ltd. | 518.00 | 125.00 | 123.00 | 123.00 | 0.00 |
| 91 | Nepal Credit & Comm.Bank Ltd. Pro. Share | 24318.00 | 192.00 | 192.00 | 192.00 | -3.00 |
| 92 | Nepal Credit And Comm. Bank Limited | 136802.00 | 234.00 | 228.00 | 231.00 | 2.00 |
| 93 | Nepal Doorsanchar Comapany Limited | 1580.00 | 740.00 | 730.00 | 730.00 | 0.00 |
| 94 | Nepal Hydro Developers Ltd. | 70.00 | 168.00 | 164.00 | 165.00 | -2.00 |
| 95 | Nepal Insurance Co. Ltd. | 11678.00 | 562.00 | 540.00 | 552.00 | 1.00 |
| 96 | Nepal Investment Bank Limited | 6157.00 | 626.00 | 620.00 | 620.00 | -3.00 |
| 97 | Nepal Investment Bank Ltd. Pro. Share | 9493.00 | 549.00 | 544.00 | 549.00 | 4.00 |
| 98 | Nepal Life Insurance Co. Ltd. | 4557.00 | 1015.00 | 1009.00 | 1009.00 | -6.00 |
| 99 | Nepal SBI Bank Limited | 6875.00 | 506.00 | 500.00 | 504.00 | 0.00 |
| 100 | Nepal Seva Laghubitta Bittiya Sanstha Ltd. | 30.00 | 381.00 | 367.00 | 381.00 | 21.00 |
| 101 | Nerude Laghubita Bikas Bank Limited | 319.00 | 634.00 | 622.00 | 634.00 | 5.00 |
| 102 | Ngadi Group Power Ltd. | 142.00 | 162.00 | 160.00 | 160.00 | -1.00 |
| 103 | NIBL Pragati Fund | 14222.00 | 8.00 | 7.75 | 8.00 | 0.18 |
| 104 | NIBL Samriddhi Fund 1 | 5000.00 | 10.50 | 10.50 | 10.50 | 0.08 |
| 105 | NIC Asia Bank Ltd. | 2672.00 | 312.00 | 306.00 | 312.00 | 2.00 |
| 106 | NIC Asia Growth Fund | 5200.00 | 9.20 | 9.05 | 9.20 | -0.01 |
| 107 | Nirdhan Utthan Lag. Bittiya Sans. Limited | 1181.00 | 983.00 | 976.00 | 983.00 | 8.00 |
| 108 | NLG Insurance Company Ltd. | 11.00 | 879.00 | 879.00 | 879.00 | 14.00 |
| 109 | NMB Microfinance Bittiya Sanstha Ltd. | 639.00 | 1550.00 | 1512.00 | 1515.00 | -15.00 |
| 110 | NMB Bank Limited | 29197.00 | 368.00 | 360.00 | 364.00 | 3.00 |
| 111 | NMB Bank Limited Promoter Share | 39344.00 | 181.00 | 180.00 | 180.00 | -1.00 |
| 112 | NMB Hybrid Fund L-1 | 70489.00 | 9.40 | 9.19 | 9.20 | -0.16 |
| 113 | NMB Sulav Investment Fund-1 | 200.00 | 12.00 | 12.00 | 12.00 | -0.10 |
| 114 | Om Development Bank Ltd. | 2489.00 | 174.00 | 171.00 | 172.00 | 0.00 |
| 115 | Oriental Hotels Limited | 1840.00 | 510.00 | 503.00 | 503.00 | -7.00 |
| 116 | Pokhara Finance Ltd. | 206.00 | 137.00 | 135.00 | 135.00 | -1.00 |
| 117 | Prabhu Bank Limited | 6118.00 | 187.00 | 184.00 | 186.00 | -1.00 |
| 118 | Prabhu Insurance Ltd. | 2921.00 | 508.00 | 500.00 | 500.00 | -4.00 |
| 119 | Premier Insurance Co. Ltd. | 3948.00 | 1075.00 | 1056.00 | 1074.00 | 4.00 |
| 120 | Prime Commercial Bank Ltd. | 2312.00 | 288.00 | 283.00 | 285.00 | 2.00 |
| 121 | Prime Life Insurance Company Limited | 1748.00 | 526.00 | 518.00 | 520.00 | -3.00 |
| 122 | ProgressiveFinance Limited | 2089.00 | 122.00 | 118.00 | 118.00 | -2.00 |
| 123 | Prudential Insurance Co. Ltd. | 779.00 | 757.00 | 750.00 | 755.00 | 12.00 |
| 124 | Purnima Bikas Bank Ltd. | 133.00 | 169.00 | 166.00 | 169.00 | 0.00 |
| 125 | Radhi Bidyut Company Ltd | 530.00 | 234.00 | 229.00 | 232.00 | -2.00 |
| 126 | Rairang Hydropower Dev. Co. Ltd. | 3400.00 | 159.00 | 155.00 | 155.00 | -5.00 |
| 127 | Rastriya Beema Company Limited | 150.00 | 10500.00 | 10350.00 | 10350.00 | -150.00 |
| 128 | Rastriya Beema Co. Limited Pro. Share | 91.00 | 9500.00 | 9400.00 | 9500.00 | 100.00 |
| 129 | Reliance Finance Ltd. | 182.00 | 125.00 | 123.00 | 123.00 | -2.00 |
| 130 | Ridi Hydropower Development Company Ltd. | 997.00 | 122.00 | 117.00 | 122.00 | 5.00 |
| 131 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 540.00 | 650.00 | 631.00 | 631.00 | -9.00 |
| 132 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 359.00 | 538.00 | 523.00 | 523.00 | -7.00 |
| 133 | Sagarmatha Insurance Co. Ltd. | 1368.00 | 1330.00 | 1315.00 | 1316.00 | -9.00 |
| 134 | Sahayogi Bikas Bank Limited | 30.00 | 185.00 | 185.00 | 185.00 | 3.00 |
| 135 | Samata Microfinance Bittiya Sanstha Ltd. | 130.00 | 1370.00 | 1287.00 | 1355.00 | 45.00 |
| 136 | Sana Kisan Bikas Bank Ltd | 790.00 | 1105.00 | 1090.00 | 1092.00 | -8.00 |
| 137 | Sanima Bank Limited | 10656.00 | 320.00 | 315.00 | 315.00 | 0.00 |
| 138 | Sanima Equity Fund | 500.00 | 9.15 | 9.15 | 9.15 | 0.14 |
| 139 | Sanima Mai Hydropower Ltd. | 8650.00 | 324.00 | 315.00 | 319.00 | 0.00 |
| 140 | Saptakoshi Development Bank Ltd. | 526.00 | 119.00 | 117.00 | 119.00 | 3.00 |
| 141 | Shangrila Development Bank Ltd. | 29200.00 | 152.00 | 142.00 | 146.00 | -2.00 |
| 142 | Shikhar Insurance Co. Ltd. | 1041.00 | 945.00 | 925.00 | 945.00 | 15.00 |

Total Amount Rs. 296,156,252 Total Quantity 1,284,944 Total No of Transactions 3,664

२०७५, साउन
मंगलबार
१५

अर्थ

ती सस्थामा सर्वसाधारण बचतकर्ताको करिब ११ अर्व रुपियाँ हिनामिना भएको प्रतिवेदनमा उल्लेख छ। सहकारी सदस्यहरुको यति ठूलो रकम व्यवस्थापन गर्न तथा दाबी भुक्तानी गर्ने कार्यमा सरकारले भने उदासिनता देखाउँदै आएको छ।

## समस्याग्रस्त सहकारी व्यवस्थापन रोकियो

# १० वटा सहकारीको बचत रकम फिर्ता पाउनेमा अन्योल

हेमन्त जोशी, काठमाडौं

समस्याग्रस्त सहकारी व्यवस्थापन गर्नका गत माघमा गठन गरिएको व्यवस्थापन समिति सरकारले खारेज गरेपछि १० वटा सहकारी संस्थाका सदस्यले आफ्नो बचत कहिले फिर्ता पाउँछन् भन्नेमा अन्योलता देखिएको छ।

सरकारले गत असार २० गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको क्रममा निर्वाचन आयोगबाट निर्वाचन आचारसंहिता लागू भएको भन्दै २०७४ साल भदौ १४ पछिका सबै राजनीतिक नियुक्ति तथा मनोनयन खारेज गर्ने निर्णय गरेको थियो। उक्त निर्णयसँगै गत माघ ८ गते गठन गरिएको समस्याग्रस्त सहकारी व्यवस्थापन समिति पनि खारेज भएको हो। सरकारको उक्त निर्णयपछि समस्याग्रस्त सहकारी व्यवस्थापनको काम पूर्ण रुपमा रोकिएको छ।

निर्णयपछि नयाँ कार्यसमिति गठन गर्ने वा पुरानै कार्यसमितिलाई निरन्तरता दिनेभन्ने कुरा नै टुंगो लाग्न नसकेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव रघुराम विष्टले बताउनुभयो। 'पुरानो कार्यसमितिका तीनजना पदाधिकारीले सरकारको निर्णयविरुद्ध अदालतमा मुद्दा दायर गरेपछि अदालतले उनीहरूलाई अन्तरिम आदेशमार्फत् अर्को व्यवस्था नभएसम्मका लागि काममा फर्काएको छ। तर, समितिका सबै सदस्य काममा नफर्किएपछि कुनै काम अगाडि बढ्न नसकेको हो।' विष्टले नेपाल समाचारपत्रसँग कुरा गर्दै भन्नुभयो। नयाँ समिति गठनका लागि अदालतको आदेश बाधक देखिएको छ भने पुरानै समितिले पनि सरकारको निर्णयविरुद्ध काम गर्न सक्ने वातावरण देखिएको छैन। जसको असर भने समस्याग्रस्त घोषणा गरिएका सहकारीको सम्पत्ति व्यवस्थापन र सदस्यहरूको बचत फिर्ता गर्ने प्रक्रियामा परेको छ।

> नयाँ समिति गठनका लागि अदालतको आदेश बाधक देखिएको छ भने पुरानै समितिले पनि सरकारको निर्णयविरुद्ध काम गर्न सक्ने वातावरण देखिएको छैन। जसको असर भने समस्याग्रस्त घोषणा गरिएका सहकारीको सम्पति व्यवस्थापन र सदस्यहरुको बचत फिर्ता गर्ने प्रक्रियामा परेको छ।

सहकारी क्षेत्रमा मुलुकभित्र भएको भएको सबैभन्दा ठूलो रकम हिनामिना काण्ड मानिने ओरेन्टल कोअपरेटिभ लिमिटेडका पीडितलाई दायित्व भुक्तानी गर्न व्यवस्थापन समितिले अन्तिम तयारी गरिरहेको थियो। समितिले ओरेण्टल सहकारी संस्थासँग सम्बन्धित पीडितहरूको निवेदन आह्वान गरी करिब ७ हजार ६ सय जनाको निवेदन संकलन गरी उक्त निवेदन विद्युतीय प्रणालीमा राख्ने काम अन्तिम चरणमा पुऱ्याएको छ व्यवस्थापन समितिका अध्यक्ष गौरीबहादुर कार्कीको भनाइ छ। त्यस्तै उक्त सहकारीका मुख्य कार्यालयसहित विभिन्न जिल्लामा रहेका शाखा कार्यालय बन्द गराई ती कार्यालयमा रहेको कागजात समितिको कार्यालयमा ल्याई अध्ययन गर्ने र भौतिक सामानहरूको लागत तयार गरी लिलाम बिक्री गर्ने कार्य अगाडि बढाइएको उहाँको भनाइ छ।

सरकारले गत असार १८ गते थप ९ वटा सहकारी संस्थालाई समस्याग्रस्त गरेकोमा ती सहकारीको व्यवस्थापन जिम्मेवारी कसले लिने भन्ने कुरामा पनि अन्योलता देखिएको छ। साविकको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले सदस्यहरूको बचत फिर्ता गर्न नसकेका स्ट्यान्डर्ड, प्यासिफिक, प्रभु, कोहिनुर हिल, कन्जुमर, कुबेर, चार्टर्ड र भोगास बचत तथा ऋणका साथै स्टान्डर्ड मल्टिप्रपोज को-अपरेटिभलाई समस्याग्रस्त घोषणा गरेको हो। २०७० साल मंसिरमा बचत तथा ऋणको कारोबार गर्ने समस्याग्रस्त सहकारीका लागि गठन गरिएको जाँचबुझ आयोगको प्रतिवेदनले १ सय ३२ वटा सहकारीलाई समस्याग्रस्त सहकारी घोषणा गरेको थियो।

# नेप्से घट्यो, कारोबार बढ्यो

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक शून्य दशमलव ४४ अंकले घटेर १ हजार १ सय ९४ दशमलव ३८ को बिन्दूमा कारोबार बन्द भएको छ।

कुल १ सय ७० कम्पनीका १२ लाख ८४ हजार ९४४ कित्ताको शेयर २९ करोड ६१ लाख ५६ हजार २५२ रुपियाँमा खरिद बिक्री कारोबार भएको छ। कारोबार रकम अघिल्लो दिनको तुलनामा ११ करोड १२ लाख बराबरले बढेको छ।

यस दिन सबैभन्दा बढी माछापुच्छ्रे बैंकको शेयर कारोबार भएको छ। बैंकको ६ करोड ३४ लाख ७२ हजार ७२२ रुपियाँको कारोबार भएको थियो।

त्यस्तै सोमबार धेरै कमाउनेमा नेपाल सेवा लघुवित्त वित्तीय संस्था, तिनाउ विकास बैंक र जानकी फाइनान्स कम्पनीका लगानीकर्ताहरू रहेका छन्। धेरै गुमाउनेमा सिटी एक्सप्रेस फाइनान्सका लगानीकर्ताहरू रहेको छ। जसको शेयर मूल्यमा ९ दशमलव ५२ प्रतिशतले घटेको छ।

कारोबारमा आएका १० वटा उपपरिसूचकमध्ये ६ वटा समूह घटेको छ भने ४ वटा समूह बढेका छन्। सबैभन्दा बढी बढनेमा उत्पादक तथा प्रशोधन समूह ४ दशमलव ६६ अंक, फाइनान्स समूह ४ दशमलव १८ अंक, बैंकिङ समूह शून्य दशमलव ७९ प्रतिशत र विकास बैंक समूह शून्य दशमलव २२ अंकले बढेको छ। त्यस्तै सबैभन्दा बढी घट्ने जीवन बीमा २० दशमलव ५१ अंक, निर्जीवन बीमाको १४ दशमलव ७२ अंक, होटल समूह ९ दशमलव ९९ अंक, अन्य समूह २ दशमलव २५ अंक, जलविद्युत् समूह १ दशमलव ३७ अंक र लघुवित्त समूह शून्य दशमलव शून्य ५ अंकले घटेको छ। सोमबार 'क' वर्गका कम्पनीहरूको मापन सेन्सेटिभ परिसूचक भने शून्य दशमलव शून्य ७ अंकले बढेर २ सय ५१ दशमलव ६२ अंकमा पुगेर बन्द भएको छ।

# नक्कली औषधिको कारोबार गर्ने व्यवसायी पक्राउ

विराटनगर, (नेस)

नक्कली औषधिको कारोबार गर्ने गरेको अभियोगमा प्रहरीले विराटनगरबाट एक भारतीयसहित तीनजना औषधि व्यवसायीलाई पक्राउ गरेको छ। मोरङ प्रहरीले आइतबार मध्यरातमा विभिन्न पाँचवटा औषधि पसलमा छापा मारेर २ जना सञ्चालकलाई नियन्त्रणमा लिएको हो।

आइतबार दिउँसो प्रहरीले औषधि बिक्रेता भारत सिलीगुडीमा औषधि व्यापार गर्ने जीवन अग्रवाललाई नियन्त्रणमा लिएपछि विराटनगरसहित अन्य क्षेत्रमा नक्कली औषधि कारोबार हुने गरेको रहस्य खुलेको थियो। अग्रवाल पक्राउ परेपछि अनुसन्धान गरेको प्रहरीले अग्रवालले नक्कली र नेपालमा स्वीकृत नभएका औषधि सप्लाई गर्दै आएको फार्मेसीहरूमा छापा मारेको थियो। प्रहरीले न्यूरो अस्पतालभित्र सञ्चालित लाइफ सर्पोट फार्मेसी, विराट मेडिकल कलेजमा सञ्चालित विराट फार्मेसी, म्याक्स अस्पतालमा सञ्चालित म्याक्स फार्मेसी, गोल्डेन अस्पतालमा सञ्चालित गोल्डेन फार्मेसी र विराट नर्सिङ होममा सञ्चालित फार्मेसीमा छापा मारेको मोरङ प्रहरीका एसपी मनोजकुमार केसीले जानकारी दिनुभयो। सो क्रममा म्याक्स इन्टरनेसनल फार्मेसी सञ्चालक दिपककुमार राय र विराट फार्मेसी सञ्चालक रोशनकुमार चौधरीलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

छापा मारीको क्रममा बरामद भएका औषधिसहित प्रहरीले तीनैजनालाई थप अनुसन्धानका लागि औषधि व्यवस्था विभागमा पठाउने जनाइएको छ। अनुसन्धानको क्रममा एउटा औषधिमा अर्कै लेबल लगाएर बेच्ने गरिएको खुलेपछि प्रहरीले औषधि पसलहरूमा छापा मारेको हो।

PRESS RELEASE

## एनआईसी एसिया बैंक र ओम हस्पिटलबीच सम्झौता



काठमाडौं, (नेस)

एनआईसी एसिया बैंक र ओम हस्पिटल एन्ड रिसर्च सेन्टरबीच बैंकका कर्मचारी, कर्मचारीका परिवार, बैंकको डेबिट तथा क्रेडिट कार्डवाहक तथा बैंकका सम्पूर्ण ग्राहकलाई ओम हस्पिटलमा उपचार गराउँदा हस्पिटलको विभिन्न सेवा सुविधाहरूमा १० प्रतिशतसम्मको छुट प्रदान गर्ने गरी सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा बैंकको तर्फबाट बैंकका चिफ मार्केटिङ अफिसर जयन्द्र रावल र हस्पिटलको तर्फबाट म्यानेजिङ डाइरेक्टर बाबुकाजी कार्कीले हस्ताक्षर गर्नुभयो। बैंकको मुलुकभर २३३ शाखा कार्यालय, २२१ एटीएम, १४ वटा एक्सटेन्सन काउन्टर एवम् १५ वटा शाखारहित बैंकिङ इकाईमार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ। बैंकको वासलातको आकार १७५ अर्बभन्दा बढी पुगेको छ भने कुल निक्षेप करिब १५० अर्ब तथा कुल कर्जा करिब ११९ अर्ब रहेको छ।

## मेगा बैंक र ग्रान्डी अस्पतालबीच सम्झौता



काठमाडौं, (नेस)

मेगा बैंक नेपाल र ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालबीच सेवा आदान प्रदानसम्बन्धी सम्झौता भएको छ। सो सम्झौतामा मेगा बैंककी सहायक नायब प्रमुख कार्यकारी अधिकृत रविना देशराज श्रेष्ठ र ग्रान्डी अस्पतालका व्यापार तथा बजार प्रमुख प्रतिक तिवारीबीच सम्झौतापत्रमा हस्ताक्षर भयो। सम्झौतापत्रमा मेगा बैंकका कर्मचारी, ग्राहक र उनीका परिवारलाई विभिन्न स्वास्थ्य सेवा र सुविधा प्रदान गरिने उल्लेख छ।

सम्झौताअनुसार मेगा बैंकका ग्राहकले १५ सय रुपियाँ तिरेर ११ वटा स्वास्थ्य सेवाको प्याकेज पाउने भएका छन्। प्याकेजमा सीबीसी, ब्लड सुगर फास्टिङ, सम्पूर्ण कोलेस्टोरेल, क्रेटेनाइन, युरिन टेस्ट, एसजीओटी, एकजीपीटी, चेस्ट एक्सरे, इसीजी, चिकित्सक परामर्श र रजिष्ट्रेसन कार्ड रहेका छन्।

यसैगरी, मेगा बैंकको डेबिट तथा क्रेडिट कार्ड प्रयोग गर्ने ग्राहकले उपचारमा साढे ७ प्रतिशत छुट पाउने भएका छन्। ग्रान्डी अस्पतालले उपचारका लागि आकस्मिक रुपमा हेलिकप्टर प्रयोग गर्नुपर्दा मेगाका ग्राहक र उनीहरूको परिवारलाई प्राथमिकता दिने सम्झौता भएको छ।

## अग्नि ग्रुपको कुलेश्वरमा नयाँ शोरुम




काठमाडौं (नेस)

अग्नि ग्रुपअन्तर्गतको बालाजु अटो वर्क्सले महिन्द्रा गाडीको लागि हालै स्पेयर पार्टस्हरू तथा लुब्रिकेन्ट बिक्री गर्ने उद्देश्यसहित काठमाडौंको कुलेश्वरमा आधिकारिक बिक्री कक्षको विस्तार गरेको छ। स्पेयर पार्टस्, एक्सोसरिज एवं लुब्रिकेन्टहरू बिक्री गरिने यस बिक्री केन्द्रको उद्घाटन कम्पनीका अर्जुनप्रसाद शर्माले गर्नु भएको थियो। सो बिक्री कक्षबाट जेन्युन पार्टस् सहज रुपमा उपलब्ध हुने छ विश्वास कम्पनीले लिइएको छ। सन् १९९१ मा नेपालमा स्थापना भएको अग्नि ग्रुप प्रालिअन्तर्गत अग्नि इन्कर्पोरेटेड प्रालि, अग्नि इनर्जी प्रालि, अग्नि मोटोइन्क प्रालि, बालाजु अटो वर्क्स प्रालि रहेका छन्।

## सिटिजन्सको प्रवक्तामा उमंग शर्मा नियुक्त

काठमाडौं, (नेस)



सिटिजन्स बैंक इन्टरनेसनलले प्रवक्तामा उमंग शर्मालाई नियुक्त गरेको छ। करिब १७ वर्ष अघि नबिल बैंकबाट बैंकिङ करियर थाल्नु भएकी शर्मा बैंकिङ क्षेत्रमा एक अनुभवी बैंकरका रूपमा परिचित हुनुहन्छ। शर्मा बैंकको स्थापनाकालदेखि नै कार्यरत हुनुहुन्छ। यस बीचमा उहाँले कर्जा विभागअन्तर्गत उपभोक्ता बैंकिङ युनिट, संस्थागत कर्जा, एसएमई जस्ता क्षेत्रमा उलेख्य काम गर्नु भएको छ। हाल उहाँअन्तर्गत सामान्य सेवा विभाग, मानव संशाधन विभाग र कर्पोरेट कम्युनिकेसन विभाग रहेका छन्।

## रियल स्कुल अफको पोखरा अडिसन सम्पन्न




काठमाडौं, (नेस)

रियल स्कुल अफ नेपाल,२०१८ अन्तर्गत आठौं क्षेत्रीय फाइनल पश्चिमाञ्चलको पोखरा अडिसन सम्पन्न भएको छ। यस प्रतियोगिताबाट विजयी विद्यालय सैनिक अवासीय महाविद्यालय घोषित भएको छ।

विजयी विद्यालयका सहभागी विद्यार्थीहरू देवयानी गुरुङ, रोज मेरी ढुंगाना, सागर मगर ठकुरी, आकाशचन्द्र गौतम, केशव शाही र कुशल थापा मगर हुन्। विजयी विद्यार्थीले काठमाडौंमा सम्पन्न हुने रियल स्कुल अफ नेपाल, २०१८ को अन्तिम चरणको प्रतियोगितामा अन्य विजयी विद्यालयका विद्यार्थीसँग प्रतिस्पर्धा गर्नेछन्।

## एनसीसी बैंक र लुम्बिनी जनरल इन्स्योरेन्सबीच सम्झौता




काठमाडौं, (नेस)

नेपाल क्रेडिट एन्ड कमर्स (एनसीसी) बैंक र लुम्बिनी जनरल इन्स्योरेन्सबीच बैंक्योरेन्समार्फत् ननलाइफ इन्स्योरेन्स पोलिसी बिक्री गर्ने गरी सम्झौता भएको छ। सम्झौताअनुसार एनसीसी बैंकको कर्पोरेट तथा विभिन्न शाखाबाट लुम्बिनी जनरल इन्स्योरेन्सको पोलिसी बिक्री हुनेछ। सम्झौतामा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेशराज अर्याल र इन्स्योरेन्सका तर्फवाट प्रमुख कार्यकारी अधिकृत एनपी प्रधानले संयुक्त रुपमा हस्ताक्षर गर्नुभयो।

## लक्ष्मी बैंकको नयाँ शाखा सानेपामा

काठमाडौं, (नेस)

लक्ष्मी बैंकले उपत्यकाभित्र आफ्नो १७औं शाखाको रुपमा ललितपुरको सानेपामा नयाँ शाखा सञ्चालनमा ल्याएको छ। नयाँ शाखासहित लक्ष्मी बैंकको सञ्जाल ४६ जिल्लामा ९५ शाखा, ३ हस्पिटल सेवा काउन्टर, १०५ एटीएम, २५ सयभन्दा बढी रेमिटेन्स् एजेन्ट तथा ५१ शाखारहित बैंकिङ एजेन्टहरू पुगेको छ। सन् २०१२ देखि सञ्चालनमा आएको बैंकको सहायक कम्पनी लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडले आफ्ना ५९ शाखाहरूमार्फत विभिन्न जिल्लामा हाल २.६ अर्ब भन्दामाथिको लघुकर्जा सुविधा प्रदान गरेको छ।

बैंकको अर्को सहायक कम्पनी लक्ष्मी क्यापिटल मार्केटले सन् २००९ देखि नेपाल धितोपत्र बोर्डबाट इजाजत लिई विभिन्न मर्चेन्ट बैंकिङ सेवाहरू सञ्चालन गर्नुका साथै बैंकको प्रवर्द्धनमा लक्ष्मी भ्यालु फन्ड-१ र लक्ष्मी इक्विटी फन्ड नामक म्युचुअल फन्ड योजना सञ्चालनमा ल्याएको छ। आव २०७४/७५ मा ६७.७४ अर्ब निक्षेप र ६२ अर्ब रुपियाँ कर्जा प्रवाह गर्दै बैंकको वासलातको आकार ८१.३३ अर्ब रहेको छ।

## सेञ्चुरी कमर्सियल बैंकको तीन नयाँ शाखा खुले



काठमाडौं, (नेस)

सेञ्चुरी कमर्सियल बैंकले चितवनको टाँडी, महोत्तरीको बर्दिबास र धनुषाको वीरेन्द्र बजारमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ। उक्त शाखाको उद्घाटन बैंकका अध्यक्ष राजेशकुमार श्रेष्ठले गर्नुभएको थियो। बैंकले काठमाडौं उपत्यकामा १२ शाखा र ६ वटा एक्सटेन्सन काउन्टर र उपत्यका बाहिर ८३ शाखा र २ वटा एक्सटेन्सन काउन्टर साथै १० वटा शाखारहित बैंकिङ गरी जम्मा ११३ स्थानबाट कारोबार सञ्चालन गरिरहेको छ। बैंकको गत असार मसान्तसम्म कुल निक्षेप ६१ अर्ब ३२ करोड तथा कुल कर्जा ५५ अर्ब रहेको छ।

# एन्फाले ५ खेलाडीसँग लिखित जवाफ माग्यो



नेपाल समाचारपत्र

काठमाडौं

आउँदो एसियाली खेलकुद र साफ च्याम्पियनसिपको तयारीमा रहेको नेपाली राष्ट्रिय फुटबल टोलीका ५ खेलाडी एन्फाको कारबाहीमा पर्ने भएका छन्। जसमा नेपालका उत्कृष्ट खेलाडी विमल घर्तीमगरका साथै अञ्जन विष्ट, हेमन्त थापामगर र विशाल राई र नयाँ खेलाडी छिरिङ शेर्पा रहेका छन्। यी खेलाडीले गत शुक्रबार अनुशासन तोडेको आरोप लागेपछि ७२ घण्टाभित्र (मंगलबारसम्म) लिखित स्पष्टीकरण दिनुपर्ने एन्फाले जनायो।

उनीहरूमाथि आरोप डिस्को गएको र मादक पदार्थ गरेर हो हल्ला गरेको छ। तर सार्वजनिक भएको खबरभन्दा भिन्नै छ उनीहरुको मौखिक स्पष्टीकरण। उनीहरुले बताएका थिए कि उनीहरुका साथीको घरमा गएका थिए। तर एन्फाले मौखिकमा चित्त नबुझेपछि उनीहरुसँग लिखित स्पष्टीकरणको माग गरिएको हो।

शुक्रबार नेपाली टोली एसियाली खेलकुद र साफ च्याम्पियनसिपका लागि थाइल्यान्डमा अभ्यास खेल खेल्न त्यतातिर जाँदै छ। यदि उनीहरुलाई कारबाही भएमा नेपाली टोलीका लागि घाटा पनि हुने पक्का छ। उनीहरुसँगै टिम मेनेजर बाबुकाजी महर्जन र होस्टेल वार्डेन टक्कर थापालाई पनि सो घटनाबारे तीन दिनभित्र लिखित स्पष्टीकरण दिनुपर्ने भएको छ। त्यस्तै होस्टेलको सेक्युरिटी कम्पनी गरुडलाई पनि ७ दिनभित्र घटनाबारे स्पष्टीकरण दिन एन्फाले जनाएको छ।

एन्फाका प्रवक्ता किरण राईले *नेपाल समाचारपत्र*लाई बताउनुभयो- 'मौखिकमा त्यति चित्त बुझ्दो भएन। उनीहरुसँग लिखित जवाफ मागेका छौं। खेलाडीको जवाफपछि मात्रै कारबाही कस्तो हुन्छ भन्ने निर्णय हुनेछ। त्यो पनि छलफलबाट हुनेछ। खेलाडीले साथीकोमा गएको तर डिस्को नगएको भन्ने जवाफ दिएका छन्। तर पनि यस विषयमा राम्ररी नै छानबिन गर्नु आवश्यक पनि छ।'

# मैले नाटक गरेको हुँ

साओ पाउलो, (एजेन्सी)

नेयमारले रुसमा हालै सम्पन्न विश्वकप दौरान खेलमा नाटकीय स्वभाव अति बढेको स्वीकार गरेका छन्। खेलमा फाउल हुँदा उनले अति नाटकीय ढंगले प्रतिक्रिया दिएको बताएका हुन्। आइतबार जारी गरेको सुधार ल्याउने पनि बताएका थिए।

नेयमारले विश्वकपमा दुई गोल गरेका थिए। ब्राजिलको टोली क्वार्टरफाइनलबाटै बिदा भएको थियो। टोली विश्वकपमा तेस्रो स्थानमा रहेको बेल्जियमसँग २-१ गोलअन्तरले हारेको थियो।


मैदानमा फाउलपछि उनले डाइभ गरेको, पल्टेको र रेफ्रीसँग मुखामुख भएको खेलमा देखिन्छ। उनले बताए- 'म आफूभित्रको युवा जोशलाई जीवित राख्न लड्छु। तपाईंलाई लागेको होला म धेरै लड्छु तर म लडेको होइन। म टुटेको हुन्छु। मैले आलोचना स्वीकार गर्न लामो समय लिए। मैले स्वयम् आफूलाई



भिडियोमा नेयमारले पहिलो पटक आलोचना स्वीकार गरेको दर्साए। उनले यस्तो अति नाटकीय प्रदर्शनमा दर्साएको पीडालाई नाटकबाजीको संज्ञा दिएर धेरै आलोचना भएको थियो। उनलाई अक्सर खेलमा लडेको, ऐनामा हेरेर स्वभाव परिवर्तनको वाचा गर्न धेरै समय लिएँ। तर जो लड्छ त्यही फेरि उठ्छन्।'

## धरहरा

### बुझ्नै गाह्रो



काठमाडौंबासीलाई चिने पनि बुझ्न धेरै गाह्रो छ। टोलबस्ती सरसफाइ, ढल मर्मत र अन्य सार्वजनिक कार्यक्रममा जुट्नुपर्‍यो भने धेरै व्यस्त हुन्छन्, हप्तौंसम्म उनको कार्यसूची प्याक हुन्छ। तर भोजभतेर र फेमेली पिकनिक जानुपर्‍यो भने तत्कालै फुर्सद मिल्छ।

साधुसन्त र अन्य दीनदु:खी दक्षिणा माग्न टोलबस्तीमा आउँदा काठमाडौंबासी घरभित्रै गुपचुप रहन्छन्। त्यस्तो अवस्थामा घर मात्रै होइन, समग्र टोल नै सुनसानझैं हुन्छ। अनि घरभित्रचाहिं भगवान्को आराधना, जयजयकार र पूजापाठ चलिरहन्छ। आजकल त फेसबुक र अन्य सामाजिक सञ्जालले पनि निकै व्यस्त बनाएको छ शहरबासीलाई।

तर टोलबस्तीमा २/४ दिन फोहोरवाला झुल्किएन भनेचाहिं शहरबासीका आँखा र कान टोलतर्फ तन्किन्छन्। फोहोरवाला आएको सुइँको मात्रै पाए भने राम्रोसँग सिठी नबज्दै घरघरबाट फोहोरका पोका पन्तुरा झ्याइँकुटी पार्दै ग्वारग्वार्ती बाहिरिन्छन्। त्यस्तो दौडधुप देख्दा लाग्छ, टोलबस्तीमा सरकारले ठूलै राहत प्याकेज बाँढिरहेको छ। बुझिनसक्नु छ काठमाडौंबासीलाई।

# सनी पहिलो

काठमाडौं, (नेस)

बज्र फाइटको दोस्रो संस्करणअन्तर्गत आर्मीका सनीसिंह सुनुवार पुरुष ७६ केजीतर्फ पहिलो भएका छन्।

त्रिपुरेश्वरस्थित कभर्डहलमा भएको सो तौल समूहको फाइनलमा सनीले रेज फिट्नेसका कोसिस श्रेष्ठलाई पराजित गरे। नेपाल क्योकुसिन कराते डो संघ (बज्र)द्वारा आयोजित प्रतियोगिताको पुरुष ४८ केजीमुनि आर्मीका राजकुमार यादवले एमएमए क्लबका अखिम राई, ५५ केजीमुनि केन्द्रीय डोजोका महेश भुजेलले एमएमएका असीम लामा, ६२ केजीमुनि आर्मीका चोपबहादुर बुढाथोकीले सो क्योकुसिनका पेमा छिरिङ तामाङ तथा ६९ केजीमा आर्मीका विकास गुरुङले सो क्योकुसिनका सुनील महर्जनलाई हराउँदै पहिलो स्थान हात पारे। महिला ७१ केजीमुनि फाइनलमा आर्मीकी मञ्जु विकले एमएमएकी साम्या मगरको चुनौती समाप्त पार्दै स्वर्ण चुमिन्। विजेतालाई आयोजक संघका अध्यक्ष जगतप्रसाद गौचन, प्रथम उपाध्यक्ष पुष्पमान मानन्धर र उपाध्यक्ष रामजीप्रसाद वज्राचार्यले एक कार्यक्रमबीच पुरस्कृत गरे। सबै स्पर्धामा नगद पुरस्कार रहेको थियो।

# ओजिलको समर्थनमा जर्मन प्रशंसक

बर्लिन, (एजेन्सी)

मेसुट ओजिलले अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास लिएपछि उनको समर्थनमा करिब सयौं जर्मन प्रशंसक बर्लिन शहरमा जम्मा भएका छन्।

ओजिलले टर्कीसँगको सम्बन्धप्रति रंगभेद र अपमान उनीमाथि गरेको भन्दै जर्मन फुटबलको जर्सी नलगाउने निर्णय लिएका हुन्। बर्लिनमा आइतबार जम्मा भएका उनका समर्थकले आई एम ओजिल लेखिएको टिशर्ट लगाएका थिए। उनीहरुले टर्की र जर्मनीको झण्डा फहराएर आर्सेनलका मिडफिल्डरसँग रहेको दर्साए।











आयो है गाईजात्रे तन्त्र
पठाउनुहोस् तपाईंको व्यंग्य र कार्टुन मन्त्र

आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आए'नि असारमै काम गर्नुपर्ने?
मेलम्ची र सडक विस्तारको बहानामा खाल्डै खाल्डो भयो शहर
चल्ला नचल्ला पानीजहाज र रेल, वर्षाको पानी जम्दा जनता डुब कि मर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने बहुमतको सरकार आउँदासम्म सधैं उस्तै सास्ती।
दोषीचाहिं छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो गर्दै रोएजस्तो गर्ने कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुटियो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ सास्तीमाथि सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् उस्तै मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् झनै भयो जनतालाई झुक्याइरहने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
भान्छा भान्छामा ग्यास पुर्‍याइदिने वचन पूरा गरिदियो भक्तपुरको वर्षाले
नेताले भाषण दिइरहने, जनताले पत्याइरहने, जनता लड्िरहे यस्तै नशाले।
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति, सुध्रिएनन् नेता र मन्त्रीका मति।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको ३५ वर्षदेखिको यही हो धोको।

व्यंग्य लेखक, कार्टुनिस्ट घुँडा धसी बस
जनतामारा फटाहालाई जति सक्छौ घोच।
छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्यचित्र
यही साउन २१ म्याद यसको, पठाऊँ यहीभित्र।

हरेक साल उत्कृष्ट छ, परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
पो. ब. नं. २०४५
ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ